परिच्छेद : एक

# शोध परिचय

## १. विषय परिचय

चालिसको दशकदेखि निरन्तर साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका साहित्यिक व्यक्तित्व कृष्ण उदासीका नौ वटा कृति प्रकाशित छन् । यस्तै एउटा अन्तर्राष्ट्रिय रक्सी भट्टी नाटक मञ्चन भए तापनि प्रकाशोन्मुख छ । कथा, उपन्यास, कविता, गजल र एकाङ्कीका क्षेत्रमा कलम चलाएका उदासीले विशेष गरेर नाटकका क्षेत्रमा बढी कलम चलाएको पाइन्छ । करिब एक सय नाटक, रेडियो नाटकमा लेखन, निर्देशन र अभिनय गरेका उदासीका तीन वटा एकाङ्की सङ्ग्रह प्रकाशित छन् । एकाङ्की प्रकाशनका दृष्टिले युद्ध पिरामिड तेस्रो एकाङ्की सङ्ग्रह हो, जुन एकाङ्कीले काजी रोशन साहित्य राष्ट्रिय पुरस्कार सम्मान पाइसकेको छ । विकृति र विसङ्गतिलाई चिर्दै वर्तमान युगमा विज्ञान र प्रविधिले गर्दा समग्र विश्व जगत्मा देखिएको त्रासदीपूर्ण अवस्था र नारीले झेल्नुपरेका अवस्थालाई यस एकाङ्कीमा समावेश गरिएको पाइन्छ । सामाजिक सन्दर्भमा महत्त्वपूर्ण विषय रहेका एकाङ्कीको अध्ययन हुन आवश्यक देखिएकाले यस शोधमा उनको **युद्ध पिरामिड** एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ ।

## २. शोध शीर्षक

यस शोध पत्रको शीर्षक **युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## ३. शोध प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## ४. समस्या कथन

युद्ध पिरामिड एकाङ्की कृतिपरक अध्ययन गर्दा निम्न समस्याहरू रहेका छन् :

क) कृष्ण उदासीको कृतित्व कस्तो छ ?

ख) कृष्ण उदासीको युद्ध पिरामिड भित्रका एकाङ्कीको रचना कसरी गरिएको छ ?

ग) युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा सङ्गृहीत एकाङ्कीको उपलब्धि के कस्तो रहेको देखिन्छ ?

## ५. उद्देश्य

शोध समस्यामा प्रस्तुत समस्याको निराकरण नै शोधको मूल उद्देश्य रहेको छ। सोहीकारण उद्देश्यका रूपमा निम्न बुँदा राख्न सकिन्छ :

क) कृष्ण उदासीको व्यक्तित्व र कृतित्व बारे जानकारी गराउने।

ख) युद्ध पिरामिड एकाङ्की सङ्ग्रहका एकाङ्कीका आधारभूत रचना मान्यता प्रस्तुत गर्ने।

ग) युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा सङ्गृहित एकाङ्कीका उपलब्धिको निरूपण गर्ने।

## ६. पूर्वकार्यको विवरण

साहित्यका विविध विधामा कलम चलाए तापनि एकाङ्की विधामा कृष्ण उदासीको कलम सशक्त रूपमा अगाडि बढेको देखिन्छ। हालसम्म उनी र उनका कृतिका बारेमा सामान्य टिप्पणी, चर्चा र परिचर्चा भए पनि गहन अनुसन्धान भएको पाइँदैन । यिनका एकाङ्कीका सम्बन्धमा विभिन्न साहित्यकार, पत्रकार एवम् समालोचकले राखेका आ-आफ्ना दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

१ कृष्ण उदासीको **युद्ध पिरामिड** लघु-नाटक सङ्ग्रह अन्तर्गतका नाट्यकृतिहरू नाट्यप्रविधिका दृष्टिले प्रयोगोन्मुख र अन्तर्वस्तुका सम्बन्धमा चिन्तनधर्मी एवम् मानवीय रूपमा तीव्र संवेदनायुक्त रहेको हुँदा यसबाट समकालीन नेपाली नाट्य जगत्‌लाई नयाँ दिशा र थप बैशिष्ट्य प्राप्त हुने म ठान्दछु (त्रिपाठी, २०६२, मन्तव्य)।

२ मोहनराज शर्माले कृष्ण उदासीले **युद्ध पिरामिड** एकाङ्की सङ्ग्रहमा वर्तमान मार्मिक यथार्थलाई पक्री मानव जीवनका विविध सकस, अप्ठ्यारा, डाहा, छटपटी, खजमज, अमिल्दोपन, अभाव, शून्यता, साँगुरोपन, पीरमर्का, थिचोमिचो, भ्रष्टता, ह्रास आदिलाई आत्मसात् गरेर कलात्मक अभिव्यक्ति दिएका छन् । मानवीय दुर्नियतीसँग सम्बद्ध विभिन्न विषयको उनले सफल नाटकीकरण गरेका छन् र

तिनलाई सशक्त व्यङ्ग्यचेतका साथ शब्दको भोटो फेराएका छन् (शर्मा, २०६२, युद्ध पिरामिडलाई नियाल्दा) ।

३ **युद्ध पिरामिड** कृष्ण उदासीको नवीनतम कृति हो । यसमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय युद्ध विभीषिकाले जन्माएको मानवीय सन्त्रासलाई उपस्थित गर्दै जाँदा मानवता कुण्ठित हुन गएको छ । यस तथ्यलाई नाटकका माध्यमबाट शल्यक्रिया गर्न नाटककार चतुर देखिएका छन् । वर्तमान नेपाली साहित्यको नाट्य क्षेत्रका लागि यो उपलब्धीमुलक कृति हुन जाने छ । (धवलागिरि साहित्य प्रतिष्ठान, २०६२, बागलुङ, सम्पादकीय)

४ वि. सं. २०५० पछि समसामयिक नाट्यधारामा देखा परेका प्रभावशाली पोखरेली नाटककार हुन्-कृष्ण उदासी । उदासी नाटक निर्देशक पनि हुन् । उनका नाटकमा वस्तुगत र प्रवृत्तिगत दुवै दृष्टिले समकालीन जीवनका प्रतिच्छाया पाइन्छन् । समकालीन जीवनवोधका यथार्थ, विसङ्गति, समस्या र प्रयोगात्मक चेत उदासीको नाटकमा पाइने विशेषता हो (यात्री : २०६८ : ६६) ।

एकाङ्कीकार कृष्ण उदासी र उनको **युद्ध पिरामिड** एकाङ्की सङ्ग्रहका सम्बन्धमा जे जति चर्चा भएको छ त्यो चर्चा सामान्य छ । एकाङ्कीको सैद्धान्तिक आधारमा युद्ध पिरामिड एकाङ्कीको विश्लेषण गरिएको हो ।

## ७. शोध कार्यको औचित्य

एकाङ्कीकार कृष्ण उदासी सशक्त रूपमा कलम चलाउने एकाङ्कीकार हुन् । उनका **अन्तिम संहार** (२०५८) **अग्निकुण्ड** (२०५९) र **युद्ध पिरामिड** (२०६२) एकाङ्की प्रकाशित भइसकेका छन् । उनको पछिल्लो एकाङ्की सङ्ग्रह युद्ध पिरामिड २०६२ सालमा काजीरोशन साहित्य पुरस्कारद्वारा पुरस्कृत कृति हो । यस सङ्ग्रहमा सङ्गृहीत कतिपय एकाङ्की रङ्गमञ्चमा प्रदर्शित भइसकेका छन् । उनका प्रकाशित कृतिमध्ये **युद्ध पिरामिड** एकाङ्की सङ्ग्रहको हालसम्म अध्ययन भएको पाइँदैन । त्यसैले यस एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन र विश्लेषण हुनु औचित्यपूर्ण देखिन्छ । यस अध्ययनले सम्बद्ध कृतिका बारेमा विश्लेषणात्मक समीक्षा प्रस्तुत गर्ने हुँदा शोधपत्रको औचित्य र महत्त्व स्वतः प्रष्ट हुन्छ ।

## ८. प्राक्कल्पना

यो शोधपत्र तयार गर्न निम्नानुसारको प्राक्कल्पना गरिएको छ

क) एकाङ्कीको सैद्धान्तिक आधारमा युद्ध पिरामिड एकाङ्की सङ्ग्रहका एकाङ्की लेखिएका छन् ।

ख) एकाङ्कीकार कृष्ण उदासीका एकाङ्कीमा राष्ट्रप्रेम, समाज सुधारको चाहना, विज्ञान र प्रविधिका कारण देखिएका विभिन्न त्रासदीपूर्ण घटनाप्रति शान्तिको कामना, शोषित पीडित वर्गप्रति सहानुभूति, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको सामाजिक यथार्थवादी विचार पाइन्छ ।

## ९. शोधकार्यको सीमाङ्कन

साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएका साहित्यिक स्रष्टा कृष्ण उदासीले कथा, कविता, उपन्यास, नाटक, गजल र एकाङ्की लेखेका छन् । यो अध्ययन पत्रमा उदासीका कथा, कविता, उपन्यास, नाटक र गजलको अध्ययन नभएर **युद्ध पिरामिड** एकाङ्की सङ्ग्रहको मात्र अध्ययन यसको सीमाङ्कन रहने छ ।

## १०. सामग्री सङ्कलन विधि तथा सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध कार्यका लागि मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा गरिएका टीका टिप्पणी वा समीक्षालाई सहायक सामाग्रीका रूपमा लिइएको छ । शोधपत्रका क्रममा सम्बन्धित स्रष्टा, प्राध्यापक, समालोचक एवम् सङ्घ-संस्था र शोध निर्देशकबाट प्राप्त राय, सुझावलाई पनि आधार मानिएको छ ।

## ११. शोधको रूपरेखा

प्रस्तुत शोधलाई सुव्यवस्थित गर्न निम्नानुसारको परिच्छेदमा विभाजन गरिएको छ ।

क) परिच्छेद एक - शोध परिचय

ख) परिच्छेद दुई - एकाङ्की सिद्धान्त र नेपाली एकाङ्कीको विकासक्रम

ख) परिच्छेद तीन - कृष्ण उदासीको परिचय

ग) परिच्छेद चार - युद्ध पिरामिड एकाङ्कीको अध्ययन

घ) परिच्छेद पाँच - युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको विश्लेषण

ङ) परिच्छेद छ - उपसंहार तथा निष्कर्ष

परिच्छेद : दुई

# एकाङ्की सिद्धान्त र नेपाली एकाङ्कीको विकासक्रम

## २.१ एकाङ्कीको सैद्धान्तिक परिचय

एकाङ्कीको शाब्दिक अर्थ एक मात्र अङ्क भन्ने लागदछ । एकाङ्की अङ्कको आधारमा विभाजन गरिएको एक विशेष नाट्य प्रकार हो । नाटक विधालाई अङ्कको दृष्टिले दुई वर्गमा विभाजन गरिएको पाइन्छ । एकाङ्की र पूर्णाङ्की अङ्कका आधारमा पूर्णाङ्की र एकाङ्की भनेर नाटकको विभाजन गर्दा एकाङ्की पूर्ण नाटक होइन भन्ने भ्रम जाग्न सक्छ तर नाट्यकलाका दृष्टिले एकाङ्की आफ्नै छुट्टै शिल्प सौन्दर्य भएको सम्पन्न विधा हो । यो पूर्णाङ्की नाटक भन्दा अधूरो-अपूरो हुँदैन । एकाङ्कीको उत्पत्ती वा सुरुवात के कसरी भयो भन्ने विभिन्न तर्कहरू रहेको पाइन्छ । वास्तवमा एकाङ्कीको सुरुवात पश्चिमी वा अङ्ग्रेजीबाट भित्रिएको हो भन्ने कुरा विशेषज्ञहरूको भनाइ रहेको छ । हुन त संस्कृतमा पनि छोटा नाटक नभएका होइनन् । तिनीहरूलाई रूपक भनेर चिनिन्छ तर नेपाली भाषामा अहिले देखिएका एकाङ्कीहरू अङ्ग्रेजी भाषाबाट आएको मानिन्छ ।

आधुनिक एकाङ्कीको व्यापक प्रचलन इसाको ४० औं शताब्दीको प्रारम्भिक समयदेखि भएको हो तापनि एक अङ्की नाट्य प्रकारको प्रचलन प्राचीन कालदेखि नभएको होइन्छ । संस्कृत नाट्य साहित्यमा आजको नाटक विधा बुझाउने तत्कालिन शब्द रूपकका अनेक भेद-उपभेद मध्ये छोटा-छोटाखालका नाटकका अनेक प्रकार पाइनुका साथै हाँस्य रूप प्रधान भएको रूपकको एक भेद जस्ता कुनै न कुनै भेद एक अङ्कमा पाइन्छन् । रूपकका विभिन्न भेद-प्रभेदहरू रस, पात्र, विषयवस्तु र वृत्ति जस्ता विविध पक्षका आ-आफ्ना बैशिष्ट्यका आधारमा विभक्त छन् । तर संस्कृत नाटकको छोटो खाले वा एक अङ्कका भेदबाट आजको एकाङ्कीको विकास भएको चाहि होइन ।

पश्चिमी साहित्यमा पनि एक अङ्कका नाटकको प्रयोग १० औं शताब्दी देखि हुँदै आइरहेको भेटिन्छ । जुन बेला इसाई धर्मका आश्चर्य पूर्ण साना कथाहरू नाटकका रूपमा खेलिन्थे र तिनको उद्देश्य धर्म प्रचार तथा नैतिकताको सन्दर्भ प्रदान गर्नु नै हुन्थ्यो । विस्तारै समय परिवर्तनसँगै यस्ता साना र लघुनाटकहरूले धर्मप्रचार र नैतिकताको सन्दर्भको उद्देश्यमात्र नअँगाली प्रेक्षकको मनोरञ्जनको उद्देश्य पनि अँगाल्न थाले र यस

क्रममा साना वा लघु आकारका यस्ता नाटकले साहित्यिक तथा कलात्मक रूप हासिल गर्दै आएको पाइन्छ । १९ औं शताब्दीको अन्त्यतिर युरोपका ठूला नगरहरूमा अलि चाँडै नाटक हेर्न आउने दर्शकहरूलाई नाटक सुरु नहँदै पर्खिरहन झर्को र पट्यार लाग्दो नहोस् भनेर मूल नाटकको प्रदर्शन भन्दा अगाडि साना-साना नाटकहरूको प्रदर्शन गर्ने प्रचलन चल्यो । औद्योगिक क्रान्ति पछि युरोपियनहरूमा समयको अभाव हुन थाल्यो र तिनीहरूले नाटक भन्दा एकाङ्की हेर्न थाले जसले गर्दा पनि एकाङ्कीको महत्त्व बढ्न थाल्यो । २० औं शताब्दीको प्रारम्भमा राम्रा एकाङ्कीहरू देखा परेर । बेलायत, फ्रान्स, अमेरिका, रुस, जर्मन आदि मुलुकमा एकाङ्कीको व्यापक प्रचलन बढ्यो र ती राष्ट्रका साहित्यमा एकाङ्की साहित्यको रूपमा फैलिदै नेपाली भाषामा पनि देखा पर्न थाल्यो । एकाङ्कीको परिभाषा दिने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नो मत निम्नानुसार प्रकट गरेको पाइन्छ ।

### २.१.१ सिडनी बक्सका अनुसार

एकाङ्की अति सूक्ष्म चरित्रचित्रण गर्ने साहित्य रूप होइन । यो अनिवार्यतः एकोद्देश्यमा केन्द्रित हुनुपर्दछ र यसका लागि एकाङ्कीकारले एकाङ्की रचना कडा अनुशासनको पालना गर्नु पर्दछ । यसको प्रभाव र परिस्थितिको एकतामा जोड दिनुपर्दछ र एक पात्र वा समूहमा मुक्त सरोकार केन्द्रित गर्नु पर्दछ (उपाध्याय, २०४५ पृ.ग) ।

नेपाली एकाङ्की क्षेत्रमा एकाङ्कीको सुरुवात गर्ने प्रतिभामध्येका प्रमुख बालकृष्ण सम भन्छन्,-'यसमा एउटै विषय, एउटै समय र एउटै अङ्कका दृश्य हुनु आवश्यक छ । एक र अनेक, अनेकमा जतिटुक्रा पनि हुन सक्दछ, तर एकमा एक चोटी नटुटेको सिङ्गो हुनुपर्दछ छोटो, सानो भए पनि । यो घोडदौडको एक दौड जस्तो हो, जसमा विश्राम हुनुहुँदैन । जसलाई दर्शकहरू सासको गति रोकेर भने जस्तो आँखा झिम्म नगरेर भने जस्तो हेर्छन् । दौडको बीचमा उनीहरू जति कराउँछन् उसका मस्तिष्क अवाक् रहन्छन्, खेलको छिनाफाना भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको बोधबाट खुस्कन्छन् । अनि खुकुलो भएर बगैंचामा जस्तो कुरा गर्न थाल्छन् । यसमा दृष्यको अन्त्य नै पूर्ण विराम हो, जसमा एक कथानक वाक्य टुङ्गिन्छ । एकाङ्की नाटकको रस बेग्लै छ जुन एकाग्रचित्तले मात्र पिइन्छ' (उपाध्याय, २०४५ : छ) ।

### २.१.२ नेपाली शब्दकोशका अनुसार

एक अङ्क मात्र भएको वा हुने आफैमा पूर्ण, छोटो नाटक, एक अङ्क मात्र हुने एक प्रकारको दृष्यकाव्य (पोखरेल, २०४० : १५८) । यसरी एकाङ्कीको सैद्धान्तिक चर्चा विद्वानहरूले गरेको पाइन्छ । विभिन्न विद्वानहरूको विचारलाई केलाउँदा एउटा मात्र अङ्क भएको संक्षिप्त रूप एकाङ्की हो भन्ने कुरा प्रष्ट हुन्छ । जसले जीवनको कुनै क्षणको अवस्थालाई मात्र प्रस्तुत गर्दछ ।

नाटक र एकाङ्कीमा पनि यही भिन्नता देखाइएको छ र रामचन्द्र पोखरेलद्वारा लिखित नेपाली नाटक सिद्धान्त र समीक्षामा नाटक र एकाङ्कीको भिन्नता प्रस्तुत गर्ने क्रममा लेखिएको छ, छोटो समयम मानव जीवनको विशिष्ट क्षणलाई चित्रण गर्नु एकाङ्कीको उद्देश्य हो (पोखरेल, २०६२ : ९७) । निचोडमा के भन्न सकिन्छ भने एकाङ्की भनेको आफैमा पूर्ण जीवनको विशिष्ट क्षणलाई बुझ्न सकिने लामो समय खर्चिनु नपर्ने नाट्य कलाको प्रस्तुति हो ।

## २.२ नेपाली एकाङ्कीको सङ्क्षिप्त इतिहास

आधुनिक नेपालको निर्माण भएको तीन दशक जति पछि पं.भवानी दत्त पाण्डेले प्रस्तुत गरेको मुद्राराक्षसको रूपान्तर पं. शक्तिबल्लभ अर्ज्यालले गरेको हाँस्य कदम्बको रूपान्तरणका साथ नेपाली नाटकको इतिहास आरम्भ भएको मानिन्छ । आधुनिक नेपाली नाटक र रङ्गमञ्चको इतिहास भने बालकृष्ण समको उदयका साथ भएको देखिन्छ र नेपालमा समले नै पहिलो एकाङ्की लेखेर मञ्चित समेत गराएको थाहा पाइन्छ (उपाध्याय, २०४५ : १) । नेपालीमा मौलिक पूर्णाङ्की लेखिएको अढाई दशक पछि एकाङ्की लेखन आरम्भ भएको हो र यो आरम्भ भारतीय नेपाली साहित्यमा लेखिएको ‘आत्माभिमान’बाट भएको हो भन्ने दाबी गरिएको छ तर त्यसको पूर्णपाठ देखिएको छैन ।

नेपालमा भने बालकृष्ण समले १९९० सालमा लेखेको र मञ्चित पनि गरेको पहिलो एकाङ्की ‘प्रेम’ हो भन्ने थाहा भएको छ । प्रकाशनका दृष्टिले भने नेपालमा भीमनिधि तिवारीको काशीवास (वि.सं.१९९८) पहिलो एकाङ्कीका रूपमा देखिएको छ । नेपालको एकाङ्कीको इतिहास नब्बेको दशकमा आरम्भ भएको देखिन्छ र बोक्सी र लक्ष्यहीनको प्रकाशनका साथै एकाङ्कीको सिद्धान्त समेत प्रकाशित गरेर शारदा (नवर्षाङ्क वैशाख १९९९) ले यस नाट्य भेदलाई स्थापित गर्नमा ऐतिहासिक योगदान दिएको छ ।

## २.३ नेपाली एकाङ्कीको विकासक्रम

नेपाली एकाङ्कीको अवस्था हेर्ने हो भने १९९० सालबाट हेर्न सकिन्छ । हालसम्मको यसको अवस्थालाई विभिन्न चरणमा विभाजन गरेर हेर्न सकिन्छ । नेपाली एकाङ्कीको अहिलेसम्मको ऐतिहासिक पृष्ठभूमि र एकाङ्कीको समयानुरूप स्वरूप र प्रवृत्तिका अधारमा निम्न चरणहरूमा विभाजन गरिएको पाइन्छ :

१) पहिलो चरण वि.सं. (१९९०-२००७)

२) दोस्रो चरण वि.सं. (२००८-२०१७)

३) तेस्रो चरण वि.सं. (१०१८-२०४६)

४) चौथो चरण वि.सं. (२०४७-२०६५)

### २.३.१ पहिलो चरण वि.सं. १९९०-२००७ सम्म

सन् १८५० मा जङ्गबहादुरको युरोप यात्रा पछि थापाथली स्थित आफ्नै दरबारमा अङ्ग्रेजी स्कुलको थालनी गरी नेपालमा आधुनिक शिक्षाको प्रवेश गराएको पाइन्छ । त्यही प्राइभेट स्कुल पछि दरबार स्कुलमा परिणत भई सर्वसाधरणका छोराछोरीहरूले पनि अध्ययन गर्ने अवसर प्राप्त गरेको पाइन्छ । त्यसपछि सन् १९१९ मा त्रिचन्द्र कलेजको स्थापना, १९५८ सालमा गोरखापत्र प्रकाशनको थालनी आदिको शुरुवात भई नेपालमा जन चेतनाको लहरका साथै आधुनिक शिक्षाको प्रारम्भ भएको पाइन्छ ।

यसरी १९९० देखि २००७ सालसम्म कायम रहेको पहिलो चरण नेपालको नेपाली एकाङ्कीको उद्‌भव आरम्भिक चरण हो । यही नब्बेको दशकमा नै मुटुको व्यथा (वि.सं. १९८५) का साथ प्रकट भएका बालकृष्ण समको मुकुन्द इन्दिरा (वि.सं. १९९४) कवि शिरोमणि लेखनाथ पौड्यालको लक्ष्मी पूजा (वि.सं.१९९४) तथा भीमनिधि तिवारीको सहनशील (वि.सं. १९९५) पातिव्रत्यको महिमा देखाउने नाट्‌य क्षेत्रमा यो आदर्शवादी कै बोलवाल रहेको दशक हो । आदर्शवादको परम्परा २००३ सालमा गएर गोपाल प्रसाद रिमालको मसान प्रकाशनमा नआएसम्म कायम रहेको पाइन्छ । यसपछि यथार्थवादको युगको आरम्भ भएको पाइन्छ । यसै सम्बन्धमा बालकृष्ण समले 'बोक्सी' प्रकाशनमा ल्याएर मनोवैज्ञानिक यथार्थवादी एकाङ्कीको शिलान्यास गरेको कुरा उल्लेख गरेको पाइन्छ । यसै समयमा पुष्कर शमशेरले लक्ष्यहीन लेखेर शून्यवादी नाट्‌यलेखनको बिजारोपण गरेको कुरा पनि उल्लेख्य छ । भीमनिधि तिवारीले भने काशीवास लेखेर आदर्शोन्मुख यथार्थवादी धाराकै अनुशरण गरेको देखिन्छ ।

### २.३.२ दोस्रो चरण वि.सं.२००८-२०१७ सम्म

यस अवधीमा नेपालमा राणाकालको अन्त्य र प्रजातन्त्रको अभ्युदयसँगै विभिन्न चेतनामूलक एकाङ्कीहरू रेडियो नाटकहरू लेखिएको पाइन्छ । २००८ सालमा सेवा, झङ्कार (रेडियो पत्रिका) प्रगति तथा २०११ सालमा जनसाहित्य, वि.सं. २०१३ मा धरती र नौलो पाइलो, २०१५ सालमा स्वास्नी मान्छे र २०१६ सालमा साहित्य र प्रहरी तथा २०१७ सालमा इन्दु, नेपाली त्रैमासिक, दर्पण र रूपरेखा जस्ता साहित्यिक पत्रिका प्रकाशनमा आए । २००८ सालमा बालकृष्ण समको कलामण्डल पुनरुत्थान भएको देखिन्छ । २००७ साल अगाडि देखा परेका बालकृष्ण सम, भीमनिधि तिवारी, विजय मल्ल तथा हृदयचन्द्र सिंह प्रधान आदि एकाङ्कीकार नयाँ उत्साह र ऊर्जाका साथ एकाङ्की लेखनमा क्रियाशील देखिन्छन् ।

### २.३.३ तेस्रो चरण वि.सं. १०१८-२०४६ सम्म

यस चरणमा पञ्चायतकालको विशेष प्रभावका कारण कतिपय लेखन कार्यमा अवरोध देखिए पनि लेखकहरूले कलम चलाइरहेको पाइन्छ । यस कालखण्डमा सामाजिक, मनोवैज्ञानिक र ऐतिहासिक एकाङ्कीको लेखन भएको पाइन्छ । यस चरणका एकाङ्की र एकाङ्कीकारहरू निम्न रहेका छन् : रमेश विकल वि.सं.(१९८५) २०२० सालमा मोडर्न हस्बेन्ड, आइ मिन आधुनिक पति, (रचना, लेखा २, विन्दु ४) शीर्षक हास्य व्यङ्ग्यात्मक एकाङ्कीका साथ देखा परेका हुन् । सप्तरङ्ग (वि.सं. २०३९) र मान्छे, वैभव र मृत्यु ( वि.सं. २०५६) रहेका छन् । अर्का एकाङ्कीकार मोहनराज शर्मा (वि.सं.१९९७) ले २०२३ सालमा आफ्नो बाटो शीर्षकमा प्रयोग धर्मी एकाङ्की (भानु) साथ नाट्य क्षेत्रमा देखा परेका छन् । बेन्जु शर्मा पनि एकाङ्की क्षेत्रमा देखा परेकी छिन् । उनका एकाङ्कीहरू 'विवाह' कस्तुरी सामाजिक प्रकाशन, पद्मकन्या क्याम्पस (वि.सं. २०२०), सत्य घटना रूपरेखा, पूर्णाङ्क ५३ वर्ष ६ अङ्क ५, वि.सं. २०२२) र विश्रृङ्खलता मधुपर्क वर्ष १, अङ्क १० वि.सं. २०२५ फागुन, गोविन्द लोहनको एकाङ्की बृहत कवि सम्मेलन रेखा २, विन्दु ४ वि.सं. २०२० (असोज-कात्तिक-मंसिर) रत्न शमशेर थापाको अन्तर्वार्ता शीर्षक एकाङ्की रचना (रेखा २, विन्दु ४ वि.सं. २०२० मा छापिएको छ । त्यस्तै गरी मोदनाथ प्रश्रितको आमाको काखमा शीर्षकको एकाङ्की, अशेष मल्ल वि.सं. २०३६ मा सडकदेखि सडक सम्म, गोपाल पराजुली वि.सं. २००५ आकाश खुल्दै जान्छ, प्रकाशमा आएको एकाङ्की- गोलार्द्धका दुई छेउ (वि.सं. २०३७) र समानान्तर सडक २०६३ छन् । सरुभक्त श्रेष्ठ वि.सं.

२०१३ का गोधुली हराएको क्षितिज, असाधारण पिँजडा, मनभित्रको खलड्गा अग्नि पर्खाल शिशिरका अन्तिम दिनहरू त्यो पत्थर मूर्ति बन्दैन कोलज (शिशिरका अन्तिम दिनहरू, वि.सं. २०४२) गोलार्दधको कालो आकाश, ताब्ड १ नृत्य र अजम्बरी भ्वायाली, इथर, वि.सं. २०४४), जीउँदा अवशेषहरू गाउँघरका नाटकहरू (वि.सं. २०५५) रहेका छन् । लोकेन्द्रबहादुर चन्द्रको नेताका साथी (२०४१), भाग्योदय (२०२४), ठकठकेहरू (२०२८) आदि रहेका छन् । यसरी यस चरणमा यस्ता एकाङ्की र एकाङ्कीकार देखा परेका छन् ।

### २.३.४ चौथो चरण वि.सं. २०४७-२०६५ सम्म

पञ्चायतकालको अन्त्य र पुनः प्रजातन्त्रको अभ्युदयको अवस्था साथै गणतन्त्रको आगमनको क्षण मानिन्छ । यस समयमा जनचेतनाको लहर जगाउन विभिन्न नाट्यमण्डल तथा नाटककारहरू सकृय रहेको पाइन्छ । यस चरणको आरम्भमा विशेष गरेर कृष्ण शाहयात्री बिप्लव ढकाल र गोपी सापकोटा जस्ता विशिष्ट नाट्य प्रतिभा देखा परेका छन् । पचासको दशकमा भद्रकुमारी घले, सुधा त्रिपाठी, अभि सुवेदी, कृष्ण उदासी आदि देखा परेका छन् । यसैगरी मनिक्रम शर्माको अँध्यारोमा जुध्नेहरू (२०५७), अभि सुवेदीका आरुका फूलका सपना २०५७, पाँच नाटक २०६०, विष्णुभक्त फुँयालका बाध्यता २०५९ तोयानाथ पाण्डेयको अझै नेपाल कस्तो छ ? अप्ठ्यारो गृहस्थी, यमराजको नयाँ खोज आदि (२०५९), रोशन सुवेदीको मेरोछोरा मेरी छोरी एकाङ्की सङ्ग्रह (२०६३), कृष्ण उदासीका एकाङ्की सङ्ग्रहहरू अन्तिम संहार (२०५८), अग्निकुण्ड (२०५९) र युद्ध पिरामिडा (२०६२) रहेका छन् ।

यसरी यस धारामा प्रजातन्त्रको पुनर्स्थापना, राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापनाको कालखण्ड रहेको पाइन्छ । यस चरणमा आएर नेपाली एकाङ्कीले साइवर युगमा प्रवेश गरेको पाइन्छ । यसै चरणमा नेपाली नाटकमा वैज्ञानिकता तथा नेपाली समाजमा देखिएका विभिन्न अवस्थालाई यथार्थ रूपमा चित्रण गरिएको पाइन्छ । विशेष गरेर कृष्ण उदासीका एकाङ्कीहरूमा जीव विज्ञान, भौतिक विज्ञान, मनोविज्ञान तथा नारीहरूप्रतिको थिचोमिचोलाई प्रष्ट रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

परिच्छेद : तीन

# कृष्ण उदासीको जीवनी र एकाङ्कीकारिता

### ३.१ कृष्ण उदासीको जन्म र बाल्यकाल

नेपाली साहित्याकाशमा पाइला टेकेका साहित्यिक स्रष्टा कृष्ण उदासीको स्थायी घर गण्डकी अञ्चल, कास्की जिल्लाको हेम्जा गाउँ विकास समिति वडा नं. ८ बाँस्तोलाथरमा पर्दछ । पिता तारापति बाँस्तोला र माता गौरी बाँस्तोलाका कोखबाट जेष्ठ सुपुत्रका रूपमा उनको जन्म २०२५ साल कार्तिक ६ गते सोमबारका दिन भारतको गुहाटीमा भएको हो ।

उदासीको वास्तविक नाम कृष्णलाल बाँस्तोला हो । उनको परिवारमा एक बहिनी र दुई भाइ रहेका छन् । सानै उमेरदेखि चञ्चले स्वभाव रहेका उदासीको वाल्यकाल संयुक्त परिवारमा बितेको थियो । कुनै काम बिगार्दा आमाले उदासी भनी गाली गर्नु, सामन्ती वर्गसँग विद्रोह गर्दा सधैँ हार्ने र उदासी भई एकान्तमा बस्न रुचाउनुले गर्दा उनले आफ्नो नाम पछाडि उदासी राखे (सुवेदी, २०६६) । सानैदेखि चिन्तनशील र तार्किक शक्तिका धनी उदासीले विभिन्न साहित्यिक सभा समारोहमा भाग लिई आफ्नो अभिव्यक्ति क्षमतालाई तिखार्ने काम गरे । अन्याय र अत्याचार विरुद्ध आवाज उठाउने उदासीले समाजमा रहेका असमान विभेदलाई अन्त्य गर्न लागि पर्दथे । सामन्त र शोषक वर्गको व्यवहारप्रति विद्रोह गर्दा कैयौँचोटी हार खानु परे पनि कहिल्यै पछाडि नहटी उनी डटेर सामना गर्दथे । सत्कार्यमा अगाडि बढेका र सोझा व्यक्ति माथि शोषक वर्गले थिचोमिचो गरेको नसहने उदासी यस्ता प्रवृत्ति भएका व्यक्ति विरुद्ध उनी साथीसँग छलफल गर्दै र गहकिला तर्कका साथ विद्रोह गर्दथे ।

### ३.२ शिक्षादिक्षा र साहित्यिक यात्रा

उदासीले औपचारिक शिक्षा आफ्नो गाउँकै गौरीशंकर मा.वि. (हाल उच्च मा. वि.) बाट एस.एल.सी उत्तीर्ण गरेका थिए । उनले पोखराको पृथ्वी नारायण क्याम्पसबाट एम.ए. प्रथम श्रेणीमा उत्तीर्ण गरे । सानै उमेरबाट साहित्यिक रचनामा रूचि राख्ने उदासीलाई विभिन्न साहित्यकार, कवि, कथाकार, समालोचक, नाटककार एवम् एकाङ्कीकारसँग प्रत्यक्ष भेट्न अवसर मिल्यो । त्यसपछि उनलाई अझै साहित्यिक लेखनतर्फ आकर्षण बढ्न थाल्यो ।

जसको फलस्वरूप उनले **परिवन्दा** (उपन्यास-२०४७) **अन्तिम संहार** (एकाङ्की सङ्ग्रह-२०५८) **अंशुमाली र अक्षरजीवि** (कविता सङग्रह-२०५९), आग्निकुण्ड (एकाङ्की सङ्ग्रह-२०५९), **एकहुल कन्याङकुरुङ** (कविता सङग्रह-२०६०), **मैया मालती** (गीतिकाव्य-२०६०), **युद्ध पिरामिड** (एकाङ्की सङग्रह-२०६२), **नयनतालैमा** (गजल सङग्रह-२०६२) र **हिउँ फुल्ने गाउँमा** (कविता सङग्रह-२०७०) प्रकाशित गर्ने प्रेरणा पाए । पत्रपत्रिका तथा स्मारिकाको सम्पादन कार्यमा पनि संलग्न उदासीले **उत्खनन्, माछ्रापुच्छ्रे तरङ्ग, श्री गीताञ्जली** र **कुमुदिनी** स्मारिकामा सह-सम्पादकको काम समेत गरेका छन् ।

नाटक, उपन्यास, गजल, कविता, गीतिकाव्य एकाङ्की सङग्रह लेखन कार्यमा मात्र सीमित नरहने उदासीले थुप्रै नाटकमा निर्देशकको काम समेत गरिसकेका छन् । जसमा **अँध्यारो बस्ती** (टेलिशृङ्खला) लेखन तथा निर्देशन गरेका छन् भने **आजको पोखरा** ( टेलिशृङ्खला) मा पनि लेखन तथा निर्देशन गरेका छन् । त्यस्तै गरेर करिब एक सय भन्दा बढी नाटक रेडियो नाटकमा लेखन निर्देशनका साथै अभिनय गरिसकेका उदासीले कार्डा ( भिडियो फिल्म) को निर्माण, परिकल्पना, पटकथा तथा अभिनय गरिसकेका छन् । त्यस्तै गरी **कैदी** (ठूलो पर्दाको चलचित्र) मा गीत लेखेका छन् । यजु र अचानक गीति एल्वममा गीत लेख्ने काम पनि गरेका छन् । २०६२ सालमा काजीरोशन साहित्य पुरस्कारद्वारा पुरस्कृत भएका उदासीले २०६२ सालमा गजल प्रतिभा सम्मान भएका थिए । त्यस्तै गरी २०६० सालमा हरफ साहित्यिक अभियान दमौलीद्वारा सम्मानित र २०५१ सालमा रेडियो नाटक उत्सवद्वारा पुरस्कृत भएका थिए ।

### ३.३ साहित्यिक सङ्लग्नता

साहित्यकार कृष्ण उदासी विभिन्न सङ्घ संस्थामा आवद्ध रहेको पाइन्छ । उनी लोकतान्त्रिक वाङ्मय समाज पोखराका अध्यक्ष, प्रेरणा साहित्य प्रकाशन पोखराको अध्यक्ष, नेपाल शैक्षिक गणतान्त्रिक मञ्च कास्कीका संस्थागत अध्यक्ष, अखिल नेपाल शिक्षक सङ्गठन कास्कीका पूर्व अध्यक्ष, गीताञ्जली साहित्य परिवार पोखराका पूर्व उपाध्यक्ष, राष्ट्रिय साहित्य सदन रा. उ. मा. वि. पोखराका संरक्षक, गजल सन्ध्या पोखराका सल्लाहकार, पोखरा सि. आर. आई स्रोत क्लबका सल्लाहकार, पश्चिमाञ्चल क्षेत्रीय नाटक संयोजन समितिका सचिव, सङ्गीत प्रशिक्षण केन्द्र पोखराका आजीवन सदस्य, लेखनाथ साहित्य प्रतिष्ठानका साधारण सदस्य, पोखरेली युवा सांस्कृतिक पोखराका साधारण सदस्य,

पोखेली नाट्य प्रतिष्ठान पोखराका अध्यक्ष तथा अन्य थुप्रै सङ्घ संस्थामा आवद्ध रहँदै आएका छन् ।

यस्तै उदासी शिक्षण पेशामा पनि सङ्लग्न छन् । प्रारम्भमा सिर्जना शिरिष बोर्डिङ स्कुल हेमजामा २०४५ सालदेखि प्रशिक्षण पेशामा पनि होमिएका उदासीले सोही विद्यालयमा २०५० सालसम्म प्राचार्यको रूपमा रहे । त्यस्तै गरी २०५० देखि २०५१ सालको अवधीमा आदर्श बोर्डिङ स्कुल पुरन्चौरमा प्राचार्यको रूपमा कार्यरत थिए । त्यसपछि राष्ट्रिय उच्च मा. वि. पुरानो टुँडिखेल, पोखरामा अध्यापनरत उदासी हाल त्यस्तै विद्यालयका शिक्षकको रूपमा कार्यरत छन् ।

## ३.४ कृष्ण उदासीको एकाङ्कीकारिता

सानै उमेरदेखि साहित्यिक रचनामा रूचि राख्ने कृष्ण उदासीले विद्यालयस्तरमा अध्ययन गर्ने क्रमदेखि नै साहित्य लेखनमा पाइला टेकेको पाइन्छ । साहित्यका विभिन्न विधामध्ये नाटक तथा एकाङ्कीमा विशेष योगदान दिएका एकाङ्कीकार उदासीले २०३९-२०४० सालमा माध्यमिक तहमा अध्ययन गर्ने क्रममा एकाङ्कीहरू **वसन्त, विन्दु र झुपडी** लिएर देखा परेका छन् ।

२०४३ सालमा पोखराको पृथ्वी नारायण क्याम्पसमा उच्च शिक्षाको लागि प्रवेश गरेपछि उनको सम्पर्क पोखराका साहित्यकार चूडामणि खनाल, भवानी पाण्डे, रविलाल अधिकारी, कुलप्रसाद खनाल, घनश्याम ढकाल, मुकुन्दशरण उपाध्याय, प्रकट पँगेनी शिव, सरुभक्त, तीर्थ श्रेष्ठ, रमेश श्रेष्ठसँग भयो (सुवेदी, २०६६) ।

उदासीले सेक्सपियरका नाटकको स्वअध्ययन, वाल्मीकि, कालिदास, गोर्की, चेखव, मिल्टन, वर्डस्वर्थ, मार्क्स, लेनिन, शेली आदिका ग्रन्थहरूको पनि स्वअध्ययन गरेको पाइन्छ । जसका कारण उनका एकाङ्कीहरूमा तिनिहरूको प्रभाव रहेको पाइन्छ । उनले साहित्यिक रचनामा सामाजिक यथार्थतालाई समेटेर आफ्नै पाराले एकाङ्की सिर्जना गरेका छन् । यस्तै २०४४ सालदेखि शिक्षण पेशामा संलग्न रहेका उदासीले आफ्नो एकाङ्की लेखनलाई निरन्तरता दिएको पाइन्छ । समाजमा शोषित पीडित, सर्वहारा वर्ग, आर्थिक असमानता, पञ्चायती व्यवस्थाको क्रूरता प्रति आक्रोशित उदासीमा एकाएक सानैदेखि विद्रोही भाव, अर्थ क्षेत्रसँग जोडिएको समाज र त्यसमा झ्याङ्गिएको मानवीय कङ्गालप्रति सजग रहने स्वभाव जाग्रित भयो ।

उदासीका **अन्तिम संहार** (२०५८), **अग्निकुण्ड** (२०५९) र **युद्ध पिरामिड** (२०६२) गरी तीन एकाङ्की प्रकाशित छन् । उनले पछिल्ला एकाङ्की उनले वैज्ञानिक आधारमा रहेर रचना गरेको पाइन्छ । विशेष गरेर उनले युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा वैज्ञानिक आधार तेर्स्याएको पाइन्छ । उनको अन्तिम संहार र अग्निकुण्ड एकाङ्कीमा सामाजिक घटना क्रमलाई प्रस्तुत गर्न खोजिएको छ । समसामयिक विषयवस्तुलाई प्रस्तुत गरिएका दुवै एकाङ्कीमा वैज्ञानिक विचार प्रस्तुत भएको पाइदैन । युद्ध पिरामिडमा भौतिक, रसायनिक, मनोवैज्ञानिक तथा भविष्यवमा हुनसक्ने जीव विकास सम्बन्धि र प्रकृति सम्बन्धि जीव विज्ञान एवम् प्रकृति विज्ञानलाई समेटिएको छ । जसलाई एउटा नयाँ मोडका रूपमा लिन सकिन्छ । कृष्ण उदासीका एकाङ्कीमा सामाजिक विकृति, विसङ्गति र व्यङ्ग्यात्मकता रहेको पाइन्छ (सुवेदी, २०६६) ।

यस पूर्वका उनका एकाङ्कीमा सामाजिक विकृति, विसङ्गति र व्यङ्ग्यात्मकता मात्र रहेको पाइन्छ भने यस **युद्ध पिरामिड** एकाङ्कीमा सामाजिक विकृति, विसङ्गति र व्यङ्ग्यात्मकताका साथै वैज्ञानिक तथा यान्त्रिकताले मानव जीवनमा पारेको प्रभावका बारेमा कलम चलाइएको पाइनुका साथै प्रकाशको विशेष एवम् सार्थक प्रयोग गरेको पाइन्छ (शर्मा, २०६२) । उनका फुटकर एकाङ्की, उपन्यास, नाटक, कथा, कविता प्रकाशित भइसकेका छन् । उनका नौ वटा कृतिहरू प्रकाशित भइसकेका छन् भने अन्तर्राष्ट्रिय रक्सी भट्टी प्रकाशोन्मुख रहेको पाइन्छ ।

२०५० सालपछि समसामयिक नाट्यधारामा देखा परेका प्रभावशाली पोखरेली नाटककार हुन्, कृष्ण उदासी । उदासी नाटक निर्देशक पनि हुन् । उनले राष्ट्रिय नाटक महोत्सवमा आफ्ना नाटक निर्देशन समेत गरेका छन् । समकालीन जीवनबोधका यथार्थ, विसङ्गति, समस्या र प्रयोगात्मक चेत उदासीको नाटकमा पाइने विशेषता हो (यात्री, गरिमा :२०६८) । उदासीको एकाङ्की लेखन शैलीलाई हेर्दा प्रारम्भिक चरणमा उनका एकाङ्कीमा सामाजिक यथार्थतालाई केलाउनुका साथै तत्कालीन समयमा घट्ने वा घटेका सामाजिक यथार्थताको चित्रण पाइन्छ । युग सापेक्ष कलम चलाएका उदासीका एकाङ्कीहरू अग्निकुण्ड र अन्तिम संहारमा भन्दा भिन्दै संरचना युद्ध पिरामिडमा पाइन्छ । उनका अग्निकुण्ड र अन्तिम संहारमा मानवीय पात्र बढी र कताकता मानवेतर पात्रको प्रयोग पाइन्छ । युद्ध पिरामिडमा सामाजिक, आर्थिक अवस्थाका साथै अत्यन्त नयाँ मोड र

शैलीको प्रयोग भएको छ । वैज्ञानिकतालाई बढी जोड दिइएको छ । भौतिक, रासायनिक, जीव विज्ञान, मनोविज्ञान तथा प्रकृति विज्ञानको प्रयोग युद्ध पिरामडिमा पाइन्छ ।

## ३.५ निष्कर्ष

सानै उमेरदेखि साहित्यिक क्षेत्रमा लागेर कलम चलाएका उदासीले वर्तमान समयसम्म आइपुग्दा साहित्यका विभिन्न विधा मध्ये एकाङ्की तथा नाटकका क्षेत्रमा बढी कलम चलाएको पाइन्छ । उनले २०४४ सालदेखि २०७० सम्म आइपुग्दा **अन्तिमसंहार, अग्निकुण्ड, युद्ध पिरामिड** एकाङ्की सङ्ग्रह प्रकाशन गरेका छन् । यस्तै **आँसुको बदला, व्यथाभित्रको कथा, असीम कल्पना, मन त्यसै त्यसै दुख्छ, पैसट्ठी सय, अँध्यारो बस्ती र आस्थाको बस्ती** लगायतका एकाङ्की प्रकाशित र निर्देशित गरेका छन् । अन्तर्राष्ट्रिय रक्सी भट्टी एकाङ्की प्रकाशोन्मुख अवस्थामा छ । उदासीको उत्तरार्ध चरण तीव्र प्रगतिवादी, सामाजिक यथार्थवादी भावधाराका साथ अगाडि बढेको पाइन्छ । वर्तमान समयमा उदासी एकाङ्की लेखनभन्दा कविता विधा र पूर्णाङ्की नाटकतर्फ ढल्किएको पाइन्छ । पूर्णाङ्की नाटक र कविता विधामा कलम चलाए पनि आफ्ना कलमलाई साहित्य साधनामा लगाइरहेका देखिन्छन् ।

परिच्छेद : चार

# युद्ध पिरामिड एकाङ्कीको अध्ययन

## ४ युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको अध्ययन

### ४.१ कृति परिचय

एकाङ्कीकार कृष्ण उदासीद्वारा लिखित युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा १० वटा एकाङ्की रहेका छन् । समग्रमा सबै एकाङ्कीले सामाजिक विकृति र विसङ्गतिका साथै विज्ञानले गरेको चमत्कारलाई प्रस्तुत गरेका छन् । प्रायः एकाङ्कीमा थोरै पात्रको प्रयोग पाइन्छ । कुनै एकाङ्कीमा अमूर्त पात्रको पनि प्रयोग गरिएको छ भने कुनै एकाङ्कीमा अभिजात वर्गले गरेको शोषण र थिचोमिचोलाई गरिव तथा निमुखा वर्गले सहज रूपमा सहनु परेको अवस्थालाई अत्यन्त मार्मिक तरिकाले प्रस्तुत गरिएको छ । समग्रमा थोरै पात्र सरल र सहज भाषाशैलीमा लेखिएका एकाङ्कीहरूले समाजमा जातीय तथा वर्गीय आधारमा विभेद ल्याउन नहुने र विज्ञान र प्रविधिलाई सही तरिकाले उपयोग गरेर मात्र मानव हित हुने कुरामा जोड दिएको पाइन्छ ।

### ४.२ युद्ध पिरामिड एकाङ्की सङ्ग्रह भित्रका एकाङ्कीको अध्ययन

कृष्ण उदासीद्वारा लिखित युद्ध पिरामिड एकाङ्की कृति भित्र जम्मा १० वटा एकाङ्की सङ्गृहीत रहेका छन् । ती सम्पूर्ण एकाङ्कीको सारसङ्क्षेपममा अध्ययन निम्नानुसार गर्न सकिन्छ,

#### (क) युद्ध पिरामिड

कृतिमा समावेश एकाङ्की मध्यको पहिलो एकाङ्की हो युद्धि पिरामिड । जम्मा १० पृष्ठमा फैलिएको यस एकाङ्कीमा मानिसले आफ्नो अस्तित्वलाई बिर्सिएको छ । संसारभरि युद्धले स्थान पाएको छ । मानिसले मानवीयता बिर्सिएका कुरालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । एकाङ्कीमा मानिसमा डर, त्रास आदिले गर्दा केही नजानेको, नबुझेको र सधैँ भयभीत हुन बाध्य भएको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । मानिसको मनस्थितिलाई पशुत्वभन्दा गिरेको अवस्थामा एकाङ्कीमा देखाइएको पाइन्छ । मानिस-मानिसमा सङ्गठित

भावना नपाइएको र अहिलेको अवस्थामा सङ्गठित भई अगाडि बढ्नुपर्ने भाव एकाङ्कीमा प्रकट गरिएको छ । एकाङ्कीकारले एकाङ्कीमा आधुनिक मानिस भनाउँदामा डाहा, छटपटी, अमिल्दोपन, अभाव, शून्यता, थिचोमिचो, भ्रष्टता आदि कुराले तिनीहरूको मनमा बास गरेको कुरा व्यक्त भएको छ । समग्र मानवहितका पक्षमा कलम चलाएका एकाङ्कीकारले मानिस स्वयम्ले आफ्नो दुर्नियत निम्त्याएको अवस्थालाई यस एकाङ्कीमा व्यक्त गरिएको पाइन्छ ।

**(ख) आदर्श लेखक**

यस एकाङ्कीमा नेपाली साहित्यमा रहेका सबै लेखक वास्तविक लेखक नभएको कुरा व्यक्त गरिएको पाइन्छ । आदर्श लेखक त्यस्तो लेखक हो, जसले विचार र कल्पनाको वाइपङ्खीमा सवार हुने लेख लेख्दछ । एकाङ्कीकारले वास्तविक लेखक भनेको कुनै देशमा वा निश्चित क्षेत्रमा सीमित रहँदैन । वास्तविक लेखकले संसारलाई नियालेको हुन्छ । एकाङ्कीकारले आदर्श लेखक भनेर शेक्सपियर, प्लेटो, देवकोटा, वालकृष्ण सम, माधव घिमिरे आदिको उदाहरण दिएका छन् । आदर्श लेखक अलिकति ज्ञानी, अलिकति अज्ञानी, अलिकति बौद्धिक, अलिकति हार्दिक, अलिकति विवेकी, अलिकति अविवेकी हुन्छ भन्ने कुरा एकाङ्कीकारले व्यक्त गरेको पाइन्छ । रात, दिन, साँझ, सृष्टि र दृष्टिको बिहानीसँग आदर्श लेखकलाई सम्पूर्ण ज्ञान र विज्ञानको सार मानिएको पाइन्छ । त्यस्तै गरेर सम्पूर्ण धर्म, दर्शन र चिन्तनको प्रकाश रहेको भाव यस एकाङ्कीमा पाइन्छ भनिएको छ ।

**(ग) अआइई**

यस एकाङ्कीमा प्रकृतिको पृष्ठभूमिमा रहेर ज्ञान र विज्ञानका बारेमा चर्चा परिचर्चा गरिएको छ । यसका अलवा आधुनिक मानवमा द्वेष, इर्ष्या र घमण्डले गर्दा आफ्नो मृत्यु आफैं निम्त्याएको भावलाई प्रस्तुत गरिएको छ । एउटा नदीमा अ र आ पात्रले गाई (ढुङ्गा) तार्न प्रतिस्पर्धा गरेका छन् । गाई तार्ने खेलमा आफूले बढी तारेकोमा दुवैजना अहम्ताका साथ आफूले धेरै तारेको भन्दै आजका मानिसमा बढी अहम्ता र मपाइँत्व रहेको कुरा व्यक्त गरिएको छ । त्यस्तै गरेर चेप्टो ढुङ्गा सजिलै नदीमा पार गर्न सक्ने र डल्लो ढुङ्गा तर्न नसक्ने कुरा व्यक्त गरिएको छ । जुन विज्ञानले पनि प्रमाणित गरेको छ । यस कार्यमा घनत्व तथा हावाको चापका कारण यस्तो भएको एउटा वैज्ञानिक आधार देखाइएको छ । यो

कुराले के सङ्केत गर्छ भने यस एकाङ्कीमा केही वैज्ञानिक आधार पनि रहेको भाव प्रकट गरेको पाइन्छ । त्यस्तै मानिसले प्रकृति माथि गरेको ज्यादतीलाई पनि आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । अर्को वैज्ञानिक आधार पानीको सतहमा ढुङ्गा राखियो भने पानी विस्थापित भएर दिशा परिवर्तन गरेको कुरा प्रष्ट्याइएको छ ।

**(घ) जोडी-बेजोडी**

आधुनिक युवा युवतीमा देखिएको प्रेमालापको बारेमा चित्रण यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । अभिभावकमा वर्तमान युवायुवतीको यथार्थताको अज्ञानता रहेको र आवरणीय रूपमा अभिभावकले आधुनिक युवा तथा युवतीलाई हेर्ने दृष्टिकोण सकरात्मक देखिए तापनि आन्तरिक गुदो भने फरक हुने कुरा एकाङ्कीमा प्रस्तुत गरिएको छ । अर्कोतिर युवकहरूले युवतीमाथि केवल क्षणिक र शारीरिक सम्बन्धमा निकट रहने अवसरवादी सोच लिएको देखाइएको छ । त्यस्तै गरेर युवतीलाई आफ्नो वैवाहिक सम्बन्ध गाँस्नुपूर्व वा जीवन साथी रोज्नुपूर्व युवकको आनीबानी, व्यवहार आदि कुरालाई राम्रोसँग बुझ्नका लागि सचेत गराइएको छ । वर्तमान समयमा युवतीहरू युवकको आवरणीय रूप तथा व्यवहारमा परेर दुःख पाइरहेको र आन्तरिक कुरा नबुझिकनै प्रेमजालमा परेर विभिन्न दुःख र कष्ट झेल्नुपरेको कुरामा सचेत गराउँदै यथार्थलाई आकर्षक पाराले प्रस्तुत गरिएको छ ।

आफ्नो प्रेमजालमा फँसाउनका लागि या कामवासनाले मत्त युवाहरू क्षणिक तृप्तिका लागि अनेक चालबाजी गर्ने प्रवृत्तिलाई दरिलो चोट दिइएको छ । एकाङ्कीमा यथार्थ बुझ्न र आफ्नो असल जीवन साथी खोज्न सक्ने क्षमता नारीमा पनि रहेको कुरा यस एकाङ्कीकी पात्र वि-१ पत्रमार्फत् प्रस्तुत गरिएको छ । क्षणिक स्वार्थ पूर्ति गर्न खोज्ने र चोखो प्रेम गर्न नसक्ने मानिस सधैं बेजोडी भएर बाँच्नु पर्ने कटु यथार्थलाई यस एकाङ्कीमा पस्कन खोजिएको छ ।

**(ङ) नयाँ सन्देश**

यस एकाङ्कीमा विश्व मानव समुदायमा देखिएको अमानवीय अवस्थालाई सङ्केत गरिएको छ । आधुनिक विश्व मानव जगत्मा मानवीय प्रवृत्ति भन्दा दानवीय प्रवृत्ति बढ्दो रहेको बताइएको छ । म पात्रमार्फत् मानव हुनुको औचित्यमाथि प्रश्न चिन्ह लगाइएको छ । मानिसले गरेको वैज्ञानिक आविष्कारको बारेमा पनि व्याख्या गरिएको छ । जहाँ मानिसहरूले

आफ्नो मानवतालाई बाँदर, छेपारो र किरा फट्याङ्ग्राभन्दा पनि निच व्यवहार गरेको भाव प्रकट गरिएको छ । अहिलेको मानिस केवल आविष्कार र सत्य तथ्यतर्फ भन्दा पनि ऐश, आराम र उपभोगमा आफूलाई विलीन गराएको देखाइएको छ । कामुकतामा भुलेको आजको मानिस केवल यान्त्रिक भइसकेको छ । आजको मानिस केवल प्रकृति भन्दा माथि उठेर प्रकृतिलाई विविध यान्त्रिक माध्यमले आफ्नो काबुमा लिने गरेको अवस्थालाई व्यक्त गरिएको छ ।

**(च) मान्छे र माछाहरू**

यस एकाङ्कीमा एकाङ्कीकारले माछा र मान्छेहरूको तुलनात्मक अध्ययनलाई अगाडि बढाएका छन् । रुसोको प्राकृतिक विज्ञानसँग सम्बन्धित भएर कालान्तरमा मान्छे माछा नबन्ने र माछा मान्छे बन्न सक्ने प्राकृतिक विज्ञानलाई अडकल गर्न खोजिएको पाइन्छ । मान्छे र माछाहरूको संसारको तुलना गर्दै माछामा जुन स्वतन्त्रता छ त्यो भन्दा भिन्दै संसारमा मानिस बाँचेको छ । मानिस विभिन्न सीमामा बाँधिन बाध्य भएको छ । एकाङ्कीकारले माछामा देखिएको स्वतन्त्र संसारको व्याख्या गरेका छन् । तर मानिसमा विभिन्न वर्ग, समुदाय, वर्ण, आदि विभक्त गरिएको छ । मान्छेको संसारमा सम्पूर्णता झुटो र वेकार रहेको कुरा व्यक्त गरेका छन् ।

**(छ) जयगान**

यस एकाङ्कीमा मानिसको लापरवाहीले गर्दा मानिसमा विभिन्न दुःख, कष्टहरू झेल्नुपर्ने बाध्यात्मक अवस्था देखापरेको छ । मानिसमा मानवीयता नहुनाले नै सुख सुविधा र सन्तुष्टिहरू खोसिएका छन् । सबै मानिसहरू केवल मूर्तिवत् मात्र मानव शरीर देखिने र तिनीहरूले मानव मनलाई बुझ्न नसकेको अवस्था देखाइएको छ । आजका मान्छेहरूमा शून्य विचार रहेको कुरा व्यक्त गरिएको छ । आधुनिकताको नाममा मानिसहरूमा विभिन्न किसिमको घमण्ड चढेको र त्यो घमण्डले गर्दा मानिसमा हिंसात्मक गतिविधिले जरो गाडेको यथार्थता व्यक्त गरिएको छ । हिंसा ग्रस्त यस संसारमा मानिस पशुभन्दा पनि निच भएको छ । मानिसको व्यवहार पशुको जस्तै रहेको र आपसमा द्वेष, ईर्ष्या, घमण्ड आदि कुराले मानिसमा बेमेलको स्थिति सिर्जना भएको छ । मानिसमा रहेको अहम्ताले गर्दा युद्ध बढेको र मानव बस्तीमा त्रास बढेको छ । अकालमा मानिसको मृत्युले उसको हंसले

छुट्कारा नपाउँदा दुःख दिने परम्परागत सोचलाई पनि यहाँ पस्कने जमर्को गरिएको छ । नराम्रो संस्कार र संस्कृतिले सभ्यताको धज्जी उडाएको छ । गल्ती गरेको मानिसले सधैँ दुःख भोग्नु पर्ने तितो यथार्थलाई सफल र सबल तरिकाले यहाँ प्रस्तुत गरिएको छ ।

**(ज) अणिमा**

यस एकाङ्कीमा नारीप्रतिको सचेतनालाई व्यक्त गर्न खोजिएको छ । हाम्रो हिन्दू नारी समाजमा जातीय, वर्गीय र लिङ्गीय भेदले गर्दा विभिन्न युवा युवतीहरू बाध्यतावश मृत्यु अँगाल्न पुगेको वास्तविक यथार्थ घटनाक्रमलाई यस एकाङ्कीमा व्यक्त गरिएको छ । यस एकाङ्कीकी प्रमुख पात्र अणिमाले आफ्नो वैवाहिक सम्बन्ध सानै उमेरमा गाँस्न बाध्य हुन्छे र श्रीमान् सँगको विछोड र अपहेलना सहन नसकी मृत्युवरण गर्न पुग्छे । यो आम नेपाली नारीहरूको दर्दनाक स्थिति र बाबुआमाको सङ्कुचित भावनाको फल हो भन्ने भाव यस एकाङ्कीमा प्रकट गरिएको छ । शिक्षा सम्पूर्ण वर्गका लागि आवश्यक छ । यदि अणिमा शिक्षित भएको भए यस्तो अवस्था सिर्जना हुँदैनथ्यो होला । यसका साथै महिलाद्वारा नै महिलालाई हेप्ने र दवाउने प्रवृत्ति हाम्रो समाजमा रहेको कुरा पनि यस एकाङ्कीले पस्केको छ । नारीहरू यस्तो संस्कार संस्कृतिबाट उन्मुक्ति पाउनका लागि आफूहरूमा नै चेतनाको दियो बाल्नु पर्ने आजको आवश्यकता रहेको पाइन्छ ।

**(झ) आज शहर हाँसेको छ**

यस एकाङ्कीमा आधुनिक समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिलाई चोटिलो प्रहार गर्न खोजिएको छ । एउटा मानव मनले अर्को मानव मनलाई बुझ्न सकेको छैन र बुझेर पनि बुझ पचाइरहेको छ । बालअधिकारको थोत्रो भाषण गर्दै जुका जस्तै बालश्रम शोषण गर्न खोज्ने आफूलाई नेता भनाउँदालाई विशेष रूपमा वचन रूपी वाण प्रहार गरिएको छ । धनी वर्ग वा हुने खाने वर्गले गरिखाने वर्गमाथि गरेको बलात्कार, श्रमशोषण, बालशोषणका विपक्षीमा रहेर एकाङ्कीकारले वकालत गर्न खोजेको पाइन्छ । यस एकाङ्कीमा विशेष गरेर गरिबीका कारणले गर्दा कैयौं बालबालिका सडक पेटीमा वेसाहारा जीवन बिताइरहेका र मानवीयताको ओत नपाएका ती बालकहरूको दयनीय र दर्दनाक अवस्थालाई प्रस्तुत गएिको छ । यस एकाङ्कीमा पितृसतात्मक हाम्रो समाजमा पुरुषहरूको मनपरीतन्त्र र महिलाहरूको लापरवाहीले गर्दा सन्तानले दुःख पाएको

अवस्थालाई प्रस्तुत गरिएको छ । शोषण र थिचोमिचोबाट छुट्कारा पाउनका लागि क्रान्ति गर्नैपर्छ र क्रान्तिको लागि सबै एकजुट हुनुपर्छ अनि मात्र गरिब, शोषित र असहायहरूले मानवीय ओत पाउने छन् भन्दै गरिब, दुःखी र असहायप्रति सचेतना दिन यो एकाङ्की सफल भएको छ ।

(ञ) **लालमायाको लालरङ्ग**

यस एकाङ्कीमा लालमाया एक नारी प्रतिनिधि पात्र रहेकी छन् । उनले जवानी अवस्थामा आफ्नो सौन्दर्यको घमण्ड गरेकी छन् । हरेक नारीहरू आफ्नो यौवनावस्थाको सौन्दर्यमा मख्ख हुँदै आफ्नो जीवनलाई केवल शृङ्गारिकतामा मात्रै सीमित राख्ने र आफ्नो जवानी अवस्था सधैँ सदावहार जस्तै हुन्छ भन्ने क्षणिक सोच भएका महिलाहरूमा परिवर्तन हुनु आवश्यक देखिएको भाव प्रस्तुत गरिएको छ । महिलाहरूले शारीरिक शृङ्गारिकतामा जोड नदिई मानसिक शृङ्गारिकतामा त्यतिकै जोड दिनुपर्ने अवस्थालाई यहाँ प्रस्तुत गर्न खोजिएको छ । नारी जातिले आफू सधैँ यस्तै रहने, बूढी भइँदैन भन्ने सोच राख्ने र पछि गएर पश्चातापमा पर्नुपर्ने अवस्थालाई यस एकाङ्कीकी नारी पात्र लालमाया मार्फत् प्रस्तुत गरिएको छ । जवानी सधैँ नरहने र त्यो एकपटक कुरूप अवस्थामा पनि परिवर्तन हुन्छ भन्ने भाव लालमायाका ती सौन्दर्यपूर्ण आँखामा पछि चिप्रा लाग्नुले, नाकमा सिँगान बग्नुले छर्लङ्ग पारेको छ । जसरी प्रेमभित्र घृणा हुन्छ त्यस्तै गरी सुन्दरताभित्र कुरूपता रहेको हुन्छ भन्ने कुरा यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

## ४.३ निष्कर्ष

साहित्यकार उदासीले साहित्यिक रचनामार्फत् आफूले यस त्रासदीपूर्ण समाजमा भए गरेका घटनाक्रमलाई नाट्यचेतना मार्फत् प्रस्तुत गरेको पाइन्छ । उनका नाट्य लेखनमा समाजमा भए गरेका विभिन्न विकृति र विसङ्गतिलाई आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । उनका एकाङ्कीमा समाजमा परिवर्तन ल्याउनु पर्छ, सचेत समाजको निर्माण गर्नुपर्छ भन्ने भाव पाइन्छ । आधुनिकताको नाममा आफ्नो अस्तित्व लोप हुने गरी ल्याउन खोजिएको परिवर्तनलाई व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको पाइन्छ । उनका एकाङ्कीमा नारी र पुरुष दुवैले आ-आफ्नो अहम्तालाई त्यागेर एक अर्कालाई बुझ्नुपर्ने र यथार्थतालाई आत्मसात् गर्नुपर्ने कुरा व्यक्त गरिएको पाइन्छ । उदासीको यस एकाङ्की सङ्ग्रहमा

वर्तमान जनमानसका विभिन्न क्रियाकलापलाई सहज र यथार्थ रूपमा उतारिएको छ । यस युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा विश्वमा नै व्याप्त युद्धद्वारा सताइएका मानवजातिको दयनीय अवस्थाका साथै वर्तमान विज्ञान र प्रविधिले मानव स्वयम्लाई नै पारेको नकरात्मक असरलाई विषय वस्तु बनाइएको छ । असाध्यै सरल भाषामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको एकाङ्कीको सङ्ग्रह हो, युद्ध पिरामिड । जहाँ वर्तमान युगमा बाँचेका मानिसहरूको यथार्थ जीवन कहानी र विज्ञानले गरेका विभिन्न चमत्कारलाई समेटिएको छ । यान्त्रिकताले गर्दा मानिसमा देखिएको द्वेष, इर्ष्या, घमण्ड, अहम्ता, द्वन्द्व आदिलाई सफलताका साथ मञ्चनीय दृष्टिकोणले सहजताका साथ लेखिएको यो एकाङ्की सङ्ग्रह नितान्त आधुनिक र समय सापेक्ष रहेको छ ।

परिच्छेद : पाँच

# युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको विश्लेषण

## ५.१ युद्धपिरामिड एकाङ्कीको विश्लेषण

### ५.१.१ कथावस्तु

आधुनिक विश्व मानव जगत्मा देखापरेका अमानवीय, विकृति र विसङ्गतिलाई यस एकाङ्कीमा प्रस्तुत गर्न खोजिएको छ । 'हुकुमबिम्ब' पात्रका माध्यमबाट आधुनिक मानवमा देखिएका मूर्खपन, घमण्ड र अमानवीयतालाई प्रस्तुत गरिएको छ । धर्म भनेर धार्मिकता नभएको, ज्ञान भनर पनि ज्ञानी नभएको अवस्थालाई 'हुकुमबिम्ब' ले प्रस्तुत गर्न खोजेको छ, 'हुकुमबिम्ब' पात्रमार्फत् प्रस्तुत गरिएको छ । 'एकादेशमा एउटा संसार छ । मान्छे छन्; मान्छे छैनन् । चेतना छ; चेतना छैन । धर्म छ; धार्मिक छैनन् । ज्ञान छ ज्ञानी छैनन् । भोक, रोग र सन्ताप छ भोका भोकाउन जान्दैनन्, रोगी रोगाउन शोकाउन जान्दैनन् । मृत्यु जन्मन्छन्, मृत्यु बाँच्छन्, मृत्यु खान्छन्, मृत्यु लगाउँछन् फेरि मृत्यु मर्न जान्दैनन् । एकादेशमा यस्तो संसार छ सांसारिक छैन' (युद्धपिरामिड, पृ. १) ।

सत्यता नै धर्म हो जुन वर्तमान समयमा छैन । आधुनिक युगका सबै मानिसहरू विश्वास गर्न योग्य छैनन् । अध्यात्मवादलाई भौतिकवादलाई ढपक्क ढाकिसकेको छ । यो वर्तमान युगमा मान्छे भएर सच्चा मान्छे बन्न सकेका छैनन् । आवरण मान्छेको छ । चेतना भएर पनि मानव चेतना हुन सकेको छैन । धर्मको नाउँमा विभिन्न किसिमका विकृति र विसङ्गति मात्र छन् । जतासुकै मानिस युद्धलाई अँगालेको छ । मानवधर्मलाई मानिसले बुझेको छैन या बुझेर पनि बुझपचाइ रहेको अवस्था प्रस्तुत गरिएको छ । सांसारिक जीवनमा मानिसले मानिसलाई नगन्ने र एक आपसमा आफ्नो मर्यादालाई आफैले तोड्ने अवस्था सिर्जना भएको बताइएको छ । 'उनीहरू सङ्गठन निर्माण गर्दै छन् । पहिला सबै मिल्नुपर्छ रे, तब मात्र पहाडहरू फोडेर समथल बनाउन सकिन्छ रे पहाड मैदान भएपछि राम्रा राम्रा बालीनालीहरू लगाउने रे !' (पृ. ५) । सङ्गठन नै बल हो । साङ्गठनिक रूपमा अगाडि बढ्न सकियो भने असम्भव कार्य सम्भव हुन सक्छ भन्दै इट्टाबिम्बले एकताको भाव व्यक्त गरेको छ । युद्धको विभीषिकाले सताइएकामा एकताको भावनाले शीतल मलम लगाउन सकिन्छ । एकताबद्ध भएपछि सामाजिक कुरीति र कुसंस्कार त्यसै हटेर जान्छन्

भन्ने भाव इट्टाबिम्बमार्फत् व्यक्त गरिएको छ । 'आकाशमाथि कुनै बस्ती छैन । मुक्ति होइन मृत्यु चाहान्छु । आस्थाको ईश्वर भन्दा विश्वासको मान्छे ठूलो हुन्छ' (पृ. ८) । यस एकाङ्कीको पात्र 'पानाबिम्बले' आध्यात्मिकतालाई भन्दा भौतिकतालाई प्रश्रय दिएको पाइन्छ र 'आकाश' शब्दले शून्यतालाई जनाएको छ जहाँ शून्य नै छ बस्ती हुने कुरै भएन र मानिस छुट्कारा भन्दा मृत्युलाई रोज्न तयार भएको र ईश्वर अमुर्तको सङ्केत दिँदै आफू यथार्थमा उभिएको भाव प्रकट गरेको छ । भौतिकवाद भन्नु नै यथार्थलाई अँगाल्नु हो । यथार्थ भनेको नै विज्ञान हो । आध्यात्मिकतालाई अँगाल्दै यस एकाङ्कीको एक पात्र टा. आकृति १ ले भन्छ-'परिस्थिति प्रतीकूल छ कामकाजमा जान सकिंदैन' (पृ. ५) । जताततै हाहाकार, युद्ध, ताण्डव मच्चिएकोले जीवन कठिन छ भनी टा. आकृति १ ले स्वतन्त्रता हनन भएको विचार व्यक्त गरेको छ । यसैक्रममा टा. आकृति २ ले भन्छः 'अनुकूल परिस्थिति निर्माणर्थ भगवान् शंकरलाई पुकार्दै छु' (पृ. ५) । मानिस आफ्नो औकातले भ्याएसम्म कोसिस गर्ने र केही सीप नलागेपछि ईश्वर गुहार्ने प्रवृत्तिलाई चित्रण गर्न खोजिएको छ । विभिन्न धर्मालम्बी यस संसारमा रहेका छन् । सबैले आ-आफ्नो विचारको आँचल पक्रेर आ-आफ्नै तरिकाले चिन्तन प्रस्तुत गरेको पाइन्छ । टा. आकृति २ ले हिन्दू धर्मको प्रतिनिधि पात्रको रूपमा उभिएर आफ्नो मत प्रकट गरेको पाइन्छ ।

यसरी युद्ध पिरामिड एकाङ्कीले यस संसारमा रहेका मानिसमा देखिएको घमण्ड, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा सामाजिक कुरीति कुसंस्कारलाई चिर्दै आपसी युद्धका कारकलाई प्रष्ट प्रस्तुत गर्न खोजेको छ । संसारका मानिसहरू कुनै न कुनै तरहले अरूको खुट्टो तानेर आफू अगाडि बढ्न खोज्ने प्रवृत्ति हावी रहेको भाव प्रकट गरिएको पाइन्छ । अन्त्यमा चारैवटा बिम्बहरू आपसमा ठोकिने, जोडिने र छुट्टिने गर्छन् र सुनसान छाउँछ । सबैले आ-आफ्नो अस्तित्वको लागि युद्ध रोज्छन् । नीलो प्रकाश रेखाले बनेको पिरामिड देखिन्छ जसको बीचमा युद्ध पिरामिड लेखिएको हुन्छ र कथाको समाप्त हुन्छ ।

### ५.१.२ चरित्र चित्रण

युद्ध पिरामिड एकाङ्कीमा हुकुमबिम्ब, पानाबिम्ब, चिढीबिम्ब, इट्टाबिम्ब, टा. आकृति १, टा. आकृति २, टा. आकृति ३, टा. आकृति ४, टा. आकृति ५, पात्रहरू रहेका छन् । हुकुमबिम्ब, पानाबिम्ब, चिढीबिम्ब, इट्टाबिम्ब चारै जना पात्रहरूले विशेष भूमिका खेलेका छन् । यी साङ्केतिक वा मानवेतर पात्रको प्रयोग र प्रकाशको

उचित प्रयोग गरी एकाङ्कीलाई रोचक तुल्याउन खोजिएको छ । विशेष गरेर एकाङ्कीको आादि देखि अन्त्य सम्म हुकुमबिम्बले प्रमुख भूमिका खेलेको पाइन्छ । जसले आधुनिक मानिसहरूमा देखिएको घमण्डले आफै दुःख पाएको अवस्थालाई प्रस्तुत गरेको छ ।

**हुकुमबिम्बको चरित्र चित्रण**

यस एकाङ्कीमा 'हुकुमबिम्ब' मुख्य मञ्चनीय मानवेतर पात्रको रूपमा रहेको छ । ऊ आफ्नो अस्तित्वलाई सर्वेसर्वा ठान्दछ र आफूलाई सर्जक ठान्दछ । आफुमा ईश्वरीय शक्ति रहेको र विश्व मानवहरूमा मानवीयता नभई दरिद्रताले ढमक्कै ढाकेको बताउँछ । मानिसहरू शङ्कालु भावना रहेका र मनको बाघले सताइएका छन् । भौतिक रूपमा मानिस मानिस देखिए तापनि वास्तविक मानव स्वरूप धारण नगरेको ठान्छ । मानिसले गर्ने सबै कार्य केवल नाटकीय कार्य मात्र ठान्छ र सबै केवल लोकलाई देखाउन मात्रै रहेको ठान्दछ । रोगी रोगाउन, शोक शोकाउन, भोका भोकाउन नजानेको विचार प्रकट गर्दछ । बिम्बको रूपमा रहेको पात्रले द्वन्द्वात्मकतालाई प्रश्रय दिएको छ । बाँच्नका लागि सङ्घर्ष भनेझैं मानिस होस् या जुनसुकै प्राणी जगत् त्यतिकै सङ्घर्षरत रहन्छ । मानिस भएर मानिसमा जुन गुण हुनुपर्ने हो सो नभएको भाव व्यक्त गर्छ र भन्छ, 'यो एकादेशको कथा । एकादेशमा एउटा संसार छ । मान्छे छन्, मान्छे छैनन् । चेतना छ, चेतना छैन । धर्म छ धार्मिक छैनन् । ज्ञान छ, ज्ञानी छैनन् । भोक, रोग र सन्ताप छ । भोका भोकाउन जान्दैनन् । रोगी रोगाउन, शोकाउन जान्दैनन् । मृत्यु मर्न जान्दैनन् । एकादेशमा यस्तो संसार छ, सांसारिक छैन ।

*मात्र हावा चल्छ, हुरी चल्छ । घाम उदाउँछ, न्यानो छैन ।*
*जून उदाउँछ, शीतल छैन । पृथ्वी घुम्छ, घुमेजस्तो छैन ।*

बिजुली चम्किदा, मेघ गर्जिदा-भूकम्प जान्छ । बाढी आउँछ, मन बगाउँछ । पहिरो भीरपाखामा नभै मनमा जान्छ । यसर्थ मन छ, बुद्धि छैन । बुद्धि हुँदा मन भएन । एकादेशमा संसार छ, देश छैन । चट्याङ्ले खाएको देशमा शरीर छ, प्राण छैन । मान्छे छन् मानवता छैन । भावना छ, विचार छैन । हृदय छ हार्दिकता छैन । पानी हुँदा जीवन छैन, जीवन हुँदा पानी भएन । हतियार छ, साहस छैन । साहस हुँदा आँट भएन । ढुङ्गा छ, माटो छ, बिउबिजन छ, तर हात छैनन्, पाउ छैनन् । शरीर छ मेरुदण्ड छैन । मेरुदण्ड हुँदा मांशपेशी भएन । आँखा छ, दृष्टि छैन । दृष्टि हुँदा आँखा भएन । सबै छ तर केही छैन ।

उज्यालो छ तर त्यहीभित्र घोर अँध्यारो छ' (पृ. १ र २) । उसले संसारलाई एउटा देश र मानवजीवन र प्राणीजगत्का प्रत्येक क्रियाकलापलाई कथा ठान्छ । यस संसार तथा लोकका मानिस मात्र कहाँ मानिस हुन् । जसमा मानवता नभएको कुरा प्रस्तुत गर्दछ । मानिसमा चेतना, धर्म, ज्ञान, भोक र सन्ताप छ तर चेतना, धार्मिक, ज्ञानी छैनन् । जो भोका छन् तिनीहरू भोकाउन नजान्ने र रोगीहरू रोगाउन शोकाउन नजान्ने कुरा व्यक्त भएको छ । मृत्यु जन्मन, बाँच्न, खान, लगाउन जान्दछ तर मर्न जान्दैन । संसार भएर पनि सांसारिक नभएको भाव व्यक्तिएको छ ।  यहाँ हुरी चल्छ, घाम लाग्छ तर घामको न्यानोको अनुभूति छैन । जुनले शीतलता प्रदान गर्नुपर्ने त्यो हुन सकेको छैन । पृथ्वी घुमिरहन्छ तर घुमेजस्तो छैन । बिजुली चम्कँदा, मेघ गर्जिंदा भुकम्प जान्छ, बाढी आउँदा मन बगाउँछ । पहिरो भिर पाखामा नभइ मनमा जान्छ । त्यसैले न छ; बुद्धि छैन, बुद्धि हुँदा मन भएन । संसार भएर पनि देश रहेन ।

चट्याङ्ले खाएका देशमा केवल शरीर छ तर प्राण छैन, मान्छे भएर पनि मानवता नभएको भावना भएर पनि विचार नभएको हृदय छ, तर हार्दिकता छैन पानी हुँदा जीवन छैन, जीवन हुँदा पानी छैन । हतियार छ, साहस छैन जहाँ साहस छ त्यहाँ आँट छैन । ढुङ्गा माटो र बिउबिजन हुँदा फलाउने हातको अभाव भयो । शरीर भएर के काम शरीरलाई धान्ने मेरुदण्ड नै छैन । बाह्य आँखा छन् तर हेराइ नै छैन, दृष्टि हुँदा आँखा नै भएन । सारा चिज छन् तर केही नभए जस्तो छ । कुनै न कुनै कुराको खड्किरहेको छ । अभावै अभाव र तनावै तनावको यस संसार, यो जीवन केवल जीउँदो लास सरी रहेको भाव हुकुमबिम्बले गरेको छ । मानिस जन्मेपछि मानिसमा मानवता हुनुपर्नेमा आजको मानिसमा मानवीय गुण नभएको केवल जिउँदो लाश सरह आजको मानिस बाँचिरहेको र बाँचिरहनु पर्ने अवस्थालाई हुकुमबिम्बमार्फत् यहाँ देखाइएको छ ।

**पानाबिम्बको चरित्र**

पानाबिम्ब मानवेतर नारी चरित्रको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत पात्र हो । यस संसारमा नारीले आफू खुशी चल्न, हिँड्न, डुल्न नपाउने र प्रकृतिले पनि नारीलाई नै ठगेको भाव व्यक्त भएको छ । जीवनदेखि आक्रान्त भएकी नारी केवल मृत्युवरण गर्न खोज्छे र आमासँग मृत्युको भीख माग्छे । तर सम्पूर्ण सृष्टिकर्ता ईश्‍वर नै रहेको आमाको धारणा सुनेपछि आमालाई जन्मदाता र विधाता सम्पूर्ण आमा भएको कारण उसले आमा नै सर्वेसर्वा ठान्दछे ।

'मृत्यु देऊ ...जीवन भोगीसकेँ ... मृत्यु देऊ । मृत्यु माग्दा, मृत्यु पाइँदैन । जीवन माग्दा जीवन पाइँदैन । के पाइन्छ ? यो देशमा ? हाँस्दा पनि कोही देख्दैनन्, रुँदा पनि कोही सुन्दैनन्, कोही छ विधाता ? देऊ ...मलाई ...मृत्यु ... उज्यालो मृत्यु देऊ विधाता ! जीवन घोर अँध्यारो रहेछ । आमा ! तिमी नै हो जन्मदाता, तिमी नै हो विधाता । सहसमृत्यु देऊ । आमा ! तिमी नै हो जन्मदाता, तिमी नै हो विधाता । सहज मृत्यु देऊ' (पृ. २ र ३) ।

पानाबिम्बले आमालाई नै सर्वेसर्वा ठानेकी छे । जन्मदाता नै विधाता रहेको हो आमासँग मृत्युरूपी भिक्षा मागेकी छे । पानाबिम्ब पात्रमार्फत् एकाङ्कीकारले हामी साराका सारा आफ्नो इच्छा अनुसार चल्न सक्दैनौँ । हामी प्रकृतिसँग लड्न सक्दैनौँ । न आफूले चाहेर मृत्युवरण गर्न सक्छौँ, न त बाँच्न नै । सुख पाएको कसैले देख्दैन न त दुःख पाएको नै कसैले देख्छ । यस संसारमा त्यस्तो खालको व्यवस्थापक वा निर्माता कोही पनि छैन । यदि निर्माता या व्यवस्थापक कोही हुँदो हो त मृत्यु माग्दा मृत्यु दिन सक्नुपर्ने जीवन माग्दा जीवन दिन सक्नुपर्ने । दुःख सुखमा साथ मिलाउन सक्नु पर्ने । त्यसैले व्यवस्थापक कोही भए मृत्यु देऊ भनेर पानाबिम्बले मृत्यु मागेको हो । सुखसँग मर्न पाउने माग गर्दै अन्धकाररूपी जीवनलाई नअपनाउने कुरा आफ्नी आमासँग व्यक्त गर्छे । आमा नै जन्मदाता र सृष्टिकर्ता भएकाले नै सहज मृत्यु प्राप्त आमाबाट नै हुन्छ भन्ने भाव प्रकट गरिएको पाइन्छ । अभाव र दारिद्रताले ईश्वरको कुनै औचित्य राखेको छैन । मानिसमा विश्वास भन्ने कुरा गुमेको भाव व्यक्त भएको छ । पानाबिम्ब मार्फत् भौतिक धारण व्यक्त गरिएको छ । भौतिकवाद र अध्यत्मवादको द्वन्द्वात्मकता यस एकाङ्कीमा पाइन्छ ।

**चिढीबिम्बको चरित्र**

एकाङ्कीकारले चिढीबिम्बमार्फत् सम्पूर्ण आमा वा जननीको भूमिका निर्वाह गराएका छन् । आमामा धैर्य धारण गर्ने शक्ति हुन्छ भन्ने भाव चिढीबिम्बमार्फत् प्रस्तुत गरिएको छ । आध्यात्मिक विचार धारा चिढीबिम्बमार्फत् प्रस्तुत गरिएको छ । आत्तिएर कुनै कुरा प्रस्तुत गर्न सकिँदैन । धैर्यता अपनाउनु नै सबैभन्दा उत्तम हुन्छ भनी आफ्नै छोरी पानाबिम्बलाई सल्लाह र सुझाव दिएकी छन् । आफू छोरी भएर विभिन्न जटिल समस्याहरूको सामना गरिरहेकी छन् । कसैको साथ लिएर न की सबै आफ्नै खुट्टामा उभिनु पर्ने भाव चिढीबिम्बमार्फत् प्रकट गरिएको छ । सबै मानिसहरू आपसी द्वन्द्व न कि मेलमिलाप गरेर हातेमालो गरी अगाडि बढ्न सक्यो भने परिवर्तनको वाहक बन्न सकिन्छ भन्ने सङ्केत चिढीबिम्बमार्फत् प्रकट गरिएको छ ।

### इट्टाबिम्बको चरित्र

इट्टाबिम्ब चरित्रमार्फत् युद्ध हुनका कारणको बारेमा बताइएको छ । हामी सबै सोझा हुनुले नै सबै दुर्गतीतिर लम्किएको अनि दुःखी बनेको भाव प्रकट भएको छ । हामी अभावसँग भिड्न सक्दैनौँ, जसका कारण हामी कायर छौँ, हामी कृत्रिमतामा रमाउँछौ तर प्रकृतिलाई आफ्नो बहसमा पार्न खोज्छौँ र द्वन्द्वमा होमिन पुग्छौँ । जसका कारण हामी असक्षम र असफल जीवन बिताउन वाध्य छौँ । द्वन्द्वात्मकतामा नगइ एकताबद्ध हुनुपर्नेमा इट्टाबिम्बले भन्छ : 'उनीहरू सङ्गठन निर्माण गर्दैछन् । पहिला सबै मिल्नुपर्छ रे, तवमात्र पहाड फोरेर समथल बनाउन सकिन्छ रे । पहाड मैदान भएपछि राम्रा राम्रा बालीनाली लगाउने रे' (पृ. ५) । जो मानिस भौतिकवादी छ तिनीहरू सङ्गठन निर्माण गरेर सबै मिल्ने र पहाडहरू फोरी समथर बनाउन खोजिरहेका छन् । पहाड मैदान भएपछि राम्रा राम्रा बालीनालीहरू लगाउन पाइन्छ भन्ने विश्वासमा तिनीहरू रहेको भाव इट्टाबिम्बले प्रयोग गरेको पाइन्छ । यहाँ अध्यात्मवाद र भौतिकवादको द्वन्द्वात्मक अवस्थालाई औँल्यएको पाइन्छ । आफ्नो जीवनलाई राम्रोसँग बुझ्नुपर्ने कुरा इट्टाबिम्ब प्रस्तुत गर्दछ । धार्मिक आस्था बोकेर ईश्वरको नाम लियो भने सहज मृत्युवरण गर्न सकिने भाव प्रकट गर्दछ । आजकल मानिस सुखसयलमा जीवन यापन गर्न लागेको । हलो, कुटो र कोदालो खेतमा मिल्काएर धानका बाला पनि माटोमुनि पुरेको अवस्थालाई व्यक्त गरेको छ । मानिस अभावै अभावले बाँचेको छ । जहाँ अभाव त्यहाँ तनाव भनेझैँ अब युद्धको आरम्भ भई त्यस युद्धले तारा र उज्यालो ज्योतिलाई जन्म दिने कुरा यहाँ प्रकट गरिएको छ । तारा र उज्यालो ज्योतिले मानिसमा सुखसयल र मानवविकास तथा देश विकासलाई सङ्केत गरेको छ ।

### टाउको आकृतिको चरित्र

मानवेतर चरित्रका रूपमा प्रस्तुत भएको टाउको आकृति १ ले वर्तमान परिस्थिति प्रतीकूल रहेको र कामकाजमा जान नसकेको अवस्थालाई जनाएको छ । काम काजमा जानको लागि कामदार सबै एकत्रित हुनुपर्ने र सबैलाई समानताको मालामा गाँस्नु पर्ने विचार व्यक्त गरेको छ । सबै काम योजनाबद्ध गर्नु पर्ने र कालान्तरमा यस्ता भोकमरी समाप्त हुने कुरालाई जोड दिएको छ । दीर्घकालीन भोक मुक्तिका लाागि सङ्गठित हुनु अत्यावश्यक देखिएको छ । यसरी संगठित भएर अगाािडि बढ्यो भने अभाव र तनावमा बाँच्नु पर्दैन र सबै मानिसहरू एकत्रित भएर अगाडि बढ्नु पर्ने सन्देश टा. आकृति १ ले

प्रस्तुत गरेको छ । यस्तै **टाउको आकृति २** मानवेतर चरित्र हो । जसले आध्यात्मिक भावनाले ओतप्रोत प्रतिनिधि पात्रको भूमिका खेलेको पाइन्छ । अध्यात्मवाद र भौतिकवादको द्वन्द्वात्मकता रहेको युद्धपिरामिड एकाङ्कीमा हिन्दू धर्मालम्बीको भगवान् शङ्करको नाम पुकारेको कुरा बताइएको छ । अनुकूल परिस्थिति निम्त्याउने केवल भगवान् नै हुन् भन्ने भाव यहाँ टा. आकृति २, चरित्र मार्फत् प्रस्तुत गरिएको छ । यस्तै **टाउको आकृति ३.** मानवेतर चरित्र हो । जसले पनि आध्यात्मिक विचार फरक बाटो वा फरक भगवान्को नाम जपेको छ । अनुकूल परिस्थिति निर्माणर्थ एशुखिष्टलाई पुकारेको वताइएको छ । यहाँ विचार अध्यात्म तर फरक भगवान्को नाम लिएको चरित्र टा. आकृति ३ छ । यस्तै टाउको आकृति ४ र ५ ले अनुकूल परिस्थिति ल्याउन नवाज पढ्ने र कुराण पढ्ने गरेको बताएका छन् । यी धार्मिक ग्रन्थको अध्यायनबाट आध्यात्मिक बाटो बाट मात्रै शान्ति, अमन चैन र सुव्यवस्था हुन सक्ने अवस्था प्रस्तुत गरेका छन् ।

### ५.१.३ संवाद

युद्धपिरामिड एकाङ्कीमा गद्यमय संवादको प्रयोग भएको छ । संवादमा प्रयोग गरिएका वाक्य लामा छैनन् । संवाद एक हरफदेखि बाइस हरफसम्मका छन् । संवादमा सहजता, वास्तविकता अनि यथार्थता पाइन्छ । त्यसैगरी एकाङ्कीमा हुकुमबिम्बका १४, पानाबिम्बका ३१, चिढीबिम्बका २५, इट्टाबिम्बका १९, टा. आकृति १ का ४ र टा. आकृति २, ३, ४ र ५ का एक-एक संवाद रहेका छन् । हुकुमबिम्बले प्रयोग गरेका संवादमा आधुनिक मानवजीवनमा मानिसले भोग्नु परेका द्वन्द्वात्मक परिस्थितिहरूलाई प्रस्तुत गरिएको छ । यस संवादमा अहिले सबै मानिसहरू द्वन्द्वका कारण त्रसित छन् । शरीर भएर पनि जिउँदो लास सरह रहेको अवस्था छ । आजको मानिसमा मानवता, विचार र भावना शून्य भएको छ । हृदय भएर पनि हार्दिकता छैन । हतियार भएर पनि त्यसको प्रयोग गर्ने साहस र तरिका नभएको कुरा व्यक्त भएको छ । उब्जाउ गर्ने ठाउँ हुँदा उब्जाउ गर्ने हात नभएको र शरीरलाई धान्न सक्ने मेरुदण्डको अभाव रहेको मेरुदण्ड भएर पनि मांशपेशीको अभाव देखिएको छ । आँखा भएर पनि त्यसको हेराइ राम्रो नभएको र सबै थोक भएर पनि त्यसको प्रयोग र उपयोग गर्ने अवस्था नदेखिएको विचार हुकुमबिम्ब मार्फत् प्रस्तुत गरिएको छ । ‘चट्याङ्ले खाएको देशमा शरीर छ, प्राण छैन । मान्छे छन्, मानवता छैन । भावना छ विचार छैन । हृदय छ हार्दिकता छैन । पानी हुँदा जीवन छैन, जीवन हुँदा

पानी भएन । (असिना परेको आभास हुन्छ) हतियार छ, साहस छैन । साहस हुँदा आँट भएन । ढुङ्गा छ, माटो छ, बिउबिजन छ तर हात छैनन् पाउ छैनन् । शरीर छ, मेरुदण्ड छैन । मेरुदण्ड हुँदा मांशपेशी भएन । आँखा छ, दृष्टि छैन । दृष्टि हुँदा आँखा भएन । सबै छ तर केही छैन । उज्यालो छ तर त्यहीभित्र घोर अँध्यारो छ' (पृ. १ र २) ।

### ५.१.४ भाषाशैली

प्रस्तुत युद्ध पिरामिड एकाङ्कीमा प्रतीकात्मक भाषाशैलीको प्रयोग गरिएको छ । प्रकाशको बढी प्रयोग गरिएको छ । सामान्य आदर र कताकति निम्न आदरको पनि प्रयोग पाइन्छ । आध्यात्मिकतालाई आधुनिक शैलीमा जस्ताको तस्तै प्रयोग गरिएको छ । भौतिक, आध्यात्मिक, वैचारिक तथा बौद्धिक द्वन्द्व प्रस्तुत गरिएको छ । सामान्य पाठकका लागि केही जटिल तर वैज्ञानिकताले पूर्ण यस एकाङ्कीमा वैज्ञाकि आधार पर्याप्त मात्रामा पाइन्छ । आजको मानिसले प्रकृतिसँग सिँगौरी खेल्न खेज्दा हार खाइ मानिसहरूमा अहम्ता बढेको देखिएको छ । एकाङ्कीमा तत्सम, तत्भव र आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । लाश पर्नु, भुखमरी पर्नु, मन बाँधिनु आदि टुक्काहरूको प्रयोग भएको पाइन्छ । सामान्य एवम् बौद्धिक पाठक सबैका लागि भाषाशैली बोधगम्य छ ।

### ५.१.५ द्वन्द्वविधान

युद्धपिरामिड एकाङ्की द्वन्द्वका दृष्टिकोणले महत्त्वपूर्ण छ । यसमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्व प्रयोग भएको पाइन्छ । हुकुम बिम्बले आफ्नो अन्तर हृदयमा संसार, मान्छे, चेतना, धर्म, ज्ञान, भोक, रोग, सन्ताप आदि रहेको तर मानवीयता, चेतना, धार्मिक, ज्ञानी, भोकाउन, रोगाउन, शोकाउन नरहेको कुरा आन्तरिक द्वन्द्वले चरम रूप लिएको पाइन्छ । पानाबिम्ब र चिढीबिम्बबिचको द्वन्द्व-वाह्य द्वन्द्वको रूपमा रहेको छ । पानाबिम्बले उसको ईश्वरप्रति विश्वास गरेको भाव प्रकट गरेको पाइन्छ । यहाँ धार्मिक र आध्यात्मिक द्वन्द्व पनि रहेको पाइन्छ । चिढीबिम्ब र पाना बिम्ब आध्यात्मिक धारमा उभिएर ईश्वरिय शक्तिको बारेमा बाह्य द्वन्द्वात्मक अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ । यसरी आध्यात्मिक र भौतिक द्वन्द्वलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ साथै नारी र पुरुष बीचको भिन्नता तथा नारी र पुरुषलाई हेर्ने दृष्टिकोण पनि फरक रहेको पाइन्छ ।

### ५.१.६ वातावरण

युद्ध पिरामिड एकाङ्कीले प्रस्तुत गरेको सामाजिक, आध्यात्मिक, भौतिक र मानवीय जीवन, देशकाल वातावरण सापेक्ष देखिन्छ । यसमा वर्तमान अवस्थाका आम मानिसहरूको यथार्थ चारित्रिक क्रियाकलापलाई प्रस्तुत गरिएको पाइन्छ । मानिसको दरिद्रता, गरिबी, अल्छिपन, घमण्ड, दुष्ट्याईं आदि अवस्थालाई प्रस्तुत गरिएको छ । आजकलका मानिसमा देखिएको अहम् भावनालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ। यस संसारमा विभिन्न चरित्र भएका मानिसहरू रहेका छन् । सामाजिक विभेद, लिङ्ग भेद, शक्तिको असन्तुलन साथै अध्यात्मतर्फ संसारमा जे जति धर्मालम्बीहरू छन् तिनीहरूको धार्मिक स्थितिलाई प्रस्तुत गरिएको छ। तिनीहरूले आपतकालीन समयमा पनि आ-आफ्ना भगवान्लाई सम्झने गरेको धार्मिक अवस्थालाई जनाइएको छ । भौतिक पक्ष भन्नाले संसारमा जे जस्तो भोग्य र अनुभूति रहेको छ सो नै यथार्थ वा भौतिकता हो भन्ने कुरालाई पनि जोड दिइएको पाइन्छ । चिढीबिम्ब र पानाबिम्बको सम्वादमा छोरी मान्छे वा नारी पृथ्वी जस्तै धैर्यवान् बन्नु पर्ने अवस्थालाई औंल्याइएको पाइन्छ । अहिले सनसनी र सन्त्रासयुक्त अवस्थालाई मानव स्वयम्ले द्वन्द्वात्मकताको रूपमा निम्त्याएर युद्ध भएको अवस्था छ । जहाँ मान्छेका टाउकाहरू थुपारिएको छ। मान्छेमा मानवीयता भन्दा दरिद्रता बढी रहेको पाइन्छ।

### ५.१.७ रङ्गमञ्चीयता

एकाङ्कीको कथावस्तुलाई रङ्गमञ्चमा प्रस्तुत गर्न कठिन मिहिनेतको आवश्यकता पर्दछ। पात्रका विचार, तर्क आदिलाई बोलेर नै प्रस्तुत गर्नुपर्ने भएकाले वाचिक अभिनयकै प्राधान्य देखिन्छ साथै प्रकाशको प्रयोग पनि उत्तिकै प्रमुख रहेको पाइन्छ । बिम्ब र प्रतीकहरूको प्रयोग गरिएकोले विज्ञान प्रविधिहरूको प्रयोग गर्नुपर्ने यहाँ देखिन्छ । बिजुली चम्किँदा, मेघ गर्जिंदा, प्रकाशपुञ्जहरूको प्रयोग गर्दा विज्ञान प्रविधिको प्रयोग गरिनु पर्ने देखिन्छ। त्यसैले यो एकाङ्की वैज्ञानिक रहेको पाइन्छ। एकाङ्कीमा केही मात्रामा आङ्गिक अभिनय पनि समाविष्ट छन्। यसमा हात, खुट्टा, आँखा र सम्पूर्ण शरीरकै अभिनय मुख्य रूपमा देखिन्छ। सामूहिक भक्ति गानमा लाग्नु, पानाबिम्बले कपडा फुकालेर फाल्नु आदि अभिनयमा शरीर र शरीरका अङ्गहरूको सञ्चालनबाट प्रस्तुत गर्न सकिन्छ। हलो कुटोमा खिया लाग्नु, खेतवारी बाँझै देखिनु जस्ता घटना सात्विक अभिनयद्वारा प्रस्तुत गर्न सकिन्छ

। भने दृश्य प्रस्तुत गर्दा आहार्य अभिनयको आवश्यकता पर्दछ । एकाङ्की शुरुदेखि अन्त्यसम्ममा प्रकाशको प्रयोग पाइन्छ ।

### ५.१.८ विचार पक्ष

एकाङ्कीकारले युद्‌ध पिरामिड एकाङ्कीमा आजको मानव चरित्रलाई जस्ताको तस्तै हुने गरी नाट्यशैलीमा प्रस्तुत गरेका छन् । आजको यस संसारका मानिसहरूमा दरिद्रता, घमण्ड, छुच्याइँ, अल्छिपन, इर्ष्या आदि रहेको देखाएका छन् । आजका मानिसहरू केवल मानव खोल ओढेर मानिसहरूमाथि नै दरिद्रता प्रस्तुत गरेको देखाएका छन् । चेतना, धर्म, ज्ञान भएर पनि चेतना, धार्मिक र ज्ञानी बन्न नसकेको आजको मानव चरित्रलाई छर्लङ्ग हुने गरी प्रस्तुत गरिएको छ । युद्‌ध विभीषिकाले मानिसहरूलाई तुल्याइदिएको भाव यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । मानिसहरूमा साङ्गठनिक मत नभएकै कारण विभिन्न खाले समस्या झेल्नु परेको अवस्था देखाइएको छ । भावना भएर पनि विचार नभएका मानिसहरू यस संसारमा रहेका छन् । आजका मानिसहरू यथार्थता र व्यवहरिकता नभई केवल सपना र कल्पनामा डुबेर सिद्‌धान्तको टुनामुना गरिरहने तितो यथार्थलाई यसमा पस्किइएको छ । मान्छे आफू सिन्को उठाउने होइन एक आपसमा आरोप प्रत्यारोप लगाउने बानी रहेको कुरा व्यक्त गरिएको छ ।

युद्‌धपिरामिड एकाङ्कीले यथार्थको धरातलमा टेकेर सामाजिक क्रियाकलापहरूको व्यङ्ग्यात्मकता प्रस्तुत गरेको छ । जो आफूलाई मानव भनी संसारको शक्तिशाली ठान्छ, त्यसले भय र त्रास फैलाउने काम गरेको छ । मानिस भएर मानवीयता नकि दानवीयतालाई अँगालेको पाइएको छ । सोझा साझा संसारका मानिसलाई आफू टाठाबाठा भनाउँदाहरूले विभिन्न वहानामा डर, त्रास र भयको वातावरण सिर्जना गरिदिएको अवस्था प्रस्तुत गरिएको छ । मानिसमा भौतिक रूपको बाढीपहिरो नआइकन केवल मनमा बाढीपहिरो आएको र ढुक्क तरिकाले बाँच्न नसकेको अवस्था यहाँ प्रस्तुत गरिएको छ । विज्ञान प्रविधिहरूको विकास भएको र त्यस विज्ञान प्रविधिको सही तरिकाको प्रयोग नगरिएको अवस्था प्रस्तुत गरिएको छ । यस एकाङ्कीमा एकाङ्कीकारले विश्वमा देखिएको मानवीय विकृति र विसङ्गतिलाई प्रतीकात्मक रूपमा व्यङ्ग्यात्मक पाराले प्रस्तुत गर्न खोजेका छन् । विश्वमा सबै मानिस खराब र सबै मानिस असल नहुने र उद्‌दण्ड खालका व्यक्तिहरू पनि यस समाजमा देखापरेका कुरालाई प्रस्तुत गरिएको छ । एकाङ्कीकारले

विश्व मानव जगत्मा बढ्दै गएका विकृति र विसङ्गतिलाई चिर्दै आममानवमा रहेका इर्ष्या, घमण्ड, द्वन्द्व, सामाजिक भेद, लैङ्गिक भेद, धार्मिक भेद आदि अवस्थालाई चित्रण गरेको पाइन्छ । मानिस भएर मानवता नभइ दानवीय प्रवृत्ति भएको यथार्थलाई पस्किएको पाइन्छ । यसरी यस एकाङ्कीमा विज्ञान प्रविधिको प्रयोग गर्दै आजको मानिसमा देखिएका उदण्ड, ईष्या, डाह, सामाजिक भेद, धार्मिक भेद र लिङ्ग भेदका कारण द्वन्द्वात्मक परिस्थिति सिर्जना भएको अवस्थालाई देखाउन खोजिएको छ । मानवेतर पात्रहरूको प्रयोग गरी आजको माजव चरित्रलाई यथार्थ रूपमा प्रस्तुत गर्न खोजिएको छ । यस विश्वमानव जगत्मा देखिएका विभिन्न घटनालाई यथार्थ रूपमा यस एकाङ्कीमा प्रस्तुत गर्न खोजिएको छ ।

### ५.१.९ उद्देश्य

यस एकाङ्कीमा जो सम्पन्नशाली छन् तिनीहरूले आफ्नो दानवीय रूप देखाएर युद्ध विभीषिकाको जाल रची निमुखालाई युद्धमा होम्ने काम गरेको र डर, त्रास पैदा गराइएको छ । मानिस आफ्नै स्वेच्छाले बाँच्न नपाइ डर, त्रास धम्कीपूर्ण वातावरणमा रहनुपर्ने बाध्यता नै यसको प्रमुख उद्देश्य हो । मानिसहरूमा मानवीयतालाई आत्मसात् गर्दै एक र साङ्गठनिक रूपमा स्वतन्त्र भई बाँच्न सक्यो भने असम्भव काम सम्भव तुल्याउन सकिन्छ र जीवनलाई सुखमय बनाउन सकिन्छ । जीवन सुखमय बन्नु भनेको नै युद्ध रोकिनु हो । हुकुमबिम्ब पात्रमार्फत् एक भए मात्रै धर्ती हराभरा बनाउन सकिन्छ र चारैतिर सुख शान्ति मिल्छ भन्ने कुरा प्रष्ट पारिएको छ ।

## ५.२ आदर्श लेखक एकाङ्कीको विश्लेषण

### ५.२.१ कथावस्तु

प्रस्तुत एकाङ्कीमा एकाङ्कीकारले आजकलका लेखक भनाउँदा केवल दिमागमै गिर्खा परेजस्ता र अरूलाई भ्रममा बाँच्न लगाउनेहरू अमिलो चेतना दिएर खाली कागजमाथि बलत्कारबाहेक केही गर्न नजानेका भनी एउटा आदर्श लेखकको भाव व्यक्त गरेका छन् । त्यो कुरा लेखकले केवल कङ्काल ठान्थ्यो तर युग सापेक्ष रहेछन् जो किताब पढेको मान्छे रहेछ । यस संसारमा जे जति प्रकृतिका देन छन् ती सबै पढ्न र देख्न सकिन्छ तर लेख्न सकिँदैन भनेर आदर्श लेखकको पात्र छायाँ बताउँछ । कवि वा लेखक भनाउँदाहरू

भावनाको संसार ठूलो देख्छन् । पिँजडामय भावमा परेवामय विवेक अटाएर पोखिन्छन् र यसरी विवेक पोखेर कवि बन्छन् । जो कविहरू घरको पिँजरामा सुगा थुन्छन् र स्वतन्त्रताका कविता लेख्छन् अनि आफूलाई कवि वा लेखक ठान्छन् भनी यस एकाङ्कीको पात्र छायाँमार्फत् एकाङ्कीकारले व्यक्त गर्दछन् । जसरी सुँगुर फोहोरमा रमाउँछ त्यस्तै गरी कविहरू जे देख्छन् त्यसलाई आवेगमा उतार्न खोज्छन् । यथार्थको धरातलमा नपुगी आवेगात्मक कविता वा लेख लेख्छन् जसले गर्दा आफूलाई एउटा कच्ची र वेकारको लेखकको रूपमा चिनाउँछन् । वास्तवमा आदर्श लेखक बन्न समाज, सम्पूर्ण देश, ज्ञानविज्ञान, सम्पूर्ण धर्मका सार र चिन्तन हुनुपर्छ अनि मात्र आदर्श लेखक बन्न सकिन्छ भन्ने भाव व्यक्त भएको छ ।

आदर्श लेखक त्यस्तो लेखक हो जसले आफ्नो न अर्काको सबैको पीर मर्का बुझेको हुन्छ । ऊ केवल कोरा कागजको बलत्कारीको रूपमा रहन सक्दैन । भूतको कथा लेख्नेहरूको दिमागलाई असिनाको खातको संज्ञा दिइएको छ । जसले आफूलाई परिवर्तन गर्न सक्दैन त्यस्तोलाई असिनाको संज्ञा दिइएको छ । घामलाई देख्न र पढ्न सकिने तर लेख्न नसकिने अवस्था प्रकट गरिएको छ । अनुभूतिको संसार विशाल छ, कल्पनाको संसार पनि अमृतमय रहेको भाव प्रकट गरिएको छ । जीवन भनेको प्रकाश र विचारको अनन्तता हो । भावुकता र आवेगात्मक भाव पोखी कवि बन्नेहरू सुगालाई पिँजडाभित्र थुनेर स्वतन्त्रताको कविता लेख्न थाल्दछन् । जसरी सुँगुरलाई फोहोर र देवतालाई अत्तर मन पर्दछ कवि वा लेखक भनाउँदाहरू केवल सतही बहन्छन् । गहिराइमा पुग्न सक्दैनन् । युग सापेक्ष चल्ने हुनाले त्यस्तो सिर्जना वा सर्जकलाई आदर्श लेखक भन्न सकिन्छ । नितान्त आफ्ना व्यक्तिगत झै-झगडामा पनि भावनामा बगेर लेख वा कविता तयार पार्छ भने त्यो वास्तविक लेखक होइन भनि यस एकाङ्कीको पात्र छायाँ प्रस्तुत गर्दछ । त्यो त केवल कोरा किताबको वलत्कारी मात्र हो । उसले जीवनको वास्तविकतालाई बुझ्न सकेन, शब्द लेख्ने तर नचिन्ने लेखक प्रैम मात्र गर्छ तर वलत्कार गर्दैन । आदर्श लेखक केवल युग सापेक्ष चल्नुपर्छ भन्दै आदर्श लेखक भन्छ : 'गिर्खा परेका मगजहरू; भ्रममा बाँच्छन् र बाँच्न निर्देश गर्छन् । अमिलो चेतना ! कोरा  कागजमाथिको बलत्कार एउटा लगभग विद्वानले भनेथ्यो आखिर ऊ ठिकै रहेछ' (युद्धपिरामिड, पृ. ११) ।

परम्परागत सोच र विचारलाई लाद्ने अनि व्यक्तिगत स्वार्थमा लागेकाहरूको भावनालाई आदर्श लेखक भन्न नमिल्ने र जसले समय सापेक्ष चलेर भौतिक अभौतिक तथा

समग्र मानव जीवनको क्रियाकलापलाई शब्दमार्फत् उतार्छ त्यो नै आदर्श लेखक हुन्छ भन्ने भाव यहाँ पाइन्छ । वास्तविक लेखक त्यो हो जसले पिँजडाभित्र सुगा पाल्दैन, लेखक अमूर्त छ, मीठो अनुकम्पा दिन्छ, व्यक्तिगत स्वार्थ र झैझगडालाई पाखा लगाएर स्वतन्त्र र निस्वार्थ रूपमा अगाडि बढ्छ, जो त्यो लेखक नै महान् लेखक हो र त्यो नै आदर्श लेखक हो भन्दै यस एकाङ्कीको पात्र छायाँ बताउँछ । नितान्त व्यक्तिगत समस्यालाई पनि लेखेर लेखक बन्न चाहनेहरू धेरै छन् भन्दै आदर्श लेखकको पात्र छायाँ भन्छ : 'स्वास्नी रिसाई; माइत गई उसलाई झोक चल्यो; ऊ वन जान पाएन; त्यसैले लेख्यो । आमा रिसाइन् उसले लेख्यो । मामा रिसाए गाली गर्न उसले लेख्यो । साहु करायो; ऋण तिर्न सकेन, लेख्यो; ऊ लेखक भयो' (युद्धपिरामिड, पृ. १२) ।

लेखक विभिन्न रूप, स्वरूप अनि विभिन्न रङ्का हुन्छन् । जसले जीवनलाई अक्षरमा ढाल्ने अनि घरलाई अक्षरबाट प्रस्तुत गर्ने गर्दछन् । वास्तविक लेखक अमूर्त हुन्छ भन्दै आदर्श लेखकको पात्र भन्छ : 'किताब आकारमय हुन्छ त्यसैले लेखक तुहिएपछि किताब जन्मिन्छ भन्दै किताबमा मगजका धर्साहरू मात्रै हुने र किताबमा लेखक नहुने भाव प्रकट भएको छ ।' किताबमा छप्परबाट झरेको तपतपाउँदो पानी, बलेंसीको निर्दोष भल बलेसीको खम्बामय चित्र, लहलहउँदो ज्ञानको बाली नहुने र लेखक किताब नभएको विचार प्रकट गर्दछ । लेखकको रङ्गमय अर्थ लगाउँदै पहेँलो प्रकाश लेखक हुनुको अर्थ, निलो ज्योति लेखकीय अन्तरज्ञान, सेतो लेखकको विरोधी यथास्थिति; कालो रङ कलमको उत्खनन् रातो रङ् रक्त चेतना र हरियो रङ्ले लेखकको स्वप्रवृत्ति कागजको धर्म वैजनी रङ् कोरा कागजका बलत्कारीहरू हुन् भनी आदर्श लेखकको पात्र छायाँ बताउँछ । प्रकाश नहुनेसित ज्ञान नभएको र आँखा अर्थात् ज्ञान लेखकको अर्को नाम रहेको यस एकाङ्कीको पात्र छायाँ बताउँछ । लेखक अक्षरहरूमा फिजिँदैन, अखबारमा छापिँदैन, केवल भँगेराको आहाराको रूपमा, लेखकहरू त अन्नको भन्दा ज्ञानका भोका हुन्छन् । त्यसैले आदर्श लेखक भन्छ ज्ञानको पर्याय नै लेखक हो ।

शिक्षक लेखक बन्न सक्दैन किनकि शिक्षक केवल बोक्रा पढाउँछ तर गुदी बिर्सन्छ, त्यस्तै लेखक न त आलोचक न त समालोचक नै । वास्तविक लेखक वा आदर्श लेखक भनेको कडा खालका किताबका अन्वेषक हुन् जो जीवनको महान् अन्वेषक हो भन्दै आदर्श लेखकको पात्र छायाँ बताउँछः 'दुवै पाषण जस्ता किताबका अन्वेषक ! लेखक जीवनको महान अन्वेषक हो' (युद्धपिरामिड, पृ. १३) । लेख्न चाहनेहरूलाई लेख्न दिनुपर्ने र

लेखकहरूको विचार तिनीहरूको शरीर हो र कल्पना तिनीहरूको आत्मा हो । जो विचार र कल्पनाको वाइपङ्खीमा सवार हुन्छन् । तिनीहरू नै लेखक हुन् । लेखक भनेका हेलेन केलर, टिसियन, टर्नर, शेक्सपियर, गेटे, बाल्जाक, मिल्टन, बाग्नर, सोफोक्लिज, प्लेटो, मार्लोहरूको दृश्यपरिदृश्य हो भनेका छन् । त्यस्तै गरेर शेली, देवकोटा, लेखनाथ, बालकृष्ण, भूपी शेरचन, माधव घिमिरे, मुकुन्दशरण, रविलाल, सरुभक्तहरूको साझा हरियो चेतनाको साझा बस्ती हो र तिनीहरू नै आदर्श लेखक हुन् जसमा ज्ञान र विज्ञानको सार रहेको छ । यसरी यस एकाङ्कीमा वास्तविक लेखक जसले नितान्त व्यक्तिगत विचारलाई भन्दा समग्र जीवनको सार वा ज्ञान र विज्ञानलाई प्रस्तुत गर्न सक्दछ । जसले व्यक्तिगत रिस र आवेशमा आएर लेख लेख्दछ । त्यस्ता लेखक वास्तविक वा आदर्श लेखक होइनन् भनी एकाङ्कीकारले यस एकाङ्कीको प्रमुख एक मात्र पात्र छायाँमार्फत् प्रस्तुत गरिएको छ । तिनीहरू केवल भावावेगमा आएर व्यक्तिगत स्वार्थ मात्र हो भनिएको छ ।

### ५.२.२ चरित्र चित्रण

आदर्श लेखक एकाङ्कीमा छायाँ एक मात्र पात्र रहेको छ । यस एकाङ्कीको पात्र 'छायाँ'ले वास्तविक लेखक वा आदर्श लेखक त्यो हो जसले जीवन जगत्का हरेक कृयाकलापलाई समेटेर भावहरू प्रकट गर्दछ भन्ने विचार प्रकट गरेको छ । एकाङ्कीको एक मात्र पात्र छायाँले वर्तमान परिवेशमा थुप्रै लेखकहरू छन् तर वास्तविक लेखक निकै सिमित रहेको भाव व्यक्त गरेको छ । जो लेखन कार्यमा लागेर समग्र जीवन जगत्का हरेक क्रियाकलापलाई यथार्थमा प्रस्तुत गर्न जान्दछ त्यो नै आदर्श लेखक हो । जसले आवेशमा आएर कोरा कागजमा बलत्कार गरेको हुन्छ त्यस्तालाई लेखक वा आदर्श लेखक भन्न नमिल्ने कुरा व्यक्त गरेको छ । आजका लेखक जो आफ्नो स्वार्थ सिद्ध गर्न आफूले भनेजस्तो भएन भने त्यस्तो बेलामा कवितामार्फत् छेडछाड हान्ने प्रचलन रहेको र यस्तो लेखन वा लेखकलाई आदर्श लेखक नभनिने कुरा व्यक्त गर्दै भन्छः 'स्वास्नी रिसाई; माइत गई । उसलाई झोक चल्यो; ऊ वन जान पाएन; त्यसैले लेख्यो । आमा रिसाइन् उसले लेख्यो । मामा रिसाए गाली गर्न उसले लेख्यो । लेखक भयो तर जीवनको चित्रकारी जादु लेखेन । अक्षर लेख्यो अक्षर लेखेन । शब्द लेख्यो शब्द चिनेन । विचरा बलत्कारी टिठ लाग्दा हुन्छन् । लेखक प्रेम गर्छ, बलत्कार गर्दैन । विज्ञापित हुन्छ, विज्ञापन गर्दैन' (युद्ध पिरापिड पृ. १२) ।

लेखकलाई विभिन्न रङ्को सङ्केत दिँदै भन्छ लेखक तुहिएपछि किताब बन्ने कुरा यस एकाङ्कीको प्रमुख पात्र छायाँ व्यक्त गर्दछ । त्यसैले किताबमा लेखक नहुने कुरा व्यक्त गरिएको छ । लेखकलाई विभिन्न रङ्ले सङ्केत गर्ने क्रममा भनिएको छ पहेँलो प्रकाश लेखक हुनुको अर्थ हो भनिएको छ जसले के सङ्केत गर्छ भने जो आदर्श लेखक हो त्यसले नितान्त व्यक्तिगत स्वार्थलाई त्यागेको हुन्छ र भौतिक अर्थलाई भन्दा हृदयलाई फराकिलो पार्न चाहन्छ र त्यागी बन्न सक्दछ भन्ने हो । त्यस्तै निलो ज्योति भनेको लेखकको भित्रैबाट आउने ज्ञान हो । सेतो रङ्ग भनेको लेखकको बिरोधी हो जुन रङ्ले यथास्थितिवादलाई सङ्केत गर्दछ । कालो रङ्ले कलमको उत्खनन, रातो रङ्ले रक्त चेतन, हरियो रङ्ग लेखकको स्वप्रवृत्ति-कागजको धर्म हो भने वैजनी रङ्ग कोरा कागजका बलत्कारीहरू जो लेखकका कलङ्कका रूपमा प्रस्तुत गरेका छन् । ज्ञान वा आँखा लेखकको अर्को नाम भएको र अखवारमा छापिने लेखक अक्षरहरूमा फिँजिने लेखकहरू वास्तविक लेखक नभएको भाव व्यक्त गरिएको छ ।

ज्ञानीहरू अन्नको भन्दा ज्ञानका भोका हुन्छन् भनिएको छ । लेखक आलोचक वा समालोचक हुन सक्दैन केवल जीवनको महान् अन्वेषक बन्न सक्छ । आदर्श लेखकको विचार नै उनीहरूको शरीर मानिएको छ । कल्पनालाई आत्मा मानिएको छ । जो विचार र कल्पनाको वाइपङ्खीमा सवार हुन्छन् तिनीहरू नै लेखक बन्दछन् । त्यस्तै गरी लेखक एउटा चेतना मानिएको छ, आविष्कारक ठानिएको छ । एकाङ्कीकारले छायाँ पात्र मार्फत् आदर्श लेखकको रूपमा शेक्सपियर, गेटे, बाल्जाक, मिल्टन, लगायत देवकोटा, लेखकनाथ, बालकृष्ण, भूपी, माधव घिमिरे, मुकुन्दशरण, रविलाल, सरुभक्त आदि लिएका छन् । लेखक ज्ञानी, बौद्धिक, हार्दिक, विवेकी हुन्छ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । वास्तवमा आदर्श लेखक भन्नु नै ज्ञान र विज्ञानको सम्पूर्ण सार सम्पूर्ण धर्मको सम्पूर्ण सार, दर्शन र चिन्तनको भण्डार ठान्छ र भन्छ : 'लेखक अकिति ज्ञानी हो, अलिकति अज्ञानी । अलिकति बौद्धिक, अकिति हार्दिक, अलिकति विवेकी, अलिकति अविवेकी । रात भन्दा दिन, दिनभन्दा साँझ, साँझभन्दा सृष्टि र दृष्टिको विहान हो । छुट्टै सिंगो समाज र सम्पूर्ण देश । (चर्को स्वरमा) आदर्श लेखक सम्पूर्ण धर्मको सार हो । आदर्श लेखक-दर्शन चिन्तनको चन्द्र रश्मी हो' ।

यसरी यस एकाङ्कीमा एकाङ्कीकारले मानवेतर पात्र 'छायाँ' पात्रको प्रयोग गरी जसले आफूलाई लेखक ठान्छ ती सबै वास्तविक लेखक नभएको भाव व्यक्त गरिएको छ ।

सामान्यतः जुन लेखकले नितान्त व्यक्तिगत स्वार्थ लिएर पारिवारिक, छिमेकीमा भएका कल झगडालाई लिएर चलाउँछ भने त्यो वास्तविक लेखक होइन र वास्तविक र आदर्श लेखक बन्न जीवन र जगत्का मूल सार, सम्पूर्ण धर्मको मूल सार लेख्न सक्नु पर्ने र ज्ञानी वा विद्वान बन्न सक्नुपर्ने भाव व्यक्त गरिएको छ ।

### ५.२.३ संवाद

यस एकाङ्कीमा एउटा मात्र 'छायाँ' पात्र रहेको यस एकाङ्कीमा दुई पात्र बिचको संवाद नरही एउटै पात्रले आदर्श लेखकको बारेमा भावना व्यक्त गरेको छ । एउटा मात्र पात्र भएको कारणले गर्दा सो पात्रको मनको आन्तरिक संवादलाई प्रस्तुत गरिएको छ । एक अंशमा थोरैमा पाँच हरफ र धेरैमा १५ हरफ रहेका छन् । जम्मा आठ वटा संवाद रहेकोमा सबै संवाद छायाँ पात्रको मात्रै रहेको छ । वास्तविक लेखक वा आदर्श लेखकको यथार्थतालाई प्रष्ट्याउन खोज्छ ।

### ५.२.४ भाषाशैली

आदर्श लेखक एकाङ्कीको भाषाशैली सर्वसाधारण पाठकका लागि अलि कठिन रहेको छ । प्रकाशको पर्याप्त मात्रामा प्रयोग गरिएकोले एकाङ्कीलाई आधुनिक पाराले प्रस्तुत गरिएको र वैज्ञानिकता झल्किएको पाइन्छ । परम्परागत सोचविचारलाई पाखा लगाउँदै आधूनिकीकरणलाई जोड दिइएको पाइन्छ । कृत्रिमतालाई अलग्याएर प्राकृतिक स्वरूपलाई जीवन्त तुल्याउन खोजिएको छ । सङ्कुचित भावनालाई त्यागेर उदार नीति अपनाउनु पर्ने कुरालाई जोड दिँदै विश्वका आदर्श लेखकहरूको नामसहित विचार व्यक्त गरिएको छ । स्तरीय पाठकहरूका लागि उपयुक्त यस एकाङ्कीमा कठिन भाषाको प्रयोग गरिएको छ । मात्रामा अक्षर जीवन; किताब अक्षर-घर; शब्दमय पहेँलो इट्टा लेखक । लेखक रातो, कालो, हरियो, पहेँलो, सेतो, नीलो, बैजनी रङ्को निराकार आकार ।

### ५.२.५ द्वन्द्व विधान

द्वन्द्वका दृष्टिले आदर्श लेखक एकाङ्की सफल भएको छ । यहाँ विशेष गरेर व्यक्तिगत स्वार्थ राख्ने लेखकलाई वास्तविक वा आदर्श लेखक मानिएको छैन जो भावावेगमा आएर आफ्ना पीडा मात्र पोख्दछ त्यस्तो लेखक आदर्श बन्न सक्दैन भनिएको छ

। त्यस्तै जसले सामाजिक स्वार्थलाई हेरेर समाजमा भएका यथार्थलाई केलाई त्यसको बौद्धिक र वैज्ञानिक रूपले प्रस्तुत गर्दछ त्यो आदर्श लेखक बन्दछ भन्ने भाव प्रकट गरिएको छ । वैचारिक र काल्पनिक द्वन्द्व यस एकाङ्कीमा रहेको छ ।

### ५.२.६ वातावरण

प्रस्तुत आदर्श लेखक एकाङ्कीको घटना संसारमा रहेका जति पनि लेखकहरू छन् । तिनिहरूको लेखनकला र प्रस्तुतिका समानता र भिन्नतालाई प्रस्तुत गरिएको छ । हुन पनि कतिपय लेखकहरू संसारको सार, धार्मिक सार, ज्ञान विज्ञानको सारलाई विस्वार्थ रूपमा व्यक्त गरेको देखाइएको छ भने कतिपय लेखकहरू भावावेगमा आएर आफ्नो स्वार्थको बारेमा लेखन कार्य अगाडि बढाएको पाइन्छ भने कुनै लेखकमा यस्तो प्रवृत्ति पाइँदैन । त्यस्तै कुनै लेखकहरू आफूलाई त्यागेर मानिसहरूलाई सांसारिक यथार्थता पस्कन चाहान्छ तर कुनै लेखकहरू आफ्नो पीडा प्रस्तुत गर्न तल्लिन रहेको देखिन्छ । यही परिवेशमा एकाङ्कीको कथानक घटाइएको छ ।

### ५.२.७ रङ्गमञ्चीयता

आदर्श लेखक एकाङ्कीमा प्रकाशको बढी प्रयोग गरिएको हुँदा र पात्र एउटा मात्रै रहेकोले अभिनय गर्न कठिन स्थिति देखिदैन । प्रकाशको प्रयोगले गर्दा रङ्गमञ्चमा प्रस्तुत गर्न सहज रहेको छ । पात्रका विचार, तर्क आदिलाई बोलेर नै प्रस्तुत गर्नु पर्ने भएको हुनाले वाचिक अभिनय कै प्राधान्यता देखिन्छ । प्रकाशको बढी प्रयोग हुनाले आङ्गिक अभिनय कम मात्रामा देखिएको छ । उठ्ने बस्ने र झ्यालबाट हेर्ने आदि अभिनय देखिन्छ ।

### ५.२.८ विचार पक्ष

आदर्श लेखक एकाङ्कीमा एकाङ्कीकारले यस विश्व साहित्य क्षेत्रको अवस्था र लेखनशैलीको स्थितिलाई प्रस्तुत गर्न खोजेका छन् । यस एकाङ्कीमा एकाङ्कीकारले विश्व साहित्यिक परिवेशलाई हेर्ने हो भने कलम चलाउनेहरू प्रशस्त रहेको तर यथार्थ रूपमा लेखक वा साहित्यकार बन्नको लागि विचार, धर्म र कल्पनाशीलतालाई ख्याल गर्नुपर्ने भाव व्यक्त गरेको पाइन्छ । धेरैजसो व्यक्तिगत स्वार्थमा लागेर कलम चलाउने गरेको र आफ्नो भावावेगलाई नितान्त व्यक्तिगत स्वार्थको लागि प्रयोग गरेको कुरा व्यक्त गरिएको छ । कुनै

लेखक यस्ता छन् जसले आफूलाई त्यागेर समाजमा आमविश्वमानव समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिलाई चिर्दै यथार्थतालाई प्रस्तुत गरिएको पाइन्छ । जो लेखकले घरझगडा, छरछिमेकसँगको असन्तुष्टिपन आदिलाई विषय वस्तु बनाएर कलम चलाउँछ त्यो वास्तविक लेखक नभई कोरा कागजमाथिको बलत्कार हो भन्ने भाव प्रकट गरिएको छ । लेखकका गुण र रङलाई विभिन्न सङ्केत दिँदै पहेँलो प्रकाशको सङ्केत लेखक हो भन्ने विचार व्यक्त गर्दछन् । आदर्श लेखक अक्षरको रूपमा फिँजिदैन, लेखक शब्दहरूको बिस्कुन बन्दैन, त त अखवारका विज्ञापनमा नै सरिक हुन्छ केवल आफूलाई जसले त्यागेर देश र जनताको लागि मरिमेट्छ त्यो नै आदर्श लेखक बन्न सक्छ भन्ने कुरा 'छायाँ' पात्र मार्फत् व्यक्त गरिएको छ । एकाङ्कीकारले विश्वका आदर्श लेखक सान्डो, टिसियन, टर्नर, शेक्सिपियर, गेटे, बाल्जा, मिल्टन, बाग्नर, सोफोलिज, प्लेटो, मार्लो, शेली र नेपालका साहित्यकार देवकोटा, लेखनाथ, बालकृष्ण, भूपि, माधव घिमिरे, मुकुन्दशरण, रविलाल, सरुभक्त, आदि आदर्श लेखक बनेको कुरा व्यक्त गरेका छन् ।

जो आदर्श लेखक नदी जसरी निरन्तर वगिरहन सक्छ अर्थात् नदीको वेग झैँ लेखनकार्यलाई निरन्तरता दिन सक्छ भन्ने कुरा अमेजन नदीको नाम लिएर सङ्केत गरेका छन् । हरियालीमा जो कोहीको पनि नजर लाग्छ र फाइदाजनक हुन्छ भन्दै आदर्श लेखक भनेका हरियो रङसँग तुलना गरेका छन् । यस एकाङ्कीमा एकाङ्कीकारले लेखनकार्यबाट समाज, समग्र राष्ट्र र विश्वमा नैतिक चेतना, सकरात्मक सोच र आमूल परिवर्तनका वाहक बन्नको लागि र सन्देश दिनका लागि आफू त्यागी बनेर चेतना फैलाउन सक्नु नै आदर्श लेखक हो भन्ने कुरा व्यक्त गरेका छन् ।

### ५.२.९ उद्देश्य

आदर्श लेखक एकाङ्कीको उद्देश्य भनेको यस संसारमा जति पनि लेखक छन् तिनीहरूले केवल आफ्नो व्यक्तिगत पीडालाई लेखकीय रूपमा कथामार्फत् वा कवितामार्फत् प्रस्तुत नगरी अर्काको दुःख नै आफ्नो दुःख हो भन्ने सोचाई राखेर कलम चलाउनु पर्ने मुख्य उद्देश्य रहेको छ । कलम चलाउने भन्दैमा आफूसँग श्रीमती रिसाउँदा, आमाले गाली गर्दा आफूलाई लाग्ने दुःख आदिको भावावेग प्रस्तुत गर्न नहुने विचार प्रकट गरेका छन् । आदर्श लेखक भनेको संसारको सार, ज्ञान विज्ञानको सम्पूर्ण सार, धर्मको सम्पूर्ण सार प्रस्तुत गर्न सक्नु नै मानिन्छ । त्यस्तै गरी जसले विचारलाई शरीर मानेर कल्पनालाई आत्मा ठानी

विचार र कल्पनाको वाइपङ्खीमा सवार हुन्छन् तिनीहरू नै उदहरणीय लेखक बन्दछन् र आदर्श लेखक बन्दछन् भन्ने उद्देश्यका साथ यस एकाङ्की प्रस्तुत गरिएको छ । जसले विचार र कल्पनालाई आत्मासात गर्दछ त्यो नै आदर्श लेखक बन्न सक्ने उद्देश्य देखाउनु एकाङ्कीको प्रतिपाद्य विषय हो । प्रकाशको प्रयोगले गर्दा एकाङ्की आकर्षक बनेको छ ।

## ५.३ अआइई एकाङ्कीको विश्लेषण

### ५.३.१ कथावस्तु

नदीको किनारमा रहेका पात्रहरू अ र आ गाई तार्ने खेल खेलिरहेका हुन्छन् । तिनीहरू आपसमा नदीमा गाई तार्ने (ढुङ्गालाई नदीमा फालेर पारी तार्ने) खेलमा प्रतिस्पर्धा गरिरहेकै बेला थकानका कारण विश्राम लिन्छन् । विश्रामकै क्रममा आपसमा कसले धेरै तार्ने वा तारेको भन्दै अ ले आफूले धेरै तारेको भन्छ फेरि त्यो भन्दा बढी आ ले आफूले तारेको कुरा गर्छ । एक आपसमा मपाइँत्वको परम्पराले तिनीहरू दुईमा द्वन्द्वात्मकता देखिन्छ । आफूमा घमण्ड र फुर्ती लगाउने परम्परा हाम्रो परापूर्व कालदेखि नै चलिआएको भनी अ ले भन्छ बढी गफ गर्नु त तिम्रो परम्परा नै हो । पन्ध्र बीसवटा तार्‍यौ होला (युद्ध पिरामिड, पृ.१५) । त्यस्तै गरी तिनीहरूले हामी मानिसहरूको झुक्न नजान्ने र काम भन्दा कुरा बढी गरेर अरूभन्दा आफू नै महान् ठान्ने एउटा संस्कार र संस्कृति रहेको विचार आ ले पनि प्रस्तुत गरेको छ र आ ले अ लाई भन्छ होला ! नजिते पनि जिते भन्नु तिम्रो हिजै देखिको संस्कार हो (युद्ध पिरामिड पृ.१५) ।

हामी आम नेपालीहरूले कुरा भन्दा काम बढी गर्नुपर्छ भन्ने विचार यहाँ पोखिएको छ, हाम्रो बाउ बाजेदेखि नै त्यस्तो परम्परा रहि आएको छ जहाँ आफ्नो कुनै काम गर्ने खुबी नभए तापनि आफूले सक्छु र गर्छु भन्ने परम्परा हामीमा रहेको र त्यस्तो परम्परालाई हामी हटाउनु पर्ने सोचविचार यस एकाङ्कीका पात्र आ ले प्रस्तुत गरेको छ र भन्छ : त्यसैले त तँ तेरो ... म मेरो ... हामी सबैको परम्परा धनि छ (युद्ध पिरामिड, पृ.१५) । दुवै जना कुरा गर्दा गर्दै परम्परा नदी हो बग्छ र बगिरहन्छ भन्ने विचार अ ले दिन्छ अनि आ ले भन्छ नदीले बगाउनु र बगाइरहनु पनि त्यसको परम्परा हो भन्दै उठ्छ र गेडुलो ढुङ्गो गाई तार्न खोज्छ तर तर्दैन ढुङ्गो बीचमा डुब्छ । अ र आ अचम्म मान्छन् । वैज्ञानिकता प्रस्तुत गरिएको यस एकाङ्कीमा पानी माथि पार गर्न धनत्व कम भएको वस्तु सजिलै सक्छ र धनत्व बढी भयो भने वस्तु पानीमा डुब्छ भन्ने विचार आ मार्फत् प्रस्तुत गरिएको र आ ले

भन्छ गाई तार्ने ढुङ्गो पातलो चेप्टो र हलुका  हुनुपर्छ । गोलो, गेडुलो, डल्लो ढुङ्गामा गाई तर्ने विशेषता हुँदैन । कतिपय वस्तुको आकृतिले नै गुण जाहेर गरेको हुन्छ (युद्ध पिरामिड, पृ.१६) ।

यस एकाङ्कीका पात्र अ र आ ले पातलो र चेप्टो ढुङ्गामा गोडा, पैताला र औलामा खुरको विशेषता हुन्छ भन्ने जस्ता आफ्ना भाव प्रस्तुत गरेका छन् । मानिस एउटा सचेत वर्ग हो । जसले बुद्धि र विचारले काम कुराको आविष्कार गर्छ । मान्छेले एउटा मात्र तुकको कुरा जान्यो भने संसार जित्छ भनेर आ ले विचार व्यक्त गरेको छ । त्यस्तै नदीले तुकको जीवन बीचको तर किनारले तुकको अर्थ नबुझेको कारण त्रासदी पूर्ण जीवन बाँचेको छ । जो मालिक तुक वा तर्क साथै अगाडि बढ्दैन उसले अरूलाई दोष दिन्छ जो बुद्धि नभएको आ को तर्क छ । मान्छे पराधीन छ आफ्नो अधीनमा प्रकृतिलाई राख्न खोज्नु मान्छेको मूर्खता हो भनिएको छ । खोँच, फाँट, बँसी समथल माटाका गह्वाहरू नदीका साम्राज्य छन् भन्ने विचार अ ले व्यक्त गरेको छ । यस एकाङ्कीको अ पात्रले भन्छ मान्छेले आजसम्म जे जति गरेको छ केवल आफ्नो ‘छेक्नु’ र ‘रोक्नु’ मात्र हो । यत्रो धेरै लामो समय केवल लिन मात्रै जान्यो दिन जानेन आजसम्मको मानिसले केवल आफू मात्रै हाँस्ने र अरूलाई रुवाउने भएको छ भन्ने विचार आ ले व्यक्त गरेको छ । फेरि आ ले भन्छ आफू गेडुला ढुङ्गालाई गाई तार्ने कुरा गर्छ । अ र आ पात्रमार्फत् मानिस प्रकृतिलाई जित्नको लागि हरदम लागि परेको हुन्छ । असम्भव कार्यलाई सम्भव तुल्याउन खोज्छ आजको मान्छे । अति परम्परालाई त्यागेर आधुनिक र भौतिकवादलाई महत्त्व दिन थालेको छ र आफ्ना योजना र प्रयासलाई सफल पार्नको लागि हरदम कोसिस गरिरहेको भाव प्रस्ट पारिएको छ । ई पात्रमार्फत् एकाङ्कीकारले आफ्नो परम्परालाई अँगालेको छ भन्ने अ र आ पात्रमार्फत् परम्परालाई तोडेर आधुनिक तथा वैज्ञानिक विचारलाई महत्त्व दिन खोजिएको छ ।

### ५.३.२ चरित्र चित्रण

अआइई एकाङ्कीमा अ, आ, इ, ई चरित्र रहेका छन् । अ र आ को मुख्य चरित्रको रूपमा प्रस्तुत भएका छन् । इ गौण पात्रको रूपमा प्रस्तुत भएको छ भने ई को संवाद कम रहेको छ । मानवेतर पात्रको रूपमा प्रस्तुत गरिएका यस एकाङ्की पात्रहरूले वैज्ञानिक भूमिका निर्वाह गर्न खोज्नमा अ र आ छन् । यस्तै ई पात्रले आफ्नो परम्परालाई त्याग्न नहुने

विचार प्रकट गरेको छ । अ र आ भूमिका एकाङ्कीको आदिदेखि अन्त्यसम्म प्रमुख रूपमा रहेको पाइन्छ । आफ्नो लक्ष्यमा नपुगे पनि आफ्नो उद्देश्य नछोडेको पाइन्छ ।

**अ को चरित्रचित्रण**

यस अआइई एकाङ्कीको मुख्य दुई पात्रमध्ये अ पात्र प्रमुख पात्रको रूपमा रहेको छ । परम्परारूपी नदीमा आधुनिक तथा भौतिक रूपी गडुला ढुङ्गाले परम्परालाई तोड्न खोज्ने एक प्रमुख पात्रको रूपमा प्रस्तुत भएको छ । जसले परम्परागत नदीलाई तोडेर आधुनिकतालाई अँगाल्न खोजेको छ । नेपाली संस्कार, संस्कृति वा समग्र मानव संस्कार र संस्कृति भनेको आफूमा ठूलोपन बन्नु एउटा परम्परा रहेको बताएको छ । कामभन्दा कुरा बढी गरेर प्रगति गर्न नसकेको पात्रको रूपमा प्रस्तुत भएको छ । चलिरहेको चलन चल्ती र परम्परालाई तोड्न खोज्नु सफल बन्न नसकेको अवस्था प्रस्तुत गरिएको छ भन्छ, आखिर दुईको चार गर्न बाउबाजेले नै सिकाएका त हुन् तिम्लाई (युद्ध पिरामिड, पृ.१५) ।

आजको मान्छे केवल परिवर्तन र अरूप्रतिको भलो गर्न नसकेको कुरा व्यक्त गरिएको छ । यदि अरूको भलो वा अरूका लागि केही गर्नु गरेको छ भन्ने केवल छेक्न र रोक्न मात्रै भन्ने भाव अ ले प्रस्तुत गरेको गर्छ र भन्छ, मान्छेले आजसम्म केही गरेको छ भने आफ्नै लागि गरेको छ । अरूको लागि गरेको छ भने त्यही गरेको छ छेक्नु र रोक्नु यति लामो कालक्रमिकमा लिन मात्रै जान्यो दिन जानेन (युद्ध पिरामिड, पृ.१७) ।

परम्परागत जुन अन्धविश्वासरूपी नदीमा आधुनिकरूपी गेडुलो ढुङ्गा गाई तार्न प्रयासरत रहेको छ अनि अ ले इर्ष्या, राग र देव्षको इतिहास रहेको भाव प्रस्तुत गर्छ । पाइताला नभएको पाइतालामा औलाहरू नभएको गेडुलो ढुङ्गो जुन आधुनिकतालाई अङ्गाल्न खोज्छ, र भन्छः राग र द्वेषको इतिहास पनि हो । भो छोड ... म आज पाइतला नभएको पाइतलामा औंलाहरू नभएको ... खुर नभएको ... नङ्ग्रा नभएको गेडुलो, डल्लो ढुङ्गालाई गाई तराएरै छोड्छु ... छोड्छु ... (युद्ध पिरामिड, पृ.१५) ।

यसरी अन्धपरम्परालाई तोड्दै म यस युगमा सत्य आधुनिकताको विजारोपण गर्दछु भन्दै उसले गेडुलो ढुङ्गालाई गाई तार्न हरदम प्रयासरत रहन्छ । नदीका बीचमा ढुङ्गा थुपारिएर पानी अ र आ रहेको ठाउँमा पुग्छ । उसलाई बगाउने खोज्छ परम्परारूपी नदीले तर उनीहरूलाई त्यहाँ डुब्नबाट जोगिन्छन् । परम्परागत मूल्य र मान्यतालाई तोड्न खोज्ने तर तोड्न नसकेको पात्रको रूपमा देखिएको छ ।

**आ को चरित्रचित्रण**

आ पात्र पनि एकाङ्कीका आदिदेखि अन्त्यसम्म प्रस्तुत भएको चरित्रको रूपमा रहेको छ । उसले पनि परम्परारूपी नदीमा आधुनिकरूपी ढुङ्गालाई गाई तार्ने प्रयासमा लागि परेको देखिन्छ । उसले आफूलाई सर्वेसर्वा ठान्दछ र अ लाई त वा तेरो भन्दा मैले केही गर्न सक्छु र धेरै गर्न सक्छु भनेर ऊ अहम्ताका साथ प्रस्तुत भएको पात्रको रूपमा देखिएको छ । उसले पनि अ पात्रले जस्तै समाजमा रहेको अन्धपरम्परालाई तोड्दै नयाँ नियम र विधिलाई अँगाल्नु पर्ने भाव प्रकट गरेको छ र भन्छ :त्यसैले त, तँ-तेरो, म मेरो... हामी हामी सबैको परम्परा धनी छ (युद्ध पिरामिड पृ.१५) ।

मानव जीवनमा अनेक किसिमका अवस्था सिर्जना भइरहेका छन् । मानिस जसमा भर परेको हुन्छ वा जे कुरा मानिसलाई नभई हुँदैन त्यो कुरालाई पनि त्यति महत्त्व नदिएको विचार प्रकट गर्दछ । वास्तविक अर्थ नबुझी अगाडि बढ्न प्रयासरत छ मान्छे । मान्छे केवल आफू मात्र खुसी रहन चाहन्छ भन्ने विचार आ पात्रमार्फत् प्रस्तुत गरेको छ । धैर्य गर्न सक्नुपर्छ निरन्तर प्रयास र धैर्यले नै जीवन सफल रहन्छ भन्ने भाव प्रकट गरेको छ । मानव जीवनमा नयाँ पाइलाहरू चाल्नु पर्ने विचार आ ले प्रकट गरेको छ । अ र आ दुवै जना मिलेर आधुनिक रूपी ढुङ्गा परम्परागत नदीमा गाईको रूपमा तार्ने प्रयास गरेका छन् । आ ले हरेक मानिसका समस्याहरू दिन प्रतिदिन बढ्दै गएको र मानिसहरूमा देखिएको परम्परागत सोचलाई परिवर्तन गर्नतर्फ लागि परेको पाइन्छ । यसरी नवीन सोच र जाँगरका साथ आ ले आफ्नो चारित्रिक भूमिका निर्वाह गर्न खोजेको पाइन्छ ।

**इ को चरित्रचित्रण**

अदृश्य र संवादमा केवल विषयवस्तु तथा प्रासङ्गिक पात्रको रूपमा रहेको पात्र हो । ऊ केवल अ र आ को संवादको विषयवस्तु बनेर प्रस्तुत भएको पात्रको रूपमा रहेको छ । उसले स्वयम् संवादमा सहभागिता जनाएको छैन । अ र आ को विचार अनुसार इ पात्र क्रूर दुष्ट र रिसालु स्वभाव भएको पात्रको रूपमा प्रस्तुत भएको छ । विचित्रको चरित्र भएको पात्रको रूपमा इ पात्रलाई प्रस्तुत गरिएको छ । सबै मानिसमा हुनुपर्ने गुण अवस्था र अनुसार उसमा पनि रहेको विचार यस एकाङ्कीको अ र आ को संवादमा प्रस्तुत गरिएको पाइन्छ । उसले आफ्नी आमा भन्दा पनि ठूली प्रेमिकासँग विवाह बन्धनमा बाँधिएको अनि कुँजी र बुढी रहेको बताइएको छ । राम्रो र नराम्रो दुवै पाटोबाट केलाएर प्रस्तुत गरिएको एउटा चरित्र इ आफ्नी प्रेमिकासँग धोका खाएको भाव प्रकट गरिएको छ ।

**ई को चरित्र चित्रण**

अ र आ परम्परारूपी नदीले बगाएको बेला जोगाउने पात्रको रूपमा ई प्रस्तुत भएको छ । तिनीहरूले आधुनिकतालाई जोड दिइरहेको बेला तिमीहरू स्वयम् यस्तो समस्याबाट टाढा रहन सक्दैनौ र राख्न पनि सक्दैनौं भनेर एउटा चुनौतीको रूपमा त्यो रहेको अभिव्यक्त गरिएको छ । ई पात्र केवल आपत परेकालाई सहयोग गर्ने तर कसैको प्रयासमा साथ नदिने पात्रको रूपमा प्रस्तुत भएको छ ।

### ५.३.३ संवाद

अआइई एकाङ्कीमा गद्यमय संवादको प्रयोग भएको छ । संवादमा प्रयोग गरिएका वाक्यहरू लामा छैनन् । संवाद एक हरफदेखि आठ हरफसम्मका छन् । संवादमा सहजता वास्तविकता अनि यथार्थता पाइन्छ । त्यसैगरी एकाङ्कीमा अ का एकानब्बे आ का एकानब्बे, इ को संवादमा सहभागी भएको देखिएको छैन । ई को भने २ वटा संवाद रहेका छन् । अ र आ ले प्रयोग गरेका संवादमा परम्परागतलाई तोकेर आधुनिकतालाई ई अँगाल्न खोजिएको पाइन्छ । अ र आ को संवादमा मानिसहरू परम्परागत सोच र भावना प्रवृत्तिलाई पुरानै ढाँचाले प्रयोग गर्दै आएकोमा यसमा परिवर्तन ल्याउनु पर्छ भन्ने नयाँ सोचको प्रयोग गर्नु पर्ने द्वन्द्वात्मक विचार व्यक्त गरिएको । पात्रमार्फत् पहिलेको मान्छे र आजको मान्छेमा भिन्नता रहेको देखाइएको छ र भनिएको छः 'आजको मान्छेको हिजोको मान्छेको भन्दा विभक्त मन मान्छे घामको बाटो छेक्छ, जुनको बाटो छेक्छ, वर्षाको बाटो छेक्छ, नदीको बाटो छेक्छ । सबैको बाटो छेक्छ । तिमी मान्छे हुनाले अहिले मेरो बाटो छेक्दैछौं । अभिनव अविष्कारको बाटो छेक्दै छौ (युद्ध पिरामिड पृ.१८) ।

### ५.३.४ भाषाशैली

प्रस्तुत अआइई एकाङ्कीमा प्रतीकात्मक भाषाशैलीको प्रयोग गरिएको छ । सामान्य आदरको प्रयोग गरिएको यस एकाङ्कीमा प्राकृतिक काल्पनिक यथार्थपरक शैलीको सेरोफेरोमा रहेर आधुनिकतालाई प्रस्तुत गर्न खोजिएको छ । आध्यात्मिकतालाई आधुनिक शैलीमा प्रस्तुत गर्न खोजिएको छ । सामान्य पाठकका लागि केही जटिल तर वैज्ञानिकता पूर्व यस एकाङ्कीमा विशेष गरेर वैज्ञानिक र आधुनिक वैचारिक द्वन्द्वात्मक शैली प्रयोग गर्न खोजिएको पाइन्छ । एकाङ्कीमा तत्सम, तत्भव र आगन्तुक शब्दको प्रयोग भएको

पाइन्छ । तुक हुनु, जसको जो खानु आदि टुक्काहरूको प्रयोग भएको पाइन्छ । सामान्य तथा बौद्धिक पाठकका लागि भाषाशैली बोधगम्य छ ।

### ५.३.५ द्वन्द्वविधान

अआइई एकाङ्की द्वन्द्वविधानका दृष्टिकोणले महत्त्वपूर्ण छ । यसमा आन्तरिक भन्दा बाह्य द्वन्द्व बढी पाइन्छ । अ र आ बीचको द्वन्द्वमा परम्परागत सोच र विचारलाई तोडेर आधुनिक र वैज्ञानिक सोच विचारलाई बढी प्राथमिकता दिनु पर्ने र आजको युगमा पनि मानिसमा परम्परागत सोच विचार रहेको भाव अ र आ बीचको बाह्य द्वन्द्वमा पाइन्छ । यहाँ ई को भने परम्परागत सोच र विचारलाई आधुनिकतामा ढाल्न असम्भव रहेको चुनौतीपूर्ण रहेको विचार व्यक्त गरेको पाइन्छ । यसरी आधुनिक र परम्परागत बीचको द्वन्द्व यहाँ पाइन्छ । आध्यात्मिक र भौतिक विचार बीचको द्वन्द्वका साथै मानव र प्रकृति बीचको द्वन्द्वात्मकता प्रस्तुत भएको पाइन्छ । यस एकाङ्कीमा नारी र पुरुष बीचको भिन्नता आंशिक रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ५.३.६ वातावरण

अआइई एकाङ्कीमा मानिसको सामाजिक मानवीय सोच, आध्यात्मिक, भौतिक, मानवेतर, मानवीय जीवन देशकाल वातावरण सापेक्ष देखिन्छ । यसमा वर्तमान अवस्थाका आम मानिसहरूको यथार्थ चारित्रिक क्रियाकलापलाई प्रस्तुत गरिएको पाइन्छ । मानिसहरूको परम्परागत सोच, विचार, दरिद्रता, अल्छिपन, घमण्ड, मपाइँत्व आदि अवस्थालाई प्रस्तुत गरिएको छ । आजभोलि यस संसारमा रहेका मानिसको अहम्तालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

संसारमा विभिन्न चरित्र भएका मानिस रहेका छन् । सामाजिक विभेद लिङ्गभेद प्रकृतिप्रतिको मानिसको विचार, अध्यात्मकताप्रतिको सोच, भौतिकताको सोच आदिका बारेमा विभिन्न सोचहरू प्रस्तुत गरिएको पाइन्छ । अ, आ र ई बीचको संवादमा परम्परालाई त्याग्न वा तोड्न चुनौती रहेको विचार ई को रहेको छ भन्ने परम्परालाई तोड्नु पर्ने सोच अ र आ को रहेको छ । यसरी मानिसले आफ्नो समस्या आफैले निम्त्याउन खोजेको विचार व्यक्त गरिएको छ ।

### ५.३.७ रङ्गमञ्चीयता

एकाङ्कीको कथावस्तुलाई रङ्गमञ्चमा प्रस्तुत गर्न कठिन मिहिनेतको आवश्यकता पर्दछ । पात्रका विचार वा तर्क आदिलाई बोलेर नै प्रस्तुत गर्नु पर्ने भएकाले वास्तविक अभिव्यक्तिकै प्राधान्य देखिन्छ साथै प्राकृतिक मञ्चको प्रयोग गरिएको छ जुन आफैमा कठिन रहेको पाइन्छ । यो प्राकृतिक मञ्च नै एउटा प्रमुख र वैज्ञानिक रूप रहेको पाइन्छ । यहाँ खोला बगेर गराका आली, भट्टमासका झ्याङ् हरिया धानका बोट सबै प्रकृतिक दृष्यहरू प्रस्तुत गरिएको पाइन्छ । नदी या खोलामा पातला ढुङ्गा गाई तार्न सकिने तर गेडुला ढुङ्गा गाइ तार्न नसकिने यो वैज्ञानिक आधार रहेको सोच यहाँ प्रस्तुत गरिएको पाइन्छ । गाई तार्न प्रयास गरिनु नदी तर्दाको दृश्य आदिले गर्दा शरिरको अभिनय मुख्य रूपमा देखिन्छ । एकाङ्की आदिदेखि अन्त्यसम्म प्राकृतिक दृष्य प्रस्तुत भएको देखिन्छ ।

### ५.३.८ विचार पक्ष

एकाङ्कीकारले यस अआइई एकाङ्कीमा आजको मानव चरित्र तथा प्राकृतिक स्रोत र साधनको प्रयोगलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । आजको मानिस अल्छीपना, दरिद्रता तथा घमण्डले गर्दा आफ्नो जीवनमा प्रगति गर्न नसकेको र प्रगतिका पाइला अगाडि बढाउन घमण्ड नगरी कुनै काममा निरन्तर लागि पर्नु पर्ने विचार व्यक्त गरेको पाइन्छ । यसरी आजको मानिसमा रहेका विभिन्न सोचविचारलाई र तिनीहरूको व्यवहारलाई यथार्थरूपमा प्रस्तुत गरिएको यस एकाङ्कीमा आधुनिक मानव समाजको सोच विचार र तिनीहरूको हरेक क्रियाकलापलाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

### ५.३.९ उद्देश्य

यस एकाङ्कीमा हामी मानिस काम भन्दा बढी कुरा गर्ने र प्रगति गर्न नसक्ने अवस्था आएको भाव व्यक्त गरिएको छ । आफ्नो खुबी र औकात अनुसार काम गर्न सके मात्र सफल भइन्छ भन्ने नै यसको मूल उद्देश्य रहेको छ । प्रकृतिलाई नै चुनौती दिँदा विभिन्न समस्या आउने कुरा व्यक्त गरिएकोले हामीले सम्भव कुराहरूलाई वैज्ञानिक तरिकाले सम्पन्न गर्नु नै यस एकाङ्कीको उद्देश्य रहेको छ । अ र आ को गेडुलो ढुङ्गालाई गाई तार्न प्रयास गर्नु विज्ञानलाई नै चुनौती दिइएको पाइन्छ । यस्तै ई ले आफ्नो कर्तव्य पूरा गर्ने असम्भव काम गर्न खोज्यो भने जीवनमा असफल भइन्छ भन्ने देखाएको छ

। त्यसैले आफूले जे जस्तो काम गर्न सकिन्छ त्यही काम गर्नु पर्छ भन्ने नै प्रस्तुत एकाङ्कीको मुख्य उद्देश्यका रूपमा रहेको छ ।

### ५.४ जोडी बेजोडी एकाङ्कीको विश्लेषण

### ५.४.१ कथावस्तु

वि १ नारी चरित्र र वि २, जो १ पुरुष चरित्र रहेको यस एकाङ्कीमा प्रेम पार्कमा एकल युवती कसैको प्रतिक्षामा रहन्छे । वि १ र वि २ को वार्तालापका क्रममा प्रेमी सम्बन्धी वार्तालाप रहेको हुन्छ । वास्तवमा वि १ र वि २ को प्रेम आपसी गाढा नभई एकतर्फी प्रेम रहेको हुन्छ । वि २ ले वि १ लाई मन पराउँछ र विवाह बन्धनमा बाँधिन खोज्छ तर वि १ ले आफू बच्चादेखिको साथी भएको कारण उसलाई राम्रोसँग अध्ययन गरेकी हुन्छे र प्रत्येक उसका क्रियाकलापलाई अध्ययन गरेर गतिविधि मन पराउँदिन । वि २ को केवल एकतर्फी प्रेमरहेको हुन्छ । वि २ को बच्चादेखि क्रियाकलापले गर्दा वि १ लाई वि २ ले जोडी बनाउन असफल रहेको हुन्छ ।

वि २ मा एउटा प्रेमीमा हुनुपर्ने गुण नभएको भन्दै वि २ लाई वि १ ले आफ्ना स्पष्ट धारणा व्यक्त गर्दै भन्छे, प्रकृति बाहिर जति सुन्दर हुन्छ भित्र त्यतिकै दोब्बर सुन्दर हुन्छ । पुरुष न बाहिर सुन्दर हुन्छ न भित्र नै (युद्ध पिरामिड, पृ.२६) । वि १ र वि २ बीच प्रेमलाप हुन्छ । आजभोलिका युवायुवतीहरूमा देखिएको यथार्थ प्रेम प्रसङ्गलाई यहाँ प्रस्तुत गरिएको छ । वि १ ले वि २ लाई प्रेम वा माया गरे जस्तो गर्छे तर वास्तविक प्रेम भने गरेको देखिदैन जब वि २ वि १ सँग नजिकै बस्न खोज्दा वि १ पर सर्नु वास्तविक माया वा प्रेम नभएको स्पष्ट हुन्छ । त्यसपछि वि १ ले बच्चादेखिका विभिन्न व्यवहारलाई औंल्याउँदै वि २ लाई विभिन्न दोषारोपण गरेको पाइन्छ । आज भोलिका पुरुषहरू नारीहरूको केवल रूपलाई मात्र हेर्छन् । यदि बाहिरी रूप राम्रो छ भने त्यो नारीप्रति पुरुषहरू लालयित हुन्छन् । यथार्थतालाई वा भावनालाई नबुझीकन आवरणलाई हेर्ने जुन आधुनिक युवाहरूको व्यवहार छ त्यो अति नै नराम्रो हो भन्ने भाव वि १ चरित्रबाट प्रस्तुत गरिएको छ ।

वि १ ले नारी चरित्रलाई प्रकृतिसँग तुलना गरेको पाइन्छ । उसले जसरी प्रकृतिको आवरण बाहिर भन्दा भित्र झन राम्रो हुन्छ नारीहरूको रूप र गुण पनि प्रकृति जस्तै हो भन्ने कुरा प्रस्तुत गरेकी छे । सुरुमा वि २ ले विकलाई मन पराएर उसको रूपको गुणगान गाउँछ र पछि वि १ को घमण्ड तथा उसले आफू वि २ लाई विवाह गर्न असहमत जनाए

पछि नाक चुच्चो तथा अन्य अङ्ग प्रत्याङ्गको गुणदोष छुट्याउँदै अलग हुन्छ । त्यसपछि जो १ देखा पर्छ र वि १ लाई अङ्कमाल गर्न खोज्दा वि १ ले भन्छे तिमी पनि साह्रै छुच्चो छौ भनेर दौडन्छे र जो १ ले पच्छ्याउँदै गएर आलिङ्गन बद्ध हुन्छन् । त्यति बेला वि १ ले भन्छे छोड तिमी पनि साह्रै छुच्चो छौ ...(युद्ध पिरामिड, पृ.३१) ।

### ५.४.२ चरित्र चित्रण

जोडी बेजोडीमा वि १ वि २ र जो १ गरी तीन वटा पात्र रहेका छन् । वि १ नारी चरित्रको रूपमा प्रस्तुत भएकी छे भने वि २ र जो १ पुरुष चरित्रको रूपमा प्रस्तुत भएका छन् । वि १ ले आधुनिक नारी चरित्रको प्रतिनिधित्व गरेकी छे भने वि २ र जो १ ले पुरुष चरित्रको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत भएको पाइन्छ । यस एकाङ्कीमा रहेका नारी पुरुषले आधुनिक युवावर्गमा देखिएको प्रेमालापको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत भएको पाइनछ ।

#### वि १ को चरित्रचित्रण

यस एकाङ्कीमा वि १ एउटा नारी चरित्रको रूपमा देखा परेकी छे । उसले वि २ लाई प्रेमको आश्वासन दिएर जो १ सँगको प्रेममा साथ दिएकी छे । उसले वि २ सँगको सम्बन्धलाई एउटा जोडी वा जीवन साथीको रूपमा आश्वासन दिएको भाव पनि झल्किन्छ र उसले भन्छे, चिन्नु र नचिन्नुको कुनै महत्त्व र अर्थ छैन-तिम्रो र मेरो हुने वाला सम्बन्धमा (युद्ध पिरामिड, पृ.३१) । वि २ ले वि १ लाई मन पराएको हुन्छ र वि १ ले वि २ लाई प्रेम गर्नको लागि केवल आवरणीयलाई मात्र नहेर्न चुनौती दिने एक नारी चरित्रको रूपमा प्रस्तुत भएकी छे । वि २ ले जोडी बनाउन खोज्दा उसलाई बेजोडी बनाइदिएकी छे । बाल्यावस्थामा भएका विभिन्न कमिकमजोरीलाई औँल्याउँदै वि २ ले मायालाई लेखेका लवलेटर चिट चोरेर रेष्ट्रिकेट लागेको कुरा आदिलाई सङ्केत गर्दै तिमी स्वयम् केही गर्न नसक्नेसँग जोडी बन्नु बनाउनु उचित छैन भन्ने विचार वि १ ले व्यक्त गर्दछे । नारीहरूमा हुनुपर्ने निडर निर्भिक स्वभाव र चरित्र वि १ मा रहेको छ ।

#### वि २ को चरित्रचित्रण

वि १ सँग जोडी वा विवाह बन्धनमा बाँधिन खोजेको चरित्रको रूपमा प्रस्तुत भएको छ । असफल प्रेमीको रूपमा प्रस्तुत भएको आधुनिक पुरुष चरित्रको रूपमा देखा परेको पात्र वि २ रहेको छ । उसले सँगै पढेकी, खेलेकी चरित्र वि १ लाई मन पराउँछ । समाजको

अगाडि असल चरित्रको रूपमा आफूलाई परिचित गराउन सफल चरित्र भए पनि जोडीको रूपमा वि १ लाई आफ्नो वहसमा पार्न नसक्ने चरित्रको रूपमा वि २ रहेको छ । उसले आफू वि १ प्रति लागि परेको र वि १ ले आरोप प्रत्यारो लगाए पछि उसको पछि नलागि आफ्नै तरिकाले उसलाई त्याग गरी बेजोडीको रूपमा रहन सक्ने एउटा चरित्रको रूपमा प्रस्तुत भएको छ ।

**जो १ को चरित्रचित्रण**

जो २ ले गरेका क्रियाकलापलाई नियालेर वि १ सँग मिली वि २ लाई असफल र बेजोडी बनाउने भूमिका खेल्नेको एउटा पात्रको रूपमा देखा परेको छ । वि २ र वि १ बीचको सम्बन्धलाई नियालेर तिनीहरू बीचमा फाटोल्याई वि १ लाई आफ्नो जोडी बनाउन सफल चरित्रको रूपमा प्रस्तुत असल प्रेमिको रूपमा प्रस्तुत भएको पात्रको रूपमा देखापरेको पात्र जो १ रहेको छ ।

### ५.४.३ संवाद

यस एकाङ्कीमा प्रकाशको प्रयोगले गर्दा एकाङ्की आकर्षक बनेको छ । वि १, वि २ र जो १ तीन वटा पात्र रहेको यस एकाङ्कीमा प्रेमको बारेमा बढी केन्द्रित रहेको पाइन्छ । आजभोलिका युवा वर्गहरू प्रेम विविध कारणले सफल असफल हुने गरेको र जोडी बनाउनको लागि केवल आवरणीय रूपलाई हेर्ने गरेको प्रसङ्गलाई संवादको रूपमा प्रस्तुत गरिएको छ । वि १ र वि २ को संवादमा दुई जना जोडी हुन् की भन्ने लाग्दछ तरपछि गएर वि १ ले विभिन्न आरोप लगाएर आफू वि २ सँग टाढिन खोजेको विचार पनि प्रस्तुत गरिएकोले संवाद कौतुहल पूर्ण रहेको छ ।

### ५.४.४ भाषाशैली

यस एकाङ्कीमा भाषाशैली सरल र सुबोध्य रहेको छ । सामान्य पाठकले पनि बुझ्न सक्ने भाषाशैली रहेको छ । आधुनिक युवायुवती बीचको प्रेमसम्बन्धलाई प्रस्तुत गरिएको छ । पुरुषहरूमा नारीप्रति रहेको सङ्कुचित सोच विचारलाई चिरफार गर्दै वि १ नारी पात्रमार्फत् प्रकृति र नारीमा रहेको सौन्दर्य र गुण एउटै हो भन्ने जुन भाव प्रस्तुत गरिएको छ त्यसैले सङ्कुचित भावलाई सङ्केत गरेको छ । यसरी आधुनिक युगमा आएर

आवरणीय प्रेम होइन यथार्थ प्रेम गर्नु जान्नु पर्छ भन्ने सोच यस एकाङ्कीमा प्रस्तुत गर्न खोजिएको छ ।

### ५.४.५ वातावरण

प्रस्तुत जोडी बेजोडी एकाङ्कीको घटनाक्रम अहिले समाजमा घट्ने गरेका प्रेम प्रसङ्गलाई लिएर प्रस्तुत गर्न खोजिएको छ । वर्तमान युवायुवतीले जोडी बनाउने गरेको प्रसङ्गलाई गरिएको छ । विशेष गरेर युवाहरू गुण भन्दा रूपको पछाडि लाग्ने गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । वि १ ले असल नारीले रूपको पछाडि लाग्ने युवाहरूलाई गर्नु पर्ने व्यवहारको पाठ सिकाउन खोजेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यसरी वर्तमान समाजमा रहेका विभिन्न विकृति र विसङ्गतिलाई चिर्दै नारीहरू अगाडि बढ्नु पर्ने विचार व्यक्त गरिएको पाइन्छ ।

### ५.४.६ द्वन्द्वविधान

वि १, वि २ र जो १ यस एकाङ्कीका पात्र रहेका छन् यी सबै पात्रहरूमा आन्तरिक भन्दा बाह्य द्वन्द्व बढी प्रस्तुत भएको छ । वि १ र वि २ बीचको प्रेमालापमा वि १ लाई वि २ को सोचविचार मन नपर्नु आन्तरिक द्वन्द्व हो भने बाल्यावस्थाका घटनाक्रम ल्याएर वि २ बाट टाढा हुनु उसको बाह्य द्वन्द्वको रूपमा प्रस्ट हुन्छ । वि १ र जो १ को भेट पछि जो १ नजिक हुन खोज्दा वि १ टाढा हुन खोज्नु जो १ प्रतिको गाढा माया रहनु आन्तरिक द्वन्द्व हो भने जो १ ले रैछौ र न पनि छक्कै परें म पनि भन्नु जस्ता कुराले बाह्य द्वन्द्वलाई प्रस्तुत गरेको छ ।

### ५.४.७ रङ्ग मञ्चीयता

रङ्गमञ्चीयताको दृष्टिले जोडी बेजोडी सफल एकाङ्की हो । वि १ र वि २ बीचको वार्तालापमा जब वि १ ले वि २ ले मायाको झोलामा लबलेटर राखिदिएको छ । आफू बाथरुममा नुहाउन लाग्दा भेन्टीलेशनबाट वि २ ले कोल्टी-कोल्टी हेरेको प्रसङ्ग प्रस्तुत गर्नु आङ्गिक अभिनय रहेको छ । वि २ ले वि १ लाई चुचो आँखा डेरो भन्दा वि २ हिडेपछि जो १ को प्रवेश हुनुले आङ्गिक अभिनय रहेको पाइन्छ ।

### ५.४.८ विचार पक्ष

यस जोडी बेजोडी एकाङ्कीमा एकाङ्कीकारले आजको मानव सभ्यता र विकाससँगै वर्तमान युवायुवतीहरूमा देखिएका विभिन्न विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्न सफल भएका छन् । हाल युवावर्गमा देखिएको खुलमखुल जोडीको आवश्यकता, अहिलेका युवायुवतीहरू प्रेममा फँसेर यथार्थ जीवनलाई बिर्सन खोजेको प्रसङ्ग प्रस्तुत गरिएको छ । अहिलेका युवाहरू युवतीहरूको गुण भन्दा पनि रूपको बढी पछि लाग्ने गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

अहिलेका युवतीहरू सकेसम्म आफूलाई सुहाउँदो पुरुष अँगाल्न खोज्ने तर युवाहरू केवल रूपको पछि लाग्ने यदि युवतीले इन्कार गरेको खण्डमा तिनीहरूलाई अपमान जनक व्यवहार गर्ने जस्ता प्रसङ्ता प्रस्तुत गर्न एकाङ्की रूपमा लट्ठ परेर वि २ ले उसको गुणगान गाउँछ तर वि २ को बच्चैदेखिको जुन नारीहरूप्रति गर्ने व्यवहार हो त्यो व्यवहारलाई बुझेको वि १ ले उसका कर्तुतहरू एक-एक गरी केलाएर यो-यो अर्थमा म तिमीलाई जोडीको रूपमा स्वीकार गर्न सक्दिन भन्दा वि २ रिसले वि १ बाट टाढा हुन्छ । अवसर पाए उसको गुणगान गाउँने र अवसर नमिल्ने वा आफू अनुकूल नभए त्यो प्रति नराम्रो व्यवहार गर्ने नारी र पुरुष बिचको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । जोडी बनाउँदा वा जीवन साथीको रूपमा अँगाल्दा सबै कुरालाई विचार पुऱ्याउनु पर्ने बाहिरी रूपलाई मात्रै नभई उसको चरित्रलाई पनि हेर्नु पर्ने सोच विचार यस एकाङ्कीमा प्रष्ट पारिएको छ । नारी र पुरुष बीचको सम्बन्धलाई यथार्थ र प्रस्ट रूपमा यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

### ५.४.९ उद्देश्य

यस जोडी बेजोडी एकाङ्कीको उद्देश्य भनेको वर्तमान समाजमा रहेका युवा युवतीमा देखिएको प्रेम प्रसङ्ग र तिनीहरूको जोडी चयनका प्रसङ्गलाई प्रस्तुत गर्न खोजिएको छ । वर्तमान अवस्थामा नारीहरूले जोडी बनाउँदा वा जीवन साथी रोज्दा आफूलाई सुहाउने र असल चरित्र भएको हेर्नु पर्ने प्रेम गर्न पाएँ भन्दैमा उच्चको यथार्थ चरित्रलाई नबुझी अगाडि बढ्दा दुःख पाइने कुरा प्रष्ट पार्दै नारीहरूलाई सचेत गराउने उद्देश्य राखिएको पाइन्छ । अर्को युवावर्गहरूलाई आफू असल बनेर असल चरित्रको नारी

रोज्नु पर्ने रूपको पछि नलागि गुण पनि हेर्नु पर्ने कुरा यस एकाङ्कीको प्रमुख उद्देश्य रहेको छ ।

### ५.५ नयाँ सन्देश एकाङ्कीको विश्लेषण

#### ५.५.१ कथावस्तु

आजको वैज्ञानिक युगमा विज्ञान र प्रविधिले धेरै फड्को मारी सकेको प्रसङ्गलाई ल्याएर आजको मानिस यन्त्र मानव जस्तै बन्नु परेको अवस्थालाई प्रस्तुत गरिएको छ भने अर्कोतिर मानिस भन्दा पनि पशु वा बाँदरहरू सचेत तथा बुद्धिमान् हुने कुरालाई जनाइएको छ । आजको मानिसमा मानवीयता नरहेको र बढी यौनक्रिडामा लिप्त रहेको भाव प्रस्तुत गरिएको छ । न र म दुई पात्रमार्फत् यस एकाङ्कीमा विशेष गरेर यौन सम्बन्ध र विज्ञान प्रविधिको चमत्कारमा केन्द्रित रहेको पाइन्छ । न स्त्री पात्रको रूपमा प्रस्तुत भएको पाइन्छ भने म पुरुष पात्रको रूपमा प्रस्तुत भएको पाइन्छ । वैज्ञानिक आस्था बोकेको म पात्र नयाँ-नयाँ कुराहरू पत्ता लगाउन प्रयासरत छ । न र म को वार्तालापमा अहिलेको समाज केवल अन्धकार वा अन्धपरम्परामा बाँचेको छ । जसमा संस्कृति भावना बाहेक अरू केही नरहेको विचार व्यक्त गरेका छन् र न ले भन्छे : देखिन्न, देख्नु छैन । यो अध्यारोमा मैले आफ्नो आकृति ठम्याउन सकेकी छैन । तुवाँलोमय अँध्यारोमा धुलोमय गन्ध (युद्ध पिरामिड, पृ.३१) ।

म ले आफूलाई आविष्कारक ठान्दछ र धुलाको कणबाट यन्त्र बनाएको न समक्ष व्यक्त गर्छ । त्यसपछि न ले भन्छे आफूलाई आविष्कारप्रति कुनै चासो नरहेको हामी मानिस आविष्कारक नभई उत्पादक हौं भन्ने कुरा बताउँछे । म ले आफूलाई मानवीय संवेदनाको उत्पादन ठान्दछ र उसले आविष्कार गरेको हाते मेशिन झिको देखाउँदै मानवइतरका प्राणीहरूको नयाँ सम्भावनाहरू पहिल्याइसकेको अनि अन्धकारमा रहेर पनि उज्यालो देख्न सकिने यन्त्रको निर्माण गरेको भाव व्यक्त गर्दछ । जुन यन्त्रले मानवेतर प्राणीहरूको नवीन चेतना र कृयाकलापलाई सङ्केत गरेको विचार व्यक्त गरिएको छ । म ले मान्छे देखेकी छ्यौ भनेर प्रश्न गर्दा न ले उत्तर दिन्छे आफूलाई जन्माउने बाबा र उनकी पत्नी भनेर सो उत्तरलाई खण्डन गर्दै म ले भन्छ, तिनीहरू मान्छे होइनन् विभिन्न जातका चराहरू हुन् भनेर बताउँछ । नवीन मानव मस्तिष्कको बिज दान नै उत्पत्तिकर्ता हो भनेर म ले भन्छ । यहाँ मानवेतर प्राणीहरूको बारेमा बढी व्याख्या गरिएको छ । नयाँ-नयाँ जीव र नयाँ प्रणाली

रहन सक्ने सम्भावनालाई वैज्ञानिक आधार दिइएको छ । अब मानव सोच मस्तिष्क र बुद्धि भन्दा अन्य प्राणीको जीवन शैली बेग्लै गरिएको छ । अन्य प्राणी जगत्मा स्त्री र पुरुषलाई बराबर हक अधिकार दिइने विचार व्यक्त गरिएको छ ।

चराहरूले पनि मानव भन्दा बढी विकसित भएर मानवको भन्दा ठूलो घर बनाउन सक्ने छन् भनिएको छ । पृथ्वीलाई ठूला तीनवटा कोठामा विभाजन गरी एउटा कोठामा मानिस, अर्को विशाल कोठामा पशु र अझै अर्को विशाल कोठामा पंछीहरू बस्ने भनिएको छ । अहिलेको विकसित र व्यस्त मानिसलाई व्यङ्ग्य गर्दै अबका मानिस सन्तान वृद्दिका लागि तत्पर नरहेको र विन्दासको जिन्दगी जीउन चाहेको विचार व्यक्त गरिएको छ । दु:खबाट छुटकारा लिने रे । स्त्री जननेन्द्रीय र पुरुष जननेन्द्रीयको बन्ध्याकरण गरेर भोग विलासमा रमाउने रे (युद्ध पिरामिड पृ.३६) । यसरी मानिस उत्पादनतर्फ निष्क्रिय रहेको अवस्थालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । म पुरुष पात्रले मानिसहरूमा आविष्कार र उत्पादन गर्नतर्फ अहिलेको मानव तल्लीन रहे पनि धेरै जसो मानिसहरू उत्पादन गर्नतर्फ चासो नदेखाएको विचार व्यक्त गरेको छ । म पुरुष पात्रले सृष्टिको लागि म नयाँ सन्तान उत्पतिको लागि पुरुषले मात्र असम्भव रहेकाले स्त्रीको पनि आवश्यक रहेकोले न पात्रलाई आफू सँगै रहेर आविष्कार र उत्पादनमा लाग्न आकर्षण गर्न खोज्छ । उसले आफ्नो लक्ष्य र उद्देश्य अनुरूप न स्त्री पात्रलाई प्रेमरूपी बगैंचामा सँगै घुमाउन र प्रेम स्वाद चखाएर आफ्नो बनाउन सफल हुन्छ । एकाङ्कीको अन्त्यमा नयाँ सन्देश लेखिएको हुन्छ र कथाको अन्त्य भएको हुन्छ ।

### ५.५.२ चरित्र चित्रण

यस नयाँ सन्देश एकाङ्कीमा न र म दुई वटा पात्रहरू रहेका छन् । न स्त्री पात्रको प्रतिनिधि पात्रको रूपमा र म पात्र पुरुष पात्रको प्रतिनिधि पात्रको रूपमा रहेको पाइन्छ । यस एकाङ्कीमा आदिदेखि अन्त्यसम्म दुवै पात्रको उस्तै भूमिका खेलेको हुनाले दुवैको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । दुवै साङ्केतिक र मानवेतर पात्रको रूपमा देखापरेका छन् । प्रकाशको उचित प्रयोग गरेर एकाङ्कीलाई रोचक तुल्याउन खोजिएको छ । यस एकाङ्कीमा पुरुष पात्र म ले समाजमा पुरुषको पनलाई प्रस्तुत गर्न खोजेको छ भने न पात्रले अस्तित्वमा वा अन्त्यमा गएर पुरुष प्रति लिप्त रही स्त्रीको अवस्थालाई प्रस्तुत गरेको देखिन्छ ।

**न को चरित्रचित्रण**

यस एकाङ्कीमा न एक नारी पात्रको रूपमा प्रस्तुत भएकी छ । जसले एउटा म पुरुष पात्रसँगसँगै रहेर नारी चरित्रको प्रतिनिधि पात्रको रूपमा भूमिका निर्वाह गरेको पाइन्छ । आफूलाई आविष्कार र उत्पादकको संज्ञा दिन्छ उसको स्त्री चारित्रिको चारित्रिक गुण रहेको छ । साथै म पात्रले प्रेमको फूलवारीमा सँगै घुम्न अनुरोध गर्दा आफूलाई सन्तान प्रतिको विश्वास नभएको र ऊ मान्छेका गुणले युक्त हुने कुरा व्यक्त गर्दछे । उसले सुरुमा म पुरुष पात्रको आविष्कार गर्ने र उत्पादन गर्नतर्फ प्रेममा पर्न आविष्कार गर्ने र उत्पादन गर्नतर्फ प्रेममा पर्न अस्विकार गरे पनि अन्त्यमा आफ्नो तन, मन पुरुष पात्रलाई नै सुम्पने पात्रको रूपमा प्रस्तुत भएकी पात्र हो ।

**म को चरित्रचित्रण**

आधुनिक युवा वर्गको एक प्रतिनिधि चरित्रको रूपमा देखा परेको म पात्र प्रेम र विज्ञानको बारेमा प्रस्तुत भएको चरित्र हो । अहिलेको विज्ञानले विभिन्न खालको यन्त्रको निर्माण गरी अध्ययन गर्न सकिने कुरालाई प्रस्तुत गरेको छ । प्रेमप्रति लिप्त रहेर न स्त्री पात्रलाई आफ्नो बसमा पार्न विभिन्न प्रपञ्च रचेको पात्रको रूपमा आफूलाई प्रस्तुत गरेको छ । अहिलेको मानिसलाई अल्छी र मानवीयता नभएको भनेर सम्पूर्ण प्रगति र परिवर्तनको वाहक आफूलाई ठानेको छ । आफू मानिसहरू भन्दा छुट्टै बौद्धिक र आविष्कारक ठानेको छ । आजको मानिस भन्दा पंक्षी, बाँदर र किरा फट्याङ्ग्रा धेरै बुद्धिमान् भएको र मानिस भन्दा अझै प्रगतिशील रहेको बताउँछ । आफू प्रेमभोगी हुन चाहन्छ र न पात्रलाई आफूसँग प्रेममा आलिङ्गन हुनको लागि सँगै साथ दिनको लागि भन्छ, हामीमा विभेद हुनुहुँदैन । यिनै मिथकीय कथाले मानवीय बस्तीमा पुरुषलाई यौनरोगी बनायो । यौनरोगीबाट कुरूप उत्पादन र कुरूप भोगमात्र सम्भव छ । यसर्थ यसलाई सच्याउँदै म तिमीलाई पहिलो प्राथमिकता दिन्छु । तिमी अगाडि म पछाडि आउन घुमौ... (पृ.३९) । न स्त्री पात्रलाई आफ्नो यन्त्रले कामवासनामा लठ्ठ पारेर अङ्कमाल गर्छ ।

**५.५.३ संवाद**

यस नयाँ सन्देश एकाङ्कीमा नयाँ र अत्यन्तै नवीन शैली प्रयोग गरिएको पाइन्छ । गद्यमय संवाद रहेको यस एकाङ्कीमा एक वाक्यदेखि लिएर सात वाक्य सम्मको संवाद रहेको छ । यस एकाङ्कीमा म र न दुई पात्रहरूको संवाद रहेको छ । म ले पुरुष पात्रको

रूपमा संवादात्मक अभिव्यक्ति प्रस्तुत गरेको छ भने न ले स्त्री पात्रको रूपमा आफ्नो संवादात्मक अभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ। आजको मानिस र मानवेतर प्राणी बीचको अन्तर र तिमीहरूको प्रगतिलाई नयाँ तरिकाले प्रस्तुत गरिएको छ। बाँदर, किरा, फट्याङ्ग्रा र पंक्षीहरूको नयाँ सोच, विचार र प्रगति मापन गर्ने यन्त्र आविष्कार गरेको नवीन शैली र मानवमा पनि पूर्ण मानव नभई अन्ध मानव भएको र स्त्री र पुरुषमा हुनुपर्ने लैंगिक समानतालाई पनि नवीन रूपमा प्रस्तुत गरिएको छ । अत्यन्त वैज्ञानिक तथा प्रेमका संवादहरू यहाँ प्रस्तुत गरिएको पाइन्छ।

### ५.५.४ भाषाशैली

प्रस्तुत नयाँ सन्देश एकाङ्कीमा प्रतीकात्मक भाषाशैलीको प्रयोग गरिएको छ । सामान्य आदरको प्रयोग गरिएको पाइन्छ। प्रकाशको बढी प्रयोग यस एकाङ्कीमा पाइन्छ। सामान्य पाठकका लागि जटिल भाषाशैलीको प्रयोग रहेको छ । विज्ञान र प्रेम सम्बन्धी भाषाको प्रयोग रहेको र सामान्य लेखकको लेखभन्दा फरक शैलीमा देखिएको यो एकाङ्कीमा नितान्त फरक शैलीको भाषा छ । यन्त्र मानव, मेसिन, जिरो बटन दबाउँदा छुट्टै दृश्य देखाउने र एक वटन दबाउँदा छुट्टै दृश्य देखाउने आदि प्रयोग गरिएकोले विज्ञान सम्बन्धी भाषाशैलीको प्रयोग देखिन्छ । प्रेम, राग, रस, भमरा, माहुरी आदिको प्रयोगले प्रेमसँग सम्बन्धी भाषाशैलीको प्रयोग पाइन्छ । 'भर्सेला परोस्' जस्ता उखान टुक्काको प्रयोग भएको पाइन्छ। विशेष गरेर बौद्धिक पाठकका लागि उपयुक्त भाषाशैली रहेको पाइन्छ।

### ५.५.५ द्वन्द्व विधान

नयाँ सन्देश एकाङ्की द्वन्द्व विधानका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्व प्रयोग भएको पाइन्छ। म ले आजको मानिसमा र प्राणी जगत् पशुपंक्षी आदिमा रहेको विचारलाई प्रस्तुत गर्नु आन्तरिक द्वन्द्व रहेको र म र न बीचको द्वन्द्व बाह्य द्वन्द्व रहेको पाइन्छ। यसमा आध्यात्मिक र भौतिक द्वन्द्व देखिएको छ भने प्रेम सम्बन्धी द्वन्द्व भएको पाइन्छ। म पात्रमा नै दोहोरो द्वन्द्वात्मकता रहेको यो एकाङ्की अत्यन्तै नयाँ सन्देश दिने खालको रहेको पाइन्छ।

### ५.५.६ वातावरण

नयाँ सन्देश एकाङ्कीमा प्रस्तुत गरिएको सामाजिक, आध्यात्मिक, भौतिक, मानवीय र मानवेतर देशकाल परिस्थिति सापेक्ष परिकल्पना गरिएको कल्पना बढी भएको देखिन्छ । आधुनिक युवा वर्गमा देखिएको प्रेम सम्बन्धी वातावरण मानिसको यथार्थ रहेको पाइन्छ । मानिसहरूको अल्छीपना र ऐश आरामको जीवन जिउन उत्पादनमा कम जोड दिएको अवस्थालाई प्रस्तुत गरिएको छ । मानिसमा भन्दा मानवेतर प्राणीहरूमा बौद्धिकता रहेको र अबको संसार बाँदर, पंक्षीहरूले छुट्टै विकास र प्रगति गर्न खोजेकोलाई काल्पनिक रूपमा प्रस्तुत गरिएको छ । न पात्रले स्त्रीको प्रतिनिधि पात्रको रूपमा आफूलाई प्रस्तुत गरेको पाइन्छ भने म पात्रले आफूलाई पुरुष पात्र र एउटा आविष्कारकको रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ५.५.७ रङ्गमञ्चीयता

एकाङ्कीको कथावस्तुलाई रङ्गमञ्चमा प्रस्तुत गर्न कठिन मिहिनेत आवश्यक पर्दछ । पात्रका तर्क आदिलाई बोलेर नै प्रस्तुत गर्नुपर्ने भएकाले वाचित अभिनयको प्राधान्य देखिन्छ । साथै प्रकाशको प्रयोग पनि उत्तिकै प्रमुख रहेको पाइन्छ । मानवीयता भन्दा मानवेतर बिम्ब र प्रतीकहरूको प्रयोगले गर्दा यान्त्रिक प्रयोगलाई पनि यस एकाङ्कीमा प्रमुखताका साथ प्रस्तुत गरिएको छ । यसमा आङ्गिक अभिनय समाविष्ट छन् । हात, खुट्टा, आँखा र सम्पूर्ण शरीरकै अभिनय मुख्य रूपमा देखिन्छ । यन्त्रको प्रयोग गर्नु न को शरीरमा म ले पाउदेखि शिरसम्म र शिरदेखि पाउसम्म फेरी मेशिन लगाइदिनु साथै ओठमा चुम्नु आदि अङ्गहरूको सञ्चालनबट गर्न सकिन्छ । एकाङ्कीको सुरुदेखि अन्त्य सम्म प्रकाशको प्रयोग भएको पाइन्छ ।

### ५.५.८ विचार पक्ष

एकाङ्कीकारले नयाँ सन्देश एकाङ्कीमा आजको विज्ञान प्रविधिको चमत्कार तथा युवायुवती बीचको प्रेम सम्बन्धलाई जस्ताको तस्तै प्रस्तुत गर्न खोजेको पाइन्छ । आजको मान्छे केवल ऐश आराममा लिप्त रहेको पाइन्छ । एउटै पात्र म प्रमुख पात्र बनाएर उसले एकातिर विज्ञानका चुनौतीलाई प्रस्तुत गरेको पाइन्छ भने अर्कोतिर स्त्रीसँगको सम्बन्धलाई प्रस्तुत गर्न खोजिएको छ । आजको मान्छेले आफ्नो मनवीयतालाई बिर्सिएर बाँदर र

पंक्षीहरू भन्दा पनि निच व्यवहार गरेका कुरा प्रस्तुत गरिएको छ । मानिसहरू सामाजिक अन्ध विश्वासमा रहेर केही गर्न नसकेको अब मानवेतर प्राणीहरू मानिस भन्दा अगाडि बढ्न खोजेको अवस्था प्रस्तुत गरिएको छ । धुलाहरूको कण बटुलेर नयाँ मेशिनको आविष्कार गरेको र चरित्र अध्ययन गर्न खोजिएको विचार व्यक्त गरिएको छ ।

मानिसहरू आफूले आफूलाई बौद्धिक प्राणी माने तापनि तिनीहरूको व्यवहारले गर्दा सोच र विचार अनुसार अगाडि बढ्न नसकेको स्थितिलाई प्रस्तुत गर्न खोजिएको छ । प्रकृतिको सिर्जना मान्छेको जस्तो सिर्जना नहुने र प्रकृतिले सिर्जना गरेका चिजहरू उपयोगी हुने कुरा व्यक्त गरिएको छ । मान्छेमा आइमाई मान्छेहरू बढी घमण्डी हुने विचार व्यक्त गरिएको छ । आजको मानिस कृत्रिमतामा बाँच्न चाहन्न तर प्रकृति जस्तो कृत्रिम हुँदैन । म पात्रले न पात्रलाई पनि कृत्रिमतामा नभइकन प्राकृतिक परिवर्तन गर्न चाहन्छ । यसरी यस एकाङ्कीमा प्रकृति र कृतिमता बीचको अन्तरलाई पनि व्यक्त गरिएको छ । अन्त्यमा न पात्र पनि आधुनिक प्रेमिकाको रूपमा नयाँ मेशिन वा यन्त्रले उसको मानसपटल पुरै परिवर्तन गर्न खोजेको कुरालाई प्रस्तुत गरिएको छ । अहिलेको विज्ञानले आविष्कार गरेका यन्त्रहरूको कमाल, प्रेमी र प्रेमिका बीचको प्रेमालाप दुवैलाई एकैचोटी सफल रूपमा प्रस्तुत गर्न एकाङ्कीकार सफल भएका छन् । प्रकाशको प्रयोग, मानव यन्त्र तथा मेशिनद्वारा दृष्टि भ्रम गराई एकाङ्कीलाई मूर्त रूप दिन एकाङ्कीकार सफल भएका छन् ।

### ५.५.९ उद्देश्य

यस एकाङ्कीमा प्रेम र विज्ञानसँग केन्द्रित भएर यहाँका पात्रहरूलाई परिचालित गराइएको छ । अहिलेको विज्ञान र प्रविधिले विभिन्न कृत्रिमतामा परिणत गराई प्रकृतिलाई नै चुनौती दिन खोजिएको छ । यन्त्रमानव तथा मेशिनको प्रयोगले एकाङ्कीलाई नितान्त वैज्ञानिक रूप दिइएको पाइन्छ । मानिसहरूलाई यान्त्रिक विकासका कारण विभिन्न ऐश आराममा रहेका मानिसहरूको अवस्थालाई देखाउन खोजिएको छ । अर्कोतर्फ प्रेममा लिप्त प्राणी जगत् र मानव जगत्को यथार्थतालाई पनि प्रस्तुत गर्न खोजिएको छ । यसरी विज्ञानको चमत्कार र प्रेमको सम्बन्धलाई तुलना गर्दै प्रष्ट पारिएको छ ।

### ५.६ मान्छे र माछाहरू एकाङ्कीको विश्लेषण

### ५.६.१ कथावस्तु

यस संसारमा जे जति मानिसहरू रहेका छन् तिनीहरू केवल स्वार्थी रहेको र तिनीहरूले आपसमा मेल भन्दा बेमेलको स्थिति सिर्जना गरेको कुरालाई प्रस्तुत एकाङ्कीमा प्रस्तुत गरिएको छ । एकाङ्कीमा मान्छे र माछाहरूको तुलनात्मक अध्ययनलाई प्रस्तुत गरिएको छ । जीव विज्ञानसँग सम्बनिधत रहेर प्रस्तुत गरिएको यस एकाङ्कीमा ०२ पात्रले कालान्तरमा माछा-माछा मान्छे हुने र ०१ ले मान्छे डाइनोसर हुने संवादात्मक अभिव्यक्तिले जीव विज्ञानलाई संकेत गरेको पाइन्छ । ०१ र ०२ पात्र पोखरीमा नियालेर माछाको क्रियाकलापलाई हेर्दै माछा, मान्छे र आजको संसारको बारेमा वार्तालाप भएको छ । मान्छेमा जुन नेतृत्व हुन्छ, माछामा पनि हुँदो रहेछ र तिनीहरूमा पनि ठूलो र शक्तिशालीले सानो र कमजोरलाई हेप्ने प्रवृत्ति रहेछ भन्ने तिनीहरूको निचोड रहेको छ । आध्यात्मिक तथा धार्मिक दुवै विचारलाई समावेश गराइएको यस एकाङ्कीमा मानव सभ्यताको चरित्र, क्रियाकलापको यथार्थ चित्रण गर्न खोजिएको छ ।

आजको मान्छे आध्यात्मिक विचार अँगालेको छ । यथार्थलाई भन्दा मूर्तिलाई बढी मान्दछ र केवल देखावटी सेवामा सेवारत रहन्छ । एउटा सिंह र राजासँगको सम्बन्ध देखाउँदै तिनीहरूले पनि निर्भीकताका साथ आफ्नो शक्ति प्रदर्शन गर्न नसकेको कुरालाई प्रस्तुत गरिएको छ । मानिसको दरिद्रताले गर्दा पुनः कुनै प्राणी जगत्मा परिणत हुन नसकी केवल मानव जीवनको अस्तित्वको अन्त्यतिर विलीन हुन पुग्छ । जसरी डाइनोसर प्राचीन समयमा देखा परेर विलिन भयो । दरिद्रहरूको दरिद्रताले नै दानव देवता भएको र पशु मान्छे भएको अभिव्यक्तिले मानिसमा मानवीयता नरहेको विचार व्यक्त गरिएको छ । जात, भात, भेषभूषा मानिस आफैंले ल्याएको नियम हो । माछाको संसारमा सबै माछा एउटै झुण्डमा मिलेर रहेको तर मानिसहरूको समाजमा विभिन्न विभेद रहेको विचार व्यक्त गरिएको छ ।

केवल अध्यात्म तथा भौतिक संसार नडराइकन सत्य र नयाँ आदर्श जीवनमा बाँच्ने मनहरू पनि यस संसारमा रहेको कुरा व्यक्त गरिएको छ र ०१ पात्रले भनेका छन्, मैले पनि, मनहरू देखें, पवित्र मन, भौतिक पनि होइन, आध्यात्मिक पनि होइन, सत्य संसार, सत्य मन, नूतन आदर्श-जीवन (पृ.४५) । घाँस फ्याँकिएपछि सबै माछाहरू तर्सिएर भाग्छन् र पुनः घाँस खान आउँछन्, त्यसैले डर भएर नै लोभ र त्रास भएर नै घमण्ड हुने विचार

व्यक्त गर्दै ०२ पात्रले भन्छ, 'जहाँ डर हुन्छ, त्यहाँ लोभ हुन्छ । जहाँ त्रास हुन्छ त्यहाँ घमण्ड हुन्छ । लौ, डराएर पनि खाए' (पृ.४६) । मान्छेमा मानवीयता नभएको कुरा व्यक्त गरिएको छ । किनकि मान्छे घाँस पनि खान्छ, सागपात पनि घाँस हो भनिएको छ, त्यस्तैपात पशुले पनि खान्छ तर मान्छेले पशुलाई पनि खाने र मान्छेले मान्छे पनि खाने हुनाले मान्छे पशुभन्दा पनि निच सोच र मानसिकता रहेको भाव प्रकट गरिएको छ । र ०१ पात्रमार्फत् भनिएको छ,-'महाहिंस्रक ! अरूको श्रम खान्छ, बुद्धि खान्छ, बल खान्छ, पौरख खान्छ' ( पृ.४६) । बोट बिरुवाहरूले पनि घाम, शीत र जून खान्छ भनिएको छ ।

त्यस्तै गरी माछाहरूको पोखरीमा पनि ठूला माछाले सानो माछालाई हेपेको खाने कुरा फ्याँक्दा सानो माछालाई आहार नदिएको त्यसैगरी मानिसहरूको समाजमा पनि बलियो र टाउकेले मात्र खाने गरेको टाउकेको पुच्छर भएर हिँड्नेहरूले केही चाख्न पाएको कुरालाई प्रस्तुत गरिएको छ । आजको मान्छे कोही अध्यात्म कोही भौतिक कोही थिचोमिचोमा लागेको र केही अत्यन्त सीमित मानिसहरू मात्र अर्काको भलोमा लाग्ने गरेको विचार यस एकाङ्कीमा व्यक्त गरिएको छ ।

### ५.६.२ चरित्र चित्रण

मान्छे र माछाहरू एकाङ्कीमा ०१ र ०२ दुई वटा पात्रहरू रहेका छन् । एकाङ्कीको आदिदेखि अन्त्यसम्म दुई वटा पात्र ०१ र ०२ को उत्तिकै भूमिका रहेको पाइन्छ । सांकेतिक वा मानवेतर पात्रको प्रयोग गरिएको छ । दुवै पात्रको उत्तिकै भूमिका रहेको यस एकाङ्कीमा आजको युगको मानव चरित्र र गतिविधिलाई प्रस्तुत गरिएको छ । जीव विज्ञान र प्रकृतिको सम्बन्धलाई विशेष रूपमा महत्त्व दिइएको पाइन्छ ।

**०१ को चरित्रचित्रण**

यस एकाङ्कीका दुई पात्र मध्येको ०१ एक  पात्रको रूपमा प्रस्तुत भएको पात्र हो । ऊ आजको मानिस दरिद्रता, स्वार्थ, तुच्छपनले पूर्ण रहेको बताउँछ । जो मानिस अरूलाई दबाउछ त्यो मानिसले नै राज गर्ने र ईश्वरको रूपमा प्रस्तुत हुने बताउने चरित्रको रूपमा चिनाउनको लागि आध्यात्मिक चिन्तन भएका मानिसहरू जो आफूलाई समाजको सर्वेसर्वा ठान्दछन् । त्यसैले त्यस्ता मान्छेहरूलाई सही ठेगान लगाउनुपर्ने सोच राख्नुपर्ने ठान्दछ । मानिस भएर असफल मानिस हुनुपर्ने कुरालाई व्यक्त गर्दछ र भन्दछ, 'दरिद्रहरूको दारिद्रिक नियतिले दानव देवता भए, पशु मान्छे भयो । यसर्थ मान्छे माछा हुन सक्दैन । कालान्तरमा

माछा मान्छे हुन सक्ला' (पृ.४४) । मानिसहरूको स्वार्थको प्रतिफल नै देश रहेको र तुच्छ आलाप नै जात रहेकोले स्वार्थी र तुच्छ व्यवहार गर्नु उपयुक्त नहुने बताउने एउटा आदर्श र सत्यवादी पात्रको रूपमा प्रस्तुत हुन चाहेको पात्रको रूपमा देखा परेको छ । आफूले पनि मनहरू देखेको, पवित्र मन, नूतन आदर्श मन देखेको कुरा बताउँछ । जसरी माछाहरू पोखरीमा रहँदा ठूला माछाले साना माछालाई आहारा खाना दिँदैनन्, त्यसैगरी यो संसार पनि शक्तिशालीको संसार रहेछ । यस्तो अवस्था आखिर सचेत वर्ग मानिसमा पनि रहेको छ भन्ने बताउने पात्रको रूपमा प्रस्तुत भएको छ ।

**०२ पात्रको चरित्रचित्रण**

०२ पात्र मानिस हुन् या प्राणी जुनसुकै पनि आफ्नो समाजमा स्वतन्त्र रूपमा बाँच्न पाउनुपर्छ भन्ने स्वच्छ मन र उदारनीति प्रस्तुत गर्न खोज्ने पात्रको रूपमा देखा परेको छ । धर्म र शक्ति प्रदर्शन गरी आफ्नो प्रभुत्व जमाउनेहरूले संसारमा थिचोमिचो गरेको र तिनीहरूको अस्तित्व अन्त्य गराउनु पर्छ भन्ने पात्रको रूपमा देखा परेको छ र भन्छ, 'महादेव ! निकृष्ट नेताका स्वतन्त्र विचारका उत्पादन ! महादेवहरूको मूर्तिमा बाँच्ने बानी परेको छ' (पृ.४४) । जो समाजमा आफ्नो प्रभुत्व जमाउन खोज्छ त्यस्तोलाई दबाउनु पर्छ भन्ने सोच भएको पात्रको रूपमा प्रस्तुत भएको पात्र हो ०२ र भन्छ, 'अँठयाइएपछि जति बलवान्, जति बुद्धिमान्, जति विद्वान् पनि किचिक्क हुँदोरहेछ । बिचरा सिंह !' (पृ.४४) । ०२ पात्र केवल भेदको दृष्टिले नभई सामाजिक मेलमिलापमा रहनुपर्छ भन्ने भावना भएको पात्रको रूपमा प्रस्तुत भएको छ । मानिसहरूको जस्तो माछा भाको समाजमा कानून, तथा विभिन्न वर्ग नहुने विश्वास गर्ने पात्रको रूपमा देखा परेको छ । उसले भन्छ, 'यिनीहरूको समाजमा कानून हुँदैन होला, झूठो न्यायालय अत्याचारी वकिल हुँदैन होला, हाकिम, पियन, शिक्षक, प्राध्यापक, कवि, लेखक, कलाकार, किसान, मजदुर, राजा, मन्त्री, नेता कोही हुँदैनन् होला' (पृ.४५) । मान्छेले अन्य प्राणी जगत्लाई मात्रै आफ्नो बसमा नराखी मानिसलाई नै खाने पशुभन्दा निच रहेको छ यस्तो स्वार्थ र अवसरवादी हुनु हुँदैन भन्ने एउटा आदर्श बोकेको पात्रको रूपमा प्रस्तुत भएको छ ।

### ५.६.३ संवाद

मान्छे र माछाहरू एकाङ्कीमा गद्यमय संवादको प्रयोग भएको छ । संवादमा प्रयोग गरिएका वाक्यहरू छोटा छन् । संवाद एक हरफदेखि पाँच हरफसम्मका रहेका छन् ।

संवादमा सहजता, वास्तविकता अनि यथार्थता पाइन्छ । त्यसैगरी एकाङ्कीमा ०१ पात्रका ३३ र ०२ पात्रका ३३ वटा संवाद रहेका छन् । दुवै पात्रले आधुनिक समाजमा देखा परेका मानिसमा विभिन्न प्रवृत्ति तथा प्राणी जगत्मा पनि बलियोले निर्धोलाई, ठूलोले सानोलाई थिचोमिचो गरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । एउटै पोखरीमा रहेका माछामा पनि ठूलो माछाले सानो माछालाई थिचोमिचो गरेको दृश्यलाई संवादको रूपमा प्रस्तुत गरिएको छ ।

### ५.६.४ भाषाशैली

प्रस्तुत मान्छे र माछाहरू एकाङ्कीमा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । साधारण र बोलिचालीको भाषाको प्रयोगले एकाङ्की जीवन्त बन्न गएको छ । एकाङ्कीमा अधुरा वाक्यहरूको पनि प्रयोग गरिएको छ । विभिन्न उखान, टुक्का, तत्सम र तद्भव शब्दको प्रयोग गरी वाक्यलाई बुझ्न सरल बनाइएको छ ।

### ५.६.५ द्वन्द्व विधान

एकाङ्कीमा आन्तरिक र बाह्य द्वन्द्व दुवै पाइन्छ । ०१ र ०२ पात्रले मानिसहरूको स्वार्थ र विभिन्न चरित्रलाई सम्झने गरेको आन्तरिक द्वन्द्वको रूपमा प्रस्तुत भएको छ भने संवादमा तिनै नराम्रा चरित्र भएका मानिसहरूको बारेमा प्रस्तुत गर्दा बाह्य द्वन्द्व पनि प्रस्तुत गरिएको पाइन्छ ।

### ५.६.६ वातावरण

वातावरणका दृष्टिले यो एकाङ्की सफल देखिन्छ । एकातर्फ पात्रहरू एक आपसमा कल्पनामा डुबेर यथार्थतालाई प्रस्तुत गरेको पाइन्छ । यस संसारमा रहेको तुच्छ र स्वार्थलाई त्यागेर सत्य, उदार र यथार्थताको धरातलमा रहन आग्रह गरिएको छ । मानिस-मानिस बीचको कटु सम्बन्धलाई नयाँ तरिकाले मानवीय सम्बन्धमा परिणत गराउनुपर्ने र प्रकृतिको नियम जुन छ त्यसलाई आत्मसात् गर्दै आपसी मेल हुनुपर्ने विचार व्यक्त गरिएको छ । एकाङ्कीमा समाज या यस संसारमा रहेको यथार्थ वातावरणलाई प्रस्तुत गरिएको छ ।

### ४.६.७ रङ्गमञ्चीयता

एउटै दृश्यमा लेखिएको एकाङ्की अभिनयका दृष्टिले यसलाई सफल एकाङ्की मानिन्छ । प्राकृतिक दृष्य पोखरीमा माछाहरू खेलेको र महादेवको आसन सिंह आदि रहेकोले

रङ्गमञ्चका दृष्टिले सहज रहेको पाइन्छ भने दुई वटा मात्र पात्र रहेकोले एकाङ्की छोटो रहेको छ । आङ्गिक अभियन रहेको यस एकाङ्कीमा पात्रहरू आपसमा झर्कने भन्दा यस विश्व मानव समाजमा देखिएका मानिसहरूको यथार्थपनलाई झल्काउन गरिएको अभिनयले आङ्गिक अभिनयका रूपमा लिन सकिन्छ ।

### ५.६.८ विचार पक्ष

मान्छे र माछाहरू एकाङ्कीमा एकाङ्कीकारले मान्छे र माछा बीचको समानता र भिन्नतालाई प्रस्तुत गरेका छन् । आजको युगमा प्रकृति र प्राणी बीचको अन्तर सम्बन्धलाई पनि प्रस्तुत गरिएको छ । प्रकृतिमा रहेका जति पनि प्राणीहरू छन् तिनीहरूको आफ्नै समाज र आफ्नै संसार रहेको छ । जुनसुकै प्राणी होस् ठूलाले सानालाई, बलियाले निर्धालाई हेप्ने र कमजोरीको फाइदा उठाउने गरेको कुरा ०१ र ०२ पात्रमार्फत् प्रस्तुत गरिएको छ । मानिस एक सचेत र सर्वश्रेष्ठ प्राणीमा पनि आध्यात्मिक या भौतिक जुनसुकै रूपमा आफ्नो प्रभुत्व जमाएर समाजमा राज गर्ने गरेको तितो यथार्थलाई प्रस्तुत गरिएको छ । विश्वप्रख्यात मार्क्स, फ्रायड, व्यास, गान्धी, बुद्ध आदिको उदाहरण दिएर यही संसारमा विभिन्न खाले मानिसहरूको जन्म भएको र तिनीहरू आफ्नो स्वार्थ सिद्धिको लागि प्रख्यात रहेको विचार व्यक्त गरिएको छ । मानिसहरू केवल आफ्नै स्वार्थ सिद्धिका लागि बाँचेको कुट यथार्थलाई प्रस्तुत गरिएको छ । डार्विनको जीव विज्ञानलाई आधार मानेर बाँच्नको लागि सङ्घर्ष भन्ने विचार साथै जीव विकासको अवस्थालाई पनि यसै एकाङ्कीमा प्रस्तुत गरिएको छ । कुनै पनि जीवहरू समयान्तरमा परिवर्तन हुन सक्ने सम्भाव्यतालाई प्रस्तुत गरिएको छ । जीवको उत्पत्ति र जीवहरूको क्रियाकलापलाई सरल र सहज रूपमा प्रस्तुत गरिएको छ । यथार्थको धरातलमा सरल र सहज विचार व्यक्त गरिएको पाइन्छ ।

### ५.६.९ उद्देश्य

यस एकाङ्कीमा जो बलियो र शक्तिशाली छ त्यसले कमजोर र निर्धोलाई थिचोमिचो गरेको तितो यथार्थलाई प्रष्ट रूपमा प्रस्तुत गरिएको छ । संसारमा रहेका जति पनि प्राणी जगत् छन् तिनीहरूमा आन्तरिक कलह, अहम्ता र दमनको भाव रहेको प्रष्ट पारिएको छ । विशेष गरेर मान्छेको स्वभावलाई माछासँग तुलना गर्दै जसरी ठूला माछाले

साना माछालाई दमन गरेको हुन्छ मानिसमा पनि शक्तिशाली बन्ने होडबाजी चलेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

### ५.७ जयगान एकाङ्कीको विश्लेषण

#### ५.७.१ कथावस्तु

मानिसका सोच विचार अलग-अलग रहेका हुन्छन् । सबै मानिस एकै स्वभावका हुँदैनन् । आफ्नो सेरोफेरोमा आफूलाई बलवान् ठान्नेहरू प्रशस्तै रहेका हुन्छन् । आफूलाई सर्वेसर्वा ठान्दछन् । त्यही माथि नारी र पुरुष बीचको लैङ्गिक आकर्षण समाजमा कुनै न कुनै रूपमा प्रस्तुत भएको पाइन्छ । त्यसैले यस जयगान एकाङ्कीको कथावस्तु पनि आजका मानिसको क्रियाकलाप तथा विपरीत लिङ्गीय आकर्षण आदिको बारेमा चर्चा गरिएको पाइन्छ । आजका मानिसहरू व्यवहारिक रूपमा जिउँदो लाशसरी रहेको बताइएको छ । धर्म, नीति र आदर्शका कुरा गर्ने तर व्यवहारमा अलग प्रस्तुति रहेकाहरू पनि प्रशस्त पाइन्छ । यस कथाको प्रमुख पात्र मानिसमार्फत् एक मानिसले अर्को मानिसलाई गर्नुपर्ने कर्तव्य पूरा नगरेको अवस्थालाई संकेत गरिएको छ । अध्यात्मवाद र भौतिकवादको वैचारिकता पनि प्रस्तुत गरिएको छ ।

जसमा धैर्य गर्न सक्ने शक्ति रहेको हुन्छ उसले अवश्य पनि केही न केही प्रतिफल प्राप्त गरेको हुन्छ । केही पाउन केही गुमाउनु पर्छ भने झैं निरन्तर रूपमा लागिपरे अवसरहरू प्राप्त गर्न सकिन्छ भन्ने विचार मानव पात्रमार्फत् प्रस्तुत गरिएको छ । जहाँ भनिएको छ, 'चिसो जमिनमा दीर्घकालसम्म बस्न सक्नेले राज्य पाउँछ, यहाँ । लामो समयसम्म आगोमा सुत्न सक्नेको सत्ता स्विकारिन्छ यहाँ । यहाँहरू यी दुई मार्गमा कुन रोज्नुहुन्छ ?' (पृ.४९) । मनलाई विषयवस्तु बनाएर मृतिका र मृत्युन्या दुई पात्र मनको खोजीमा हिँडेको र तिनीहरूले मनको सट्टामा मृत्यु कमाएको प्रसङ्गलाई पनि व्यक्त गरिएको छ । जो मानिसको श्रम, पसिना र रगत खान खोज्छ त्यस्तोलाई राक्षस, भूत आदिको संज्ञा दिइएको छ । अहिलेको विश्वमा मानिस आपसमा युद्ध गरेर आफ्नो अस्तित्वसमेत धरापमा राखेको कुरालाई प्रष्टयाउन खोजिएको छ । सबैभन्दा ठूलो मन भएकै कारण मानिसले धनको लालचमा फस्न हुँदैन भन्ने स्वभाव व्यक्त गरिएको छ । मानिसका नै विविध रूप रहेको र तिनीहरूलाई भूतप्रेतको संज्ञा दिइएको छ । तिनीहरूले असल र सोझा मानिसलाई भयभीत पर्ने गरेको कटु यथार्थलाई प्रस्तुत गरिएको छ ।

जो सही तरिकाले बाँच्न खोज्छ, तिनीहरूलाई ज्यादै कठिन अवस्थ आइपर्ने कुरालाई प्रष्ट पारिएको छ । मानिसहरू अन्धाधुन्ध अवस्थामा रहेको कहँ कतिबेला के हुन्छ भन्ने कुरा अडकल गर्न नसकिने अवस्था सिर्जना भएको छ । सबै मानिसहरूमा विभिन्न किसिमको मनोवैज्ञानि अवस्थालाई प्रस्तुत गरिएको छ । युद्धको विभीषिकाले ग्रस्त मानिसहरूको भयभित्र मनलाई नै यथार्थ रूपमा प्रस्तुत गरिएको छ । मृतिका पात्रमार्फत् प्रस्तुत गरिएको छ, 'कति युवाको रगत नदीजस्तै बगाइदिनुभयो अरे !' (पृ.५३) । युद्धका कारण कैयौं मानिस घरवारविहीन भएका छन् भने कसैले अकालमा ज्यान गुमाउनु पर्ने अवस्थालाई मनोवैज्ञानिक पाराले प्रस्तुत गरिएको पाइन्छ । मानिसहरूको मनमा भय वा डर त्रासले बास गरेको छ । अँध्यारो जिन्दगी जीउन आजको मान्छे बाध्य भएको छ । कहाँ कतिबेला के हुने हो भन्ने चिन्तै चिन्ताले चितामा पुऱ्याइएको अवस्थालाई प्रस्तुत गरिएको छ । जसरी बाँदरले आफ्नो घर पनि नबनाउने र अरूको घर पनि नबनाउने अवस्थाका मानिसहरूको चरित्रलाई प्रष्ट रूपमा व्याख्या गरिएको छ । यस संसारमा मानिसका अनेक दानवीय, राक्षसीपना, बाँदर प्रवृत्ति आदि हटेर जाँदैनन् तब मानव समाजमा भयले बास गरेको हुन्छ भन्दै यस एकाङ्कीको प्रमुख पात्र मानवमार्फत् प्रस्तुत गरिएको छ र मानवले भन्छ, 'अवश्य सक्छन् अब यो सृष्टिमा बाँदरवृत्तिले युक्त मानवको अस्तित्वपूर्ण नाश भए जानेछ । जसको लागि मैले वर्षौं खर्चेर ज्ञन पदार्थ र विवेक पदार्थको रासायनिक प्रक्रियाद्वारा वृत्तिरसको आविष्कार गरेको छु...' (पृ.६७) । यसरी मानिसका विविध रूप, क्रियाकलाप र व्यवहारले कैयौ मानिसलाई विभिन्न अवस्थामा पुऱ्याइएको तितो सत्यलाई यस एकाङ्कीमार्फत् प्रकट गरिएको छ । यस्तो अवस्थाको अन्त्यका लागि सबै मानिसहरू निर्भीकता, नीडरताका साथ अगाडि बढ्नुपर्ने, आफ्नो औकात र क्षमतालाई बुझेर श्रमको जिन्दगी भन्दा यथार्थ जिन्दगी जिउन खोज्नुपर्ने विचार यस एकाङ्कीमा पुरुष, मानिसमृतिका र मृत्युन्या पात्रमार्फत् प्रस्तुत भएको छ ।

### ५.७.२ चरित्रचित्रण

जयगान एकाङ्कीमा प्रमुख पात्रको रूपमा मानव पात्र रहेको छ । जसले आदर्श मानवको भूमिका निर्वाह गरेको पाइन्छ भने अन्य पात्रहरूमा पुरुष, मातृका, मृत्युन्या, काली आइमाई, कालो मान्छे रहेका छन् । मानव र मानवेतर पात्रको रूपमा पात्रहरूको चरित्र प्रस्तुत गरिएको छ ।

**मानवको चरित्रचित्रण**

मानवले आफूलाई आदर्श, सज्जन, धैर्यशील पुरुष पात्रको रूपमा चिनाइएको पात्र हो । ऊ एकाङ्कीमा अहम् भूमिका निवार्ह गर्ने सफल पात्रको रूपमा प्रस्तुत भएको छ । एकाङ्कीको आदिदेखि अन्त्यसम्म विशेष भूमिका खेलेको प्रमुख पात्रको रूपमा रहेको मानवले आफूलाई एउटा धैर्यशील, शक्तिवान् ठान्दछ । ऊ परिवर्तनको वाहक ठान्ने पात्रको रूपमा प्रस्तुत भएको छ । मानिसहरूमा विभिन्न चेतनाको कमी आदिले गर्दा विभिन्न किसिमका समस्याहरू देखा परेका छन् । यो सबै समस्याको जड अचेतना वा मासिनहरूमा देखिएको घमण्डीपन हो । यसलाई नयाँ तरिकाले सुल्झाउनु पर्छ भन्ने विचार बोकेको चरित्र हो । उसले भन्छ, '...त्यसपछि जहिले अँध्यारो र उज्यालोको मेल भएर एउटा छुट्टै प्रकारको ज्योर्तिमय प्रकाश देखिने छ तहिले सबका सब भूतहरू मान्छे हुनेछन् । त्यसपछिको युग मान्छेको भएर मान्छे बाँच्ने युग हुनेछ' (पृ.६०) । मानव मानवमा अज्ञान, अचेतना, आपसी भेद आदिका कारण विभिन्न समस्या तथा भोकमरी, पीडा, चिन्ता, दुःख, भय आदिको सिर्जना भएको र यस्तो अवस्थालाई आफूले नयाँ तरिका अपनाएर अगाडि बढ्नुपर्छ भन्ने चरित्रको रूपमा प्रस्तुत भएको पात्र हो र अन्त्यमा मानिसको असल रूप र शान्त स्वभावलाई स्थायित्व दिएर मानिसहरूको बिजय गराउन सफल पात्रको रूपमा देखा परेको प्रमुख चरित्रको रूपमा देखा परेको छ ।

**पुरुषको चरित्रचित्रण**

मानव चरित्रको रूपमा प्रस्तुत पुरुष पात्रकै रूपमा देखा परेको पुरुष पात्र हो । पुरुष पात्रसहायक पात्रको रूपमा रहेको छ । मृतिका र मृत्युन्या नारी पात्रहरूको आगमनमा हराएर ती नारीहरूलाई सहयोग गर्न खोज्ने मानवको सहयोगी पात्रको रूपमा प्रस्तुत भएको छ । एकाङ्कीको आदि भागमा प्रस्तुत भंइ नारी पात्रहरूको अप्ठ्यारो अवस्थामा सहयोगी पात्रको रूपमा प्रस्तुत भएको पात्रको रूपमा देखा परेको छ । पुरुष पात्र मानव पात्रको सहयोगीका रूपमा देखा परेको पात्र भएकाले भूतहरूको हरेक क्रियाकलापलाई छल्दै मानिसलाई साथ दिएको छ । साथै दुई नारी पात्रलाई मानवले गर्नुपर्ने कर्तव्य पूरा गर्न खोज्ने पात्रको रूपमा देखा परेको छ । जसमा मानवीयता छैन । तिनीहरूलाई भूतको संज्ञा दिइएको र मानवीयता भएको चरित्रसँगै मिलेर मानवीयता देखाउन खोजेको पात्रको रूपमा देखा परेको छ । उसले नारी पात्रलाई जोगाउन हरदम प्रयासरत छ र भन्छ, 'तिमीहरू दुवैलाई मानवले डाक्नु भएको छ गुफा भित्र !' (पृ.६२) । यसरी असल र सहयोगी मानवीय

चरित्रको रूपमा प्रस्तुत भएको पुरुषको रूपमा देखा परेको छ । जसले असल र मानवीय सचेतना जगाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। ऊ सहयोगी पात्र हो ।

**मृतिकाको चरित्रचित्रण**

मनको खोजीमा भौतारिएकी नारी पात्रको रूपमा प्रस्तुत चरित्र हो मृतिका । जुन आजको भयभीत समाज, कोलाहल तथा युद्धरत अवस्थाको शिकार बनेकी नारी पात्रको रूपमा देखा परेकी छ । ऊ विभिन्न चुनौतीसँग सामना गर्दै जीवन जिउन बाध्य नारी चरित्रको रूपमा देखा परेकी छ । कहिले मानव प्रमुख चरित्रको नारीप्रतिको विपरीत लिङ्गीय आकर्षणको शिकारमा होमिन लागेकी पात्रको रूपमा देखा परेकी छ भने घरी भयभीत कहाली लाग्दो जीवन र मृत्युको दोसाँधमा रहेर नयाँ जीवन प्राप्त पात्रको रूपमा देखा परेकी छ । मनको खोजीमा भौतारिने क्रममा मानव पात्रले आफ्नो काखमा बस्न भन्दा 'पर पुरुषको काखमा बस्न हाम्रो धर्मले दिँदैन' (पृ.६९) भन्ने पात्र हो ।

**मृत्युन्या चरित्रचित्रण**

मृतिका सँगै विभिन्न समस्या र अवस्था पार गर्न सफल पात्रको रूपमा आएकी पात्र हो मृत्युन्या । आफूहरू मनको खोजीमा हिँडेको र देवतालाई नभई धर्ममा विश्वास गर्ने पात्रको रूपमा देखा परेका छन् । सङ्घर्षशील पात्रको रूपमा देखा परेकाछन् । आफूले धर्म या संस्कारलाई मान्ने र मानिसहरू त्यसमा पनि नारीहरूमा संस्कार रहेन भने त्यसको कुनै औचित्य रहँदैन भन्ने सेच राख्ने पात्रको रूपमा देखा परेकी छ । उसले भनेकी छ, देवता र धर्ममा धेरै फरक छ। देवता विश्वास मात्र हो तर धर्म संस्कार हो (पृ.५९) । यसरी ऊ एक बौद्धिक पात्र पनि हो । मानव जुन पात्रले मानव बस्तीमा मानव शोषण गरेको र त्यो शोषकलाई पश्चाताप गर्दै सेवाको भाव देखाउनु पर्ने कुरामा जोड दिन्छन् । असल र मानवीय गुनले नै मानव समाजमा परिवर्तन ल्याउनु पर्ने कुरालाई जोड दिने पात्रको रूपमा प्रस्तुत पात्र हो मृत्युन्या । मृत्युन्या पनि मृतिका जस्तै कालो मान्छे र काली आइमाईको शिकार बनी नयाँ रूप र नयाँ जीवन प्राप्त गर्न सफल नारी पात्रको रूपमा देखा परेकी छ। हाम्रो समाजमा नारीहरूले जुन किसिमको दुःख, व्यथा भोग्नु परेको छ त्यसको प्रतिनिधि नारी पात्रको रूपमा मृत्युन्या देखा परेकी पात्र हो । सुरुमा मानव पात्रको मनलाई नबुझेर दुःख पाएको पात्रको रूपमा रहेकी र पछि उसँग पश्चाताप पर्दै माफ मागेकी पात्र हो ।

**कालो मान्छेको चरित्र चित्रण**

यस संसारमा रहेका अचेत र भयले भरिएका पात्रहरूको प्रतिनिधि पात्रको रूपमा कालो मान्छे रहेको छ । जुन अन्धकारतर्फ मानिसलाई प्रेरित गर्ने पात्र हो । यदि मानिसहरू आफूहरूमा खराब नियत छ भने अरूलाई हेर्ने दृष्टि पनि खराब रहन्छ भन्ने एउटा प्रतिनिधि पात्रको रूपमा कालो मान्छे रहेको छ । जसले मृतिका र मृत्युन्या नारी पात्रलाई तड्पाई, तड्पाई दुःख दिएर आफ्नो बसमा पार्न सफल ठानेको छ । ऊ एक स्वार्थी र सहायक पात्र हो ।

**काली आइमाईको चरित्रचित्रण**

आफ्नो गुण र रूप जस्तै अरूलाई पनि बनाउन चाहने पात्रको रूपमा काली आइमाई देखा परेकी छ । ऊ युद्ध र आतंकको शिकारबाट मृत्युवरण गर्न पुगेकी एउटा आमा जो डर त्रास देखाएर आफू त्यो रूपबाट छुट्कारा लिई मानव लोकमा रहेको आफ्नो छोरालाई सम्भने पात्र हो । मानिसले विभिन्न चोट, वेदना, संकट र विवशता भोग्नुपर्छ तर त्यस्तो अवस्थामा हरेस नखाइकन अगाडि बढ्नुपर्छ भन्ने एक निडर प्रतिनिधि आमाको भूमिका खेलेकी पात्रको रूपमा देखा परेकी छ । दुःख र पीडामा परेका नारी पात्रलाई आफ्नो स्तनपान गराएरै छाडेकी एक आदर्श पात्र पनि हो ।

**५.७.३ संवाद**

यस जगयान एकाङ्कीमा मावन, पुरुष, मृतिका, मृत्युन्या, कालो मान्छे र काली आइमाई गरी छ पात्र रहेका छन् । यहाँको प्रमुख पात्रको रूपमा मावन पात्र रहेको छ । आजको मानिस जो हत्या, हिंसा, वितृष्णा आदि फैलाएर मावन बस्तीलाई अन्धारमय तुल्याएका छन् । तिनीहरूको यथर्थ रूपलाई प्रस्तुत गर्न मानव पात्रले प्रमुख भूमिका निवार्ह गरेको छ । यस एकाङ्कीमा आधुनिक मानिसहरूले भोग्नु परेका दुःख, पीडा र दर्दनाक अवस्थाको द्वन्द्वात्मक अवस्थालाई प्रस्तुत गरिएको छ । आजको मानिसमा मानवीयता, विचार र भावना शून्य रहेको बताइएको छ । एउटा मानिसले अर्को मानिसलाई गर्नुपर्ने मानवीय सम्बन्ध आदिको अवस्थालाई पनि प्रस्तुत गरिएको छ । आजका मानिसहरूमा संस्कार र संस्कृतिको अभाव रहेको देखिएको छ । नारीहरूको अस्तित्व र अस्मिता लुट्न खोजिएको अवस्थालाई व्यक्त गरिएको छ ।

### ५.७.४ भाषाशैली

प्रस्तुत जयगान एकाङ्कीमा साधारण बोलचालको गद्य भाषा प्रयोग गरिएको छ । एकाङ्कीमा तत्मस, तत्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । दीर्धकाल, मार्ग, धर्म, सोफा, मन चोर्नु, भ्रमको खेती, लाश उमार्नु जस्ता शब्द तथा उखान टुक्काको प्रयोग भएको छ । सामान्य पाठक दर्शकका लागि बुझ्न अलि कठिन तर बौद्धिक पाठकका लागि बोधगम्य छ । एकाङ्कीमा उच्च आदरार्थी र सामान्य आरद दुवैको प्रयोग भएको छ । वाक्यमा व्याकरणिक पदक्रमको प्रयोग गरिएको छ । कुनै अपूर्ण वाक्यको प्रयोग भएको पाइन्छ । एकाङ्कीमा प्रयोग गरिएको भाषाशैली पात्रको धरातल अनुरूपको छ ।

### ५.७.५ द्वन्द्व विधान

जयगान एकाङ्की द्वन्द्वका दृष्टिले सफल छ ।  आन्तरिक र बाह्य द्वन्द्व रहेको यस एकाङ्कीमा पुरुष, मानव, मृत्युन्या, र मृतिका सबै पात्रहरू भूतहरूको देशमा भनेर आफैँमा भयभीत हुनु आन्तरिक द्वन्द्व रहेको छ भने कालो मान्छे, काली आइमाईसँग दुई नारी पात्र मृतिका र मृत्युन्या बीचको द्वन्द्व हेको छ । साथै मानव र पुरुष बीचको द्वन्द्व बाह्य द्वन्द्वको रूपमा रहेको छ ।

### ५.७.६ वातावरण

यस संसार स्वार्थी रहेको छ । द्वन्द्व थिचोमिचो, लडाइँ, झगडा आदिका कारण अशान्ति फैलनु मानिसमा नराम्रो सम्बन्ध रहनु र नारीहरू बढी यसको शिकार हुनुपरेको अवस्थालाई देखाइएको छ । हत्या, हिंसाका कारण पारिवारिक अवस्थामा कठिन रहेको र अनाथ, बाबु आमा गुमाउनु पर्ने कतिको पति-पत्नी गुमाउनु पर्ने अवस्था सिर्जना भएको कुरालाई देखाइएको छ । असल मानिसले समाजलाई असल र खराब मानिसले खराब बनाउन खोज्ने स्थितिलाई व्यक्त गरिएको छ ।  यसरी समाजमा विभिन्न खालका मानिस रहेको र तिनीहरूले आफ्ना विभिन्न रूप देखाएर समाजा असहज परिस्थिति निम्त्याएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । जसले अरूको कुभलो चिताउँछ र नराम्रा गतिविधिहरू गर्दछन् त्यसको भलो नहुने अवस्थालाई प्रस्तुत गरिएको छ ।

### ५.७.७ रङ्गमञ्चीयता

अभिनेयताको दृष्टिकोणबाट पनि जयगान एकाङ्की सफल छ । पात्रका भनाइ एवम् विचारहरू रङ्गमञ्चमा अभिनेयात्मक रूपले प्रस्तुत गर्न प्रकाशको प्रयोगले गर्दा जटिल देखिदैन । अन्धकार बनाउनु, उज्यालो प्रकाश दिनु रातो र नीलो बत्ती बाल्नु आदिले विभिन्न अवस्थामा परिवर्तन गर्न सहज भएको छ । त्यस्तै गरी पात्रहरू गुफा भित्र छिर्नु, हिँडडुल गर्नु आदि कार्यलाई आङ्गिक अभिनय मान्न सकिन्छ । भयभित्र हुनु, आश्चर्य मान्नु, दुःख मान्नु आदि कार्य सात्विक अभियन गर्नुपर्ने हुन्छ ।

### ५.७.८ विचार पक्ष

आजको आधुनिक संसारमा सबै एकै खालका मानिसहरू नरहेको र विभिन्न होडबाजी घमण्ड आदिले गर्दा विभिन्न हत्या, हिंसा आदि अवस्था सिर्जना भएको यथार्थ चित्रण जयगान एकाङ्कीमा पाइन्छ । यस एकाङ्कीमा नितान्त आधुनिक संसारमा रहेका प्रतिस्पर्धी मानिसहरूको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । मानिसहरूको आपसी बेमेलका कारण समाजमा लडाइँ झगडा उत्पत्ति भई धेरै मानिसहरू लुला लङ्गडा मात्रै नभई मृत्युवरण गर्नुपर्ने अवस्थालाई जनाइएको छ । आजको समाजको यथार्थता यस जयगान एकाङ्कीमा चित्रण गरिएको छ । लडाइँ, झगडाका कारण कतिपय मानिसले ज्यान गुमाउनु परेको तितो यथार्थ हाम्रो सामुन्ने देखा परेको छ । नारीहरूको दुरावस्तालाई पनि यहाँ जस्ताको तस्तै उतारिएको पाइन्छ ।

एकाङ्कीमा मानिसको घमण्डले गर्दा लडाइँ, झगडा हुने, मानिसको मृत्यु हुने सामान्य जस्तै भइसकेको अवस्थालाई चित्रण गरिएको छ । आफ्ना परिवारका सदस्य गुमाउनु पर्दाको पीडालाई संकेत गरिएको छ । सबै मानिस आपसमा झै झगडा नगरी मिलेर बसे समाज विकासमा अग्रसर भए बल्ल मानवीयता देखिन्छ र एउटा मानिसले अर्को मानिसलाई गर्नुपर्ने कर्तव्य पूरा गरे समाजमा शान्ति सुरक्षाको अनुभूति हुन्छ भन्ने विचार यस एकाङ्कीमा प्रस्तुत भएको छ । मानिस पात्रमार्फत् आफ्नो मानवीय दायित्वलाई आत्मसात् गर्दै सही मार्गमा लागे अवश्य पनि एक पटक विजयको शिखरमा पुगिन्छ भन्ने कुरा व्यक्त गरिएको छ । यस एकाङ्कीमा देखिएका नारी पात्र मृतिका र मृत्युन्याले पनि आफ्नो संस्कारलाई नबिर्सिकन नारित्वलाई जोगाउन खोजेको पाइन्छ । यसरी आफ्नो अस्तित्व रक्षाका लागि धैर्य भएर आफै लागि पऱ्यो भने असम्भव भन्ने कुरा केही पनि छैन

भन्ने ज्वलन्त उदाहरण बनेका छन् मृतिका, मृत्युन्या, मानव र पुरुष पात्र । जसले गर्दा उनीहरूले मानिसको विजय भएको र जयगान गाउन पाएको अवस्थालाई व्यक्त गरेको पाइन्छ ।

### ५.७.९ उद्‌देश्य

आधुनिक समाजमा देखिएका लडाइँ, झगडा, बेमेल आदिको स्थितिलाई निर्मूल गर्दै नयाँ तरिकाले समाज निर्माण गरी सबै मानिसमा शान्ति, सुव्यवस्था कायम गर्नुपर्ने कुरालाई प्रमुख उद्‌देश्य बनाइएको छ । मानिसले मानिसलाई नै शोषण गरेको छ । यसरी शोषण गर्दा त्यसको प्रतिफल नराम्रो देखिएकाले शोषण नगरीकन मेलमिलाप गरेर बस्न सक्यो भने भलाई हुने कुरा व्यक्त गरिएको छ । यस जयगान एकाङ्कीको प्रमुख पात्र मावन पनि आफ्नो उद्‌देश्यपूर्तिका लागि तपस्य गरेर आफूले गर्नुपर्ने मानव कर्तव्यलाई पूरा गरी विजय प्राप्त गरेको प्रसङ्गलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । यस्तै गरी नारी चरित्र मृतिका र मृत्युन्याले पनि जुनसुकै परिस्थितिमा पनि आफ्नो अस्तित्व जोगाउन धेरै सङ्घर्ष गरेको प्रसंगलाई एकाङ्कीमा देखाउन खोजिएको छ । यसरी जस्तोसुकै परिस्थितिमा पनि सही बाटोमा लागेर सही काम गर्न सक्यो भने अवश्य पनि जीत हुन्छ भन्ने उद्‌देश्य राखेर अगाडि बढ्नु नै मानव जीवनको एउटा सफल बन्ने उदाहरण हो भन्ने यय एकाङ्कीको उद्‌देश्य रहेको छ । जसका कारण एकाङ्कीको शीर्षक जयगान मेल खाएको छ । मानिसमा देखिएको संकुचित सोच विचारका कारण द्‌वन्द्‌व, इर्ष्या, डाह, भ्रम पैदा भएको छ । जसका कारण मानिसमा बेमेलको अवस्था आएको छ । सोझा साझा मानिसका परिवारमा कोही टुहुरा कोही सन्तान गुमाएका आदि रहेका छन् यस्तो अवस्थाबाट छुटकारा पाउन वा गराउन सचेतना जगाउनु पर्ने भाव देखाइएको छ । यस एकाङ्कीको प्रमुख पात्र मानवले मानवीय सचेतना जगाएर डर, त्रास, द्‌वन्द्‌व आदिको अवस्थाबाट छुट्कारा गराई विजय प्राप्त गरेको कारण शीर्षक सार्थक रहेको छ ।

## ५.८ अणिमा एकाङ्कीको विश्लेषण

### ५.८.१. कथावस्तु

अणिमा एकाङ्की हाम्रो समाजमा नारीहरूको अवस्थाको बारेमा यथार्थ चित्रण गरिएको छ । आजको युगमा आएर पनि नारीहरूको स्वतन्त्रतालाई सीमित गराएर आफ्नो

इज्जत र घरानियाको फुर्ती लगाउने अभिभावकको जुन परम्परागत सोच रहेको छ त्यस्तो सोच विचारले आफ्ना तीव्र इच्छा र चाहनालाई दबाउनु पर्ने साथै अकालमै ज्यान गुमाउनु पर्ने नारीहरूको दुरावस्थालाई व्यक्त गरिएको छ । हाम्रो समाजमा पुरुषले जे गरे पनि हुने तर नारीलाई इज्जतको घेरामा बाँध्नु र बाँधिनु पर्ने बाध्यात्मक अवस्थाको यथार्थ चित्रण गरिएको छ । अरुण, अणिमा, पूर्णिमा, नारायण प्रसाद, गोमा, अजीत र विश्रान्ति सात जना पात्र रहेको यस एकाङ्कीमा अणिमा प्रमुख नारी प्रतिनिधि पात्रको रूपमा प्रस्तुत भएकी छ । जो हाम्रो सामाजिक संस्कार र इज्जतको घेरामा बाँधिनु पर्दा आफ्ना इच्छा र आवश्यकतालाई पूर्ण गराउन नसकी अकालमै ज्यान गुमाउनु पर्ने बाध्यात्मक स्थितिमा पुगेकी पात्रको रूपमा प्रस्तुत भएकी छे ।

आफ्नो सानै उमेरमा विवाह बन्धनमा बाँधिनु परेको पीडालाई मनन गर्दै आफ्नी बहिनी पूर्णिमाको प्रेम सम्बन्ध अरुणसँग रहेको र त्यो प्रेम सम्बन्धलाई मूर्त रूप दिनको लागि आफ्नो क्षमताले भ्याएसम्म बहिनीको पक्षमा उभिएकी छे । उसले आफ्नो जुन अवस्था भयो त्यस्तो अवस्था बहिनीको नआओस् भन्नका खातिर आफ्नो बाबा नारायण प्रसादलाई चुनौती दिँदै अरुणसँग वैवाहिक सम्बन्ध जोड्न मद्दत गरेकी हुन्छे । आफ्नो चौध वर्षकै उमेरमा अजीतसँग विवाह भएको र सासू गोमाको माया र ममता पाएकी अणिमा श्रीमान्को आशा र भरोसामा श्रीमान्लाई पढाइ खर्च जुटाएर एम्.ए. सम्मको पढाइमा सहयोग गरेकी तर पछि श्रीमान् अजीतले अर्को विवाह गरेपछि अणिमालाई बेवास्ता गरी विश्रान्तिसँग मात्रै रहने बताएपछि अणिमाले विष सेवन गरी आत्मदाह गर्न बाध्य भएको अवस्थालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । भौतिक सम्बध भन्दा पनि पारिवारिक सुख सुविधा प्रमुख मान्ने अणिमाले आफ्नै बाबुका कारण अल्पायुमै जीवन गुमाउनु परेको अवस्थालाई प्रस्तुत गरिएको छ ।

इज्जत र संस्कारको कुरा गर्ने नारायण प्रसाद अणिमाको मृत्युले अक्कनमक्क हुन्छ । अणिमाको जस्तो अवस्था भोग्नेहरू हाम्रो समाजमा कैयौं नारी रहेका छन् । इज्जत र संस्कारको कुरा गर्ने प्रसङ्गमा नारायण प्रसादले भन्छन् ‘तँ लाई यत्रो अधिकार कसले दियो ? यत्रो हिम्मत तेरो ? तेरो बाबु मऱ्यो ? कुल, वंश, संस्कार केही छैन तेरो ? भन् आफ्नो लागि आफै निर्णय गर्ने अधिकार कसले दियो ?’ (युद्धपिरामिड, पृ.७३) । आफ्नो बुबाको कुल, वंश, संस्कारको कुराले अणिमालाई पनि सह्य हुँदैन अनि अणिमाले भन्छे (प्रवेशार्थ)

मैले दिएँ बुबा । आफ्नो लागि आफ्नो मनले चाहेको केटा रोज्ने अधिकार यसलाई मैले दिएँ (युद्धपिरामिड, पृ.७३) ।

यसरी संस्कार र इज्जतका कुरा गरेर नारी भित्रका स्वतन्त्रता तथा इच्छा र चाहनालाई मार्न र मर्न दिनु हुँदैन भन्ने ज्वलन्त उदाहरणरू पाइन्छ । अर्कोतिर सानै उमेरमा विवाह बन्धनमा बाँधिनुले पनि सफल जीवन जीउन नसकिने स्थिति देखा परेको पाइन्छ । युवावर्गले पनि वा पुरुषले पनि आफूले विवाह गरि सकेपछि  हेला होचो गर्न नहुने त्यही माथि पनि आफ्नो सुनौलो भविष्यको सहयोगीका रूपमा प्रस्तुत हुनेलाई त्यस्तो व्यवहार गर्नु अमानवीय रहेको पाइन्छ । चाहे अभिभावक हुन् या श्रीमान् हुन् आफ्नी छोरी/श्रीमतीलाई सद्व्यवहार दिन सक्नुपर्छ भन्ने ज्ञान यस एकाङ्कीले दिन खोजेको छ ।

### ५.८.२ चरित्रचित्रण

अणिमा एकाङ्कीमा अणिमा प्रमुख चरित्रको रूपमा रहेकी छे भने अन्य पात्रहरूमा अरुण, पूर्णिमा, नारायण प्रसाद, अजीत, गोमा र विश्रान्ति रहेका छन् ।

**अणिमाको चरित्र चित्रण**

अणिमा यस एकाङ्कीकी प्रमुख स्त्री चरित्र हो । उसले हाम्रो समाजमा देखिएका, भए गरेका घटना नारी शोषण र थिचोमिचोको शिकार बन्नु परेको छ । आफू सानै उमेरमा विवाह बन्धनमा बाँधिनु बुबाको इज्जत धान्नु पर्ने बाध्यात्मक अवस्था आफ्ना इच्छा र आकाङ्क्षालाई दवाएर राख्नुपर्ने अवस्था भएकी नारी चरित्रको रूपमा देखा परेकी छे । अत्यन्त बुझकर कर्तव्यनिष्ठ एउटा श्रीमतीको भूमिका निवार्ह गरेकी नारी चरित्रको रूपमा देखा परेकी छे ।

आफ्नो इज्जत कर्तव्यनिष्ठ भएर हिँड्दा हिँड्दै पनि सामाजिक थिचोमिचो र संकुचित सोच विचारका कारण अकालमै ज्यान गुमाउनु पर्ने पात्रको रूपमा देखा परेकी छे । एक आदर्शवान् नारी चरित्रको रूपमा रहेकी छे । जसले आफ्नो जीवनमा भोग्नु परेका पीडालाई मनन गर्दै आफ्नी बहिनी पनि सामाजिक संकुचित भावनाको शिकार नबनून् भन्नाका खातिर आफ्नु इच्छाबमोजिम अभिभावकको सल्लाह विपरीत रहेर विवाह बन्धनमा बाँधिदिने कार्य गरेकी एक साहसी रूपमा देखा परेकी छे । तर त्यती चुनौतीपूर्ण जीवनको सामना गर्न सक्ने क्षमता हुँदा हुँदै पनि आफू आत्महत्या गर्नु उसको कमजोरी पन देखिन्छ ।

**अरुणको चरित्रचित्रण**

अणिमा एकाङ्कीको पुरुष पात्रको रूपमा प्रस्तुत भएको पात्र हो । नारी जातिलाई सम्मान दिँदै सत्य र यथार्थको धरातलमा रहेर अस्तित्व हुनुपर्छ भन्ने आदर्श विचार बोकेको पात्रको रूपमा रहेको छ । जसले पूर्णिमालाई प्रेमबन्धनमा पारेको थियो । उसले पूर्णिमासँग विवाह गर्न चाहन्थ्यो र पूर्णिमासँगै विवाह गर्‍यो । उसलाई पूर्णिमासँग विवाह गर्नु एउटा चुनौती थियो भने अर्को तिर दिदीको सहयोग मिलेको थियो ।

**पूर्णिमाको चरित्रचित्रण**

अणिमा एकाङ्कीमा एक नारी पात्रको रूपमा देखा परेकी पात्र पूर्णिमा हो । जसले समाजमा नारीलाई सीमित नियम भित्र बाँच्ने प्रयासलाई तोड्न सफल भएकी छ । संस्कार र इज्जतलाई भन्दा पनि आफ्नो तीव्र इच्छाशक्तिका साथै हक र अधिकारलाई प्रयोग गर्न खोजिएको पाइन्छ । उसले आफ्नी दिदीको आफ्नै बाबाले वंश इज्जत बचाउनुपर्छ भनेर जुन उमेरमा विवाह गरी श्रीमान्सँग अलग बस्नु पर्ने र अन्त्यमा जीवनलीला समाप्त गर्नुपर्ने बाध्यात्मक अवस्थालाई देखी त्यो कारणले गर्दा आफूले चाहेको पुरुषसँग विवाह बन्धनमा बाँधिन सफल भई । उसले आफ्नो बाबु समाजलाई चुनौती दिँदै आफ्नो इच्छाले आफूले चाहेको प्रेमीसँग विवाह बन्धनमा बाँधिन सफल भएकी पात्र हो ।

**नारायण प्रसादको चरित्रचित्रण**

परम्परागत सोच विचारले लिप्त भएको र आफ्नी छोरीको भविष्य भन्दा पनि आफ्नो इज्जतलाई बढी जोड दिन खोज्ने पात्रको रूपमा देखा पर्दछ । कुल, वंश, संस्कार कै कारणले अणिमा आफ्नी छोरीलाई गुमाउनु परेको पात्रको रूपमा देखा परेकोछ ।

**गोमाको चरित्रचित्रण**

सासु भइकन पनि एउटा असल सासुको चरित्र निर्वाह गर्न सफल भएको पाइन्छ । आफ्नो छोराले हेला गरेकी अणिमालाई छोरीको नाता लगाउँदै आफूसँगै रहन आग्रह गर्दछ भने अर्कोतर्फ एउटा स्वार्थ सिद्धिका लागि आफ्नै घरमा रहन आग्रह गर्दछे । आफ्नो छोराले विवाह गरेर ल्याएकी श्रीमती अणिमालाई हेला गर्दा पनि राम्रोसँग सम्झाएर मिलन गराउन नसक्ने कमजोर चरित्रको रूपमा प्रस्तुत पात्र हो ।

**अजीतको चरित्रचित्रण**

आफूले विवाह गरेर ल्याएको तर आफू उसैको सहयोगमा पढेलेखेपछि उसैलाई हेला गर्ने स्वार्थी चरित्रको रूपमा देखा परेको पात्र हो अजीत । आफूले विवाह गरी सकेपछि

आफ्नो जीवनमा साथ दिने जुन श्रीमतीलाई र मानवीय चरित्रलाई बिर्सने चरित्रको रूपमा रहेको खलपात्र हो ऊ ।

**विश्रान्तिको चरित्रचित्रण**

एक नारी पात्रको रूपमा देखा परेकी छे विश्रान्ति । जो आफूलाई पढेलेखेकी सम्झिने तर आफ्नो संस्कारलाई बिर्सने पात्रको रूपमा देखा परेकी छे । जसले नारीको मनलाई चिन्न सकेकी छैन । नत नारीको मर्मलाई बुझेकी पात्र हो, विश्रान्ति । आफू नारी भएर नारीलाई बुझ्नु पर्ने, त्यहीँ माथि पढे लेखेकी भनेर बताउने एउटा नारीले अर्को नारीलाई माया र ममता भावले हेर्नु पर्ने हो, तर अणिमालाई शत्रुका रूपमा हेर्ने पात्रको रूपमा देखिन्छे ।

## ५.८.३ संवाद

अणिमा एकाङ्कीमा एकाङ्कीको सुरुमा अरुण र अणिमाको संवादले अभिभावकत्व निर्वाह गरेको पाइन्छ । पूर्णिमा र अरुण बीचको संवादले प्रेमको भाव झल्किएको छ । अर्कोतिर प्रेमनारायणको वंश, इज्जतका आदर्शवान् कुराले अणिमाले विद्रोहको स्वर दिएकी छे । किनकि बहिनीलाई पनि आफ्नै जस्तो अवस्था नआओस् भन्ने सोचमा ऊ रहेकी छे । त्यस्तै गरेर एउटा नारीले गर्नुपर्ने कर्तव्यलाई पढेर पनि नपढेकाको भन्दा नीच स्वभाव विश्रान्तिको संवादात्मक प्रस्तुति रहेको छ ।

## ५.८.४ भाषाशैली

यस एकाङ्कीमा प्रयोग भएको भाषाशैली सरल र स्वभाविक छ । भाषिक सरलता र सामान्य बोलिचालिका भाषाले गर्दा एकाङ्की रोचक बन्न पुगेको छ । एकाङ्कीमा केही अधुरा वाक्यसमेत बोलिएका छन् । अधुरा वाक्यले अझ मार्मिक तुल्याएको छ । उच्च आदर, सामान्य आदर र न्यून आदरको प्रयोग भएको पाइन्छ ।

## ५.८.५ द्वन्द्व विधान

एकाङ्कीमा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्व पाइन्छ । अणिमाले चिन्तन गर्नु, नारायण प्रसाद अणिमाको मृत्युपश्चात् अकमक्क हुनु आन्तरिक द्वन्द्व हो भने

अणिमा र नारायण प्रसाद तथा विश्रान्ति र अणिम आदि बीचको द्वन्द्व बाह्य द्वन्द्व रहेको छ ।

### ५.८.६ वातावरण

आजको युगमा आएर पनि नारी जातिलाई सामाजिक संकुचित घेरा भित्र राखी पाउनु पर्ने हक र अधिकारबाट वञ्चित गराउन खोजिएको छ । विवाह गरेर गएकी अणिमालाई आफ्नो श्रीमान्ले अर्को श्रीमती ल्याएर बेवास्ता गर्दा पनि बाबुले उसको श्रीमान्बाट पाउने हक र अधिकारको बारेमा आवाज उठाउन नदिनु, पूर्णिमाले आफै प्रेम विवाह गर्दा अवरोध गर्न खोजेका वातावरण सिर्जना भएको छ । मान इज्जत र प्रतिष्ठाका नाममा विभिन्न मानसिक तनाव सिर्जना गरिएको वातावरणलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

### ५.८.७ रङ्गमञ्चीयता

रङ्गमञ्चीयताको दृष्टिले अणिमा एकाङ्की सफल एकाङ्की हो । अणिमा मेसिनमा कपडा सिइरहेको अरुणको प्रवेश, पूर्णिमाको आगमन, अणिमा श्रीमान्को घरमा जानु, गोमा (सासू) लाई ढोग्नु, विष पिएर मर्नु आङ्गिक अभिनय मान्न सकिन्छ भने पश्चातापमा पर्नु, भावुक हुनु, आवेगमा आउनु आदि कार्यमा सात्विक अभिनय गर्नु पर्ने हुन्छ ।

### ५.८.८ विचार पक्ष

अणिमा एकाङ्कीमा एकाङ्कीकारले हाम्रो नेपाली समाजमा घट्ने गरेका यथार्थ घटनाहरूलाई सरल र सहज रूपमा प्रस्तुत गरेका छन् । मानिस स्वयम्ले विभिन्न नियम विनियम बनाएर विभेदको वातावरण फैलाउने गरेको कुरालाई विशेष जोड दिइएको छ । मानिसले विशेष गरेर नेपाली नारीहरूको समाजमा हुने गरेको थिचो मिचो, दवाव साथै विभेदपूर्ण व्यवहारको यथार्थ चित्रण गरेका छन् । नेपाली समाजमा महिलालाई शिक्षा दिन नहुने कुरा व्यक्त गर्दछन् । छोरी अर्काको घर जाने जात भनेर उमेर नपुग्दै विवाह गराइदिने जस्ता व्यवहारले गर्दा तिनीहरूका जीवन कष्टकर हुने गरेको बताइएको छ । जीवनमा विभिन्न उतार चढावहरू देखा परेको पाइन्छ । श्रीमान्ले हेलाहोचो गरे पनि श्रीमान्को अवहेलना गर्न नहुने कुराले नारीहरू सधैं पछि परेको विचार प्रकट गरिएको छ । नारीहरू

आफ्नो खुट्टामा उभिन सक्ने खुबी हुँदा हुँदै पनि श्रीमान्को आड अदारमा रहनु पर्ने अवस्थालाई प्रस्तुत गरिएको छ अर्को तर्फ नारीले नारीलाई नै हेला गर्ने गरेको सत्यलाई प्रस्तुत गरिएको छ ।

यस एकाङ्कीमा अणिमा प्रमुख नारी पात्रको रूपमा रहेकी छे र उसको श्रीमान् अजीतले अर्की श्रीमती विश्रान्तिलाई विवाह गर्दछ । विश्रान्तिले आफू पढेलेखेको भए पनि नारी हक हितलाई बिर्सेर आफ्नो नितान्त व्यक्तिगत स्वार्थलाई हेरेको पाइन्छ । अणिमा एक नारी पात्र भए पनि आफ्नो जीवन भोगाइलाई एउटा दमित र हेलत्व भएको अनुभूति गर्दै आफ्नी बहिनी पूर्णिमा र अरुण बीचको प्रेमसम्बन्धलाई साथ दिन्छे । आफ्नो बुबाले पूर्णिमा र अरुण बीचको प्रेम सम्बन्धलाई अवरोध गर्न खोज्दा पनि उसले आफूलाई जस्तै अवस्था नआओस् भन्ने सोचेर आफ्नो लागि केटा आफैले रोज्न पाउनु पर्ने कुरा जनाउँदै भन्छे, ( प्रवेशार्थ) मैले दिएँ बुबा । आफ्नो लागि आफ्नो मनले चाहेको केटा रोज्ने अधिकार यसलाई मैले दिएँ (युद्धपिरामिड, पृ.७३) । आफ्नै बुबाले अणिमालाई कुनै कुराको कमी नभएको विचार व्यक्त गर्दा उसले आफूले जीवनमा धेरै कुरा गुमाएको विचार व्यक्त गर्दछे । आफ्ने बुबाको कुल, धरान, इज्जत, परम्परामा बाँच्नु परेकाले आफूलाई अपूर्ण मान्छे बनाएको भाव व्यक्त गरेकी छे । आफू सक्षम भएर मात्र आफ्नो लागि फाइदा हुने कुरा बताउँदै आफू सानै औचित्य नरहेको कुरा बताउँछे । यसरी नारी प्रतिनिधि पात्रको रूपमा महत्त्वपूर्ण भूमिका खेलेकी अणिमाले नारीहरूमा चेतनाको दियो बाल्नु पर्ने बेला आएको र आफ्नो बाबुको इज्जत धान्न आफ्नो जीवन बर्वाद भए पनि चुप लागेर बस्नु पर्ने अवस्थालाई सरल र सहज तरिकाले प्रस्तुत गरिएको पाइन्छ ।

### ५.८.९. उद्देश्य

यस एकाङ्कीको प्रमुख उद्देश्य भनेको हाम्रो समाजमा देखिएको लिङ्ग भेद हो । जब हामीले लिङ्ग भेदलाई हटाउन सकिदैन तबसम्म देशमा कुनै पनि विकास र परिवर्तन ल्याउन सकिँदैन । केवल सिद्धान्तमा मात्र परिवर्तन नल्याई व्यवहारमा पनि परिवर्तन ल्याउनको लागि सबै क्षेत्रबाट लागि पर्नु छ । तबमात्र लिङ्ग भेदको अन्त्य गरिनु पर्ने कुरालाई प्रमुख उद्देश्य बनाइएको छ । पुरुषले जुन किसिमको विभेद गर्दछन् त्यो भन्दा बढी विभेद महिलाले महिलालाई गरेको पाइन्छ । त्यसैले यस एकाङ्कीको मूख्य उद्देश्य भनेको लिङ्ग भेदको अन्त्य गर्ने वा हटाउनु पर्छ भन्ने रहेको छ ।

### ५.९ आज शहर हाँसेको छ एकाङ्कीको विश्लेषण

#### ५.९.१ कथावस्तु

मानिस-मानिस बीचमा पनि आर्थिक अभाव तथा विविध कारणले गर्दा परिवारको मायाबाट बञ्चित बालबालिका नेपालमा प्रशस्त रहेका छन् । बाबुआमाको लापरवाहीले गर्दा कैयौ बालबालिका सडक पेटीमा जीवन बिताउन बाध्य रहेको अवस्थालाई यस एकाङ्कीमा देखाउन खोजिएको छ । यस एकाङ्कीमा आर्थिक अभाव, चेतनाको अभाव, सामाजिक विकृति र विसंगति आदिका कारण बालबालिकामा विभिन्न किसिमका समस्या देखा परेको पाइन्छ । आमा बाबुको बेमेलका कारण पनि बालबालिका अभिभावकबाट टाढा रहन बाध्य भएको अवस्थालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

विभिन्न खालका समस्याले बालबालिक घर तथा परिवारबाट टाढिएर सडकका पेटीमा जीवन बिताइरहेको पाइन्छ । मानिसहरूको बाध्यात्मक परिस्थिति मात्रै नभइकन नियतवश पनि बच्चाहरूले दुःख पाउने गरेको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । मानिसको आर्थिक अभावका कारण पनि निम्नस्तरिय महिला र मध्यग वर्गीय पुरुष बीचको शारीरिक सम्बन्धका कारण पैदा भएको तितो यथार्थ यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । यस्ता विविध समस्याले गर्दा ती बालबालिकाहरू आफ्नो पेट भर्न जस्तो सुकै श्रम गर्न पनि तयार रहेको र श्रम गर्ने अवसर नपाए कतैबाट चोरेर झिकेर भए पनि आफ्नो गुजारा चलाउने गरेको अवस्थालाई प्रस्तुत गरिएको छ । मानिसहरू जो निम्न वर्गका छन् जो अभावै अभावमा बाँचेको र छ त्यस्तो मानिसलाई दबाउने, थिचोमिचो गर्ने गरेको दृश्यलाई पनि एकाङ्कीमा प्रस्तुत गरिएको छ । विशेष गरेर मानिस मानिस बीचको जुन सम्बन्ध छ त्यस्तो सम्बन्धलाई बेमेल नभइ मेलको अवस्थामा परिणत गराउनुपर्ने कुरालाई जोड दिइएको छ । हाम्रो समाजमा विभिन्न किसिमका मानिस रहेका र तिनीहरूले विभिन्न किसिमका क्रियाकलाप प्रस्तुत गरेको पाइन्छ । यस्तो खालको परिस्थिति सिर्जना हुन नदिनको लागि हामी सबै मिलेर यस्तो क्रियाकलापको अन्त्य गरिनुपर्ने कुरालाई विशेष जोड दिइएको छ ।

#### ५.९.२ चरित्र चित्रण

आज शहर हाँसेको छ एकाङ्कीमा अनामिका, अनुज, अमित, आशा, अञ्जु आलाराम, साहु, केटा, आइमाई, केटी, पुरुष, दोस्रो पुरुष बाह्रवटा पात्रहरू रहेका छन् । यस

एकाङ्कीको पात्रका रूपमा अनुजले विशेष भूमिका रहेको छ। अनुज यस एकाङ्कीको प्रमुख पात्रको रूपमा रहेको छ । उसले एकाङ्कीको सुरुदेखि अन्त्यसम्म विशेष भूमिका खेलेको पाइन्छ । अभाव र पीडामा पिल्सिएर सडकमा आउन बाध्य एउटा पात्रको रूपमा प्रस्तुत भएको पात्र हो। एउटा पुरुष र सहयोगी पात्रको रूपमा प्रस्तुत भएको छ।

यस्तै अर्की पात्र अनामिका पारिवारिक बेमेल तथा विभिन्न समस्याले सडकमा आउन बाध्य  नारी चरित्रको प्रतिनिधि पात्रको रूपमा देखा परेकी छ। बाबुले अर्को श्रीमती ल्याएपछि आमाको न्यानो कोखबाट बञ्चित भएपछि सडकमा आउन बाध्य भएको अवस्थाकी पात्र हो अनामिका । एकाङ्कीकी अर्की पात्र आशा पनि आफ्नो कमजोर पारिवारिक अवस्थाका कारण समस्यामा परेकी पात्र हो। जसको श्रीमान् आलाराम रक्सीले मात्तिने र राम्रो व्यवहार नगरेको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ। यसैगरी अर्की पात्र अन्जु एक नानी जो बाबु आमाको बेमेलका कारण सडक छाप हुन बाध्य पात्रको रूपमा देखा परेकी छ।

यसैगरी, अलाराम एउटा लापरवाही जिन्दगी जिउने पात्रको रूपमा रहेको छ । जसले रक्सीकै कारण आफ्नै परिवारलाई पनि राम्रो व्यवहार गर्न नसकेको प्रतिनिधि पात्रको रूपमा देखा परेको छ। यस्तै एकाङ्कीको अर्का पात्र साहू जो बालश्रम र अधिकारको कुरा गर्दै बालश्रम शोषण गर्ने एक प्रतिनिधि पात्रको रूपमा देखा परेको छ। यस्तै एकाङ्कीमा केटा र अन्य सहायक पात्र पनि रहेका छन्। साहूद्वारा श्रम शोषण गरिएको पीडित पात्रको रूपमा केटा रहेको छ। यस्तै आइमाई केटी, दोस्रो पुरुष, सबै पात्रहरू विभिन्न अभावमा बाचेका पात्र हुन्।

### ५.९.३ संवाद

यस एकाङ्कीमा एक हरफदेखि तेह्र हरफसम्मका बाक्य रहेका छन । एकाङ्कीमा गद्यमय संवादको प्रयोग गरिएको छ । समाजमा देखिएका विकृति र विसंगतिलाई चिर्दै यथार्थ घटना क्रमलाई प्रस्तुत गर्न खोजिएको छ। मानवीयता नभएको आजको मानिसको दयनीय बाध्यतालाई प्रस्तुत गरिएको छ।

### ५.९.४ भाषाशैली

प्रस्तुत एकाङ्कीमा प्रयोग गरिएको भाषा सरल र सहज रहेको छ । अनादर, सामान्य शब्दको पनि कहीँ कतै प्रयोग गरिएको छ । समाजमा प्रयोग हुने झर्रो नेपाली शब्दको प्रयोग पनि एकाङ्कीमा पाइन्छ ।

### ५.९.५ द्वन्द्व विधान

एकाङ्कीका प्रमुख पात्र अनुज, अनामिकाको आन्तरिक द्वन्द्व प्रवल रहेको छ । मानिसहरूको थिचोमिचोमा पर्नु, विभिन्न आरोप प्रत्यारोप आदिमा आन्तरिक द्वन्द्व रहेको छ भने अनामिका जोगाउनु भन्दै आउनु जस्ता बाह्य द्वन्द्व रहेको छ । यसरी द्वन्द्व योजनका दृष्टिले एकाङ्की सफल देखिन्छ ।

### ५.९.६ वातावरण

आज शहर हाँसेको छ एकाङ्कीमा सामाजिक विकृति र विसंगतिलाई लिएर विभिन्न किसिमका समस्याले गर्दा बालबालिकाको सुनौलो भविष्य खोजिएको छ । समाजमा देखिएका विभिन्न विकृति र विसंगतिलाई जस्ताको तस्तै प्रयोग गरिएको छ ।

### ५.९.७ रङ्गमञ्चीयता

एकाङ्कीको कथावस्तुलाई रङ्गमञ्चमा प्रस्तुत गर्न कठिन मिहिनेतको आवश्यकता पर्दछ । पात्रका विचार, तर्क आदिलाई बोलेर नै प्रस्तुत गर्नुपर्ने भएकाले वाचिक अभिनयकै प्राधान्य देखिन्छ ।

### ५.९.८ विचार पक्ष

यस एकाङ्कीमा सामाजिक विकृति र विसङ्गतिलाई प्रस्तुत गर्न खोजिएको छ । मानिसले मानिसलाई हेप्ने र दुर्व्यवहार गर्ने प्रवृत्तिलाई व्यक्त गर्न खोजिएको छ । मानिसहरूमा चेतनाको कमी भएको पाइन्छ । जसले गर्दा विभिन्न समस्या आइ परेको देखिन्छ ।

### ५.९.९ उद्देश्य

यस एकाङ्कीको मुख्य उद्देश्य भनेको समाजमा रहेका विकृति र विसङ्गतिलाई चिर्दै विभिन्न अभावलाई परिपूर्ति गर्नु रहेको छ । आर्थिक तथा चेतनाको कमीले गर्दा बालबालिकहरूको जीवन तथा भविष्य बर्बाद हुने कुरा देखाउनु प्रमुख उद्देश्य रहेको छ ।

## ५.१० लालमायाको लालरङ्ग एकाङ्कीको विश्लेषण

### ५.१०.१ कथावस्तु

लालमायाको लालरङ्ग एकाङ्कीमा प्राकृतिक सौन्दर्य र नारीको यौवनावस्थालाई तुलना गरिएको छ । यस एकाङ्कीमा प्रकृतिमा जव वसन्त ऋतुको आगमन हुन्छ तब सौन्दर्य बढ्दै जान्छ । जब प्रकृतिमा यौवनावस्था या वयस्क अवस्थाको सुरुवात हुन्छ । यो समय अत्यन्तै सुन्दर र मनमोहक हुन्छ । वसन्त ऋतुको समाप्तीसँगै प्रकृतिमा सौन्दर्यता भन्ने चीज हराउँछ । हो त्यस्तै गरी नारीहरूमा पनि जब जवानी चढ्दै जान्छ तब उसमा सुन्दरताले पूर्ण देखिन्छ । तारुण्य अवस्थामा प्रवेश गरेपछि मन तुलबुल हुने, प्रकृतिको सुन्दरताले सजिएका चिज भन्दा आफ्नो जवानीमा आएको परिवर्तन के कम छ र भनेर तुलना गरेर हेर्दा अहम् बढ्ने गरेको भावलाई देखाइएको छ । एकाङ्कीकी मुख्य पात्र नारी पात्रले भनेकी छ, 'ढुङ्गा पनि आशा गर्छ मबाट, माटो बग्न खोज्छ, पानी जम्न खोज्छ । हो, परमेश्वर-कृपा सुन्दरतामा हुन्छ रे, सुन्दर हुनु देव-वरदान हो रे । म वरत्व प्राप्त सुन्दरी । म विश्वलाई सुन्दरताले ढाक्न सक्छु । म अन्नपूर्णजस्तै छु, पुरै अन्नपूर्णजस्ती' (पृ.१०३) ।

जब उमेर ढल्किँदै जान्छ तब बुढ्यौली हुँदै जान्छ र सुन्दरतामा कालो धव्वा पर्न जान्छ । त्यस्तै गरेर छालामा चाउरीपन बढ्दै जान्छ । शारीरिक रूपमा कुरूपता देखिन थाल्छ । कल्कलाउँदा दन्तहरूमा चमक हराउँदै जान्छ । आँखाको आकर्षण घट्दै जान्छ । यसरी यौवनावस्थाको समाप्तिसँगै शारीरिक रूपमा पनि आकर्षण घट्दै जान्छ । वास्तवमा यस संसारमा जे जति प्राकृतिक स्रोत, साधन तथा प्रकृतिका सिर्जना छन् सबै एक न एक पटक अन्त्य हुन्छ नै भनिएको छ । प्रस्तुत एकाङ्कीकी पात्रले फ्रेमयुक्त फोटो भित्तामा झुण्डयाउँदै भन्छे, 'हो, म सुन्दर छु । शतप्रतिशत सुन्दर छु । तर... तर... उसले भन्यो, सबै हिमालहरू अग्ला हुँदैनन् । हो, हुन सक्दैनन्, मेरो अगाडि हुन सक्दैनन् । सायद उसको अर्थ यही हुन सक्छ । अग्लो हुनु हिमालको विशेषता हो । प्रत्येक वस्तुको सत् विशेषता उसको सुन्दरता हो' (पृ१०४) । यस एकाङ्कीले एकातिर सौन्दर्यता भन्ने कुरा क्षणिक रहन्छ भन्ने

भाव प्रकट गरेको पाइन्छ भने अर्कोतिर कुनै पनि चिज वा वस्तु सिर्जना सँगै विनाश पनि हुन्छ भन्ने भाव प्रकट भएको छ । जन्मसँगै मृत्यु पनि आएको हुन्छ भनेझैँ सिर्जनासँगै विनाश पनि आएको हुन्छ । त्यस्तै गरी सौन्दर्य भन्ने कुरा पनि क्षणिक रहन्छ । चाहे त्यो कृत्रिम या प्राकृतिक नै किन नहोस् ।

### ५.१०.२ चरित्र चित्रण

प्रस्तुत एकाङ्कीमा लालमाया एक मात्र पात्रको चरित्र चित्रण रहेको छ । उनले आफ्नो सौन्दर्यको वयान आफैले गरेकी छन् । कसैले आफ्नो गुनगान गाइदिए हुने थियो भन्ने आशावादी पात्रको रूपमा देखिएकी छन् । एकाङ्कीमा एक जना मात्र पात्र रहेकाले अर्न्तमनको संवादात्मक अभिव्यक्ति पाइन्छ । प्रकृतिसँग पात्र स्वयम्ले आफ्नो तुलनात्मक सौन्दर्यको कुरा व्यक्त गरेको पाइन्छ । उसलाई भित्तामा झुण्डयाएको फ्रेमयुक्त तस्विरले पनि पात्रको चरित्र निर्माणमा सहयोग गरेको छ । त्यो भित्तामा रहेको फ्रेमयुक्त तस्विरमा रहेको व्यक्तिले कुनै समय भनेका कुरा सम्झेर आफूमा रहेको सुन्दरता जस्तो अरू केही छैन भन्ने लागेको आत्मश्लागालाई कम गराएको छ । र अन्तमा ऊ आफै रुँदै आफ्नो कुरूपतालाई सुन्दरता माने तापनि सुन्दर हुन नसक्ने स्विकार्ने परिवर्तनशील पात्रको रूपमा देखाइएको छ ।

### ५.१०.३ संवाद

यस एकाङ्कीमा एउटा मात्र पात्र रहेकाले यस एकाङ्कीमा दुई पात्र बिचको संवाद नरही एउटै पात्रले भनेका भावनालाई व्यक्त गरिएको छ। एउटा मात्र पात्र भएको कारणले पात्रको मनको आन्तरिक संवादलाई प्रस्तुत गरिएको छ।

### ५.१०.४ भाषाशैली

लालमायाको लालरङ्ग एकाङ्कीको भाषाशैली सर्वसाधारण पाठकले सहजै बुझ्न सक्ने सरल, सहज र सरस रहेको छ । समाजमा प्रयोग हुने झर्रा र आगन्तुक नेपाली शब्दको प्रयोग पनि एकाङ्कीमा पाइन्छ । परम्परागत सोचविचारलाई पाखा लगाउँदै आधुनिकीकरणलाई जोड दिइएको पाइन्छ । कृत्रिमतालाई अलग्याएर प्राकृतिक स्वरूपलाई

जीवन्त तुल्याउन खोजिएको छ । सङ्कुचित भावनालाई त्यागेर उदार नीति अपनाउनु पर्ने कुरालाई जोड दिइएको छ ।

### ५.१०.५ द्वन्द्व विधान

द्वन्द्वका दृष्टिले लालमायाको लालरङ्ग एकाङ्की सफल भएको छ । यहाँ लालमायाको लालरङ्ग र उसको जवानी बीचको द्वन्द्वलाई देखाइएको छ । सुरुवाती चरणमा आफूलाई निकै उत्कृष्ट सम्झेकी लालमायाले समयको कालखण्डमा सबै पक्षलाई केलाउँदै गएर आदर्श पात्रका रूपमा प्रस्तुत गरेकाले एकाङ्कीमा वैचारिक र काल्पनिक द्वन्द्व रहेको छ ।

### ५.१०.६ वातावरण

प्रस्तुत एकाङ्कीमा प्रकृति र जवानीका बीच रहेका समानता र भिन्नतालाई प्रस्तुत गरिएको छ । कतिपय व्यक्ति सुरुवाती चरणमा आफ्नो सौन्दर्य, जवानी र यौवनावस्थाको प्रभावले संसारमा आफू जस्तो अर्को कोही नरहेको र हुन नसक्ने आत्मश्लागा पालेर बसेको देखाइएको छ । समयको कालखण्डमा सबै कुरा बुझ्दै र व्यवहारले परिपक्क हुँदै गएपछि लालमायाले उसले भनेको सम्झेकी छ । उसलाई कसैले भनेको थियो, सुन्दर आँखामा चिप्रा लाग्छ । सुलुत्त परेको नाकबाट सिँगान बग्छ । लालीयुक्त मानेका ओठबाट र्‍याल चुहिन्छ । चाँदीमय दन्तलहर फोहर भएर गन्हाएको हुन्छ । झरनाजस्तो केश राशीमा जुम्रा र लिखा परेका हुन्छन् । बाहिर राम्रो भए तापनि भित्र फोहरैफोहर भरिएको हुन्छ भनेपछि उसले आफ्नो सोचलाई परिवर्तन गरेकी छ । जवानीले निम्त्याएका परिवेश र आफ्नो विचारले निम्तिएका विभिन्न विकृति र विसंगतिलाई जस्ताको तस्तै प्रयोग गरिएको छ ।

### ५.१०.७ रङ्गमञ्चीयता

प्रस्तुत एकाङ्कीमा एउटा मात्रै रहेकोले अभिनय गर्न कठिन स्थिति देखिदैन । मञ्चमा टेलिफोन, तस्विरहरूको प्रयोगले गर्दा रङ्गमञ्चमा प्रस्तुत गर्न सहज रहेको छ । एकाङ्की लालमायाको विचार र तर्ककै शेरोफेरोमा घुमेकाले पनि वाचिक अभिनय कै प्राधान्यता देखिन्छ । आङ्गिक अभिनय कम मात्रामा देखाइए तापनि फोनको घण्टी बज्नु,

लालमायाको हाउभाउ, उसमा देखिएको व्यग्रता, उग्रता र तनावले गर्दा रुने आदि अभिनय देखिन्छ ।

### ५.१०.८ विचार पक्ष

यस एकाङ्कीमा जवानीले निम्त्याएका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्न खोजिएको छ । मानिसहरूमा चेतनाको कमी भएका कारण विभिन्न समस्या आइ परेको देखाइएको छ । एकाङ्कीकी एक मात्र पात्र लालमायाको अन्तरमनको द्वन्द्वात्मक अभिव्यक्ति रहेको छ । प्रकृतिका सौन्दर्यसँग आफ्नो सौन्दर्यको तुलना गरिएको छ । समयको कालखण्डमा आफूलाई कुरूप सम्झने पात्रको रूपमा लालमाया रहेको पाइन्छ । आफ्नो नारी सौन्दर्य प्रकृतिसँग तुलना गर्दै नारी पात्रलाई आदर्श पात्रका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ५.१०.९ उद्देश्य

नारीहरूमा नारीहरूको सौन्दर्य र चमक त्यतिवेलासम्म मात्र रहन्छ जव नारीमा कौमार्य र यौवन रहन्छ । यौवनको अन्त्यसँगै तिनिहरूमा रहेको सौन्दर्य विस्तारै कुरूपतामा परिणत हुँदै जान्छ । त्यसैले आफूसँग भएको सौन्दर्यताको गुणगान आफूले गाउने होइन अरूद्वारा गाइएमा राम्रो हुन्छ । अरूले तपाई भनोस् नभनोस् आफैँमा मपाइँत्व हुनुहुँदैन भन्ने भाव एकाङ्कीमा पाइन्छ । यस एकाङ्कीमा दुई पात्र बीचको संवाद नभए पनि लालमायाको मनोवैज्ञानिक द्वन्द्व पाइन्छ । यसमा विशेष गरेर लालमायाको लाल रङ्ग र नारीहरूको बौद्धिक क्षमता भन्दा आफ्नो स्वरूप वा रूपमा नारी बढी घमण्ड गर्ने र समय ढल्केसँगै आफ्नो सौन्दर्यमा परिवर्तन आउँदा हेलत्व हुनुपर्ने अवस्थालाई मुख्य उद्देश्यको रूपमा देखाइएको छ । यस्तो खालको घमण्ड नगरी यथार्थ जीवन जिउन नारीलाई सुझाव दिनु नै यस एकाङ्कीको मुख्य उद्देश्य रहेको छ ।

## ५.११ निष्कर्ष

२०५० सालपछि समसामयिक नाट्यधारामा देखा परेका प्रभावशाली पोखरेली नाटककार हुन्, कृष्ण उदासी । उदासी नाटक निर्देशक पनि हुन् । उनले राष्ट्रिय नाटक महोत्सवमा आफ्ना नाटक निर्देशन समेत गरेका छन् । समकालीन जीवनबोधका यथार्थ,

विसङ्गति, समस्या र प्रयोगात्मक चेत उदासीको नाटकमा पाइने विशेषता हो (यात्री, गरिमा :२०६८) । उदासीको एकाङ्की लेखन शैलीलाई हेर्दा प्रारम्भिक चरणमा उनका एकाङ्कीमा सामाजिक यथार्थतालाई केलाउनुका साथै तत्कालीन समयमा घट्ने वा घटेका सामाजिक यथार्थताको चित्रण पाइन्छ । युग सापेक्ष कलम चलाएका उदासीका एकाङ्कीहरू अग्निकुण्ड र अन्तिम संहारमा भन्दा भिन्दै संरचना युद्ध पिरामिडमा पाइन्छ ।

उनको युद्ध पिरामिडमा सामाजिक, आर्थिक अवस्थाका साथै अत्यन्त नयाँ मोड र शैलीको प्रयोग भएको छ । वैज्ञानिकतालाई बढी जोड दिइएको छ । भौतिक, रासायनिक, जीव विज्ञान, मनोविज्ञान तथा प्रकृति विज्ञानको प्रयोग युद्ध पिरामडिमा पाइन्छ । उदासीका प्रायः एकाङ्कीमा सामाजिक विकृति, विसङ्गति, तथा समाजमा भए गरेका विभिन्न किसिमका घटनाहरूलाई समेटेको पाइन्छ । उदासीले अग्निकुण्ड र अन्तिम संहार एकाङ्कीमा सामाजिक विकृति र विसङ्गति मात्रै प्रस्तुत गरेका छन् । तर युद्ध पिरामिड एकाङ्कीमा समाजमा देखिएका विभिन्न सामाजिक विकृति, विसङ्तिका साथसाथै जातीय, वर्गीय तथा विज्ञान प्रविधिले निम्त्याएको असहज परिस्थितिलाई उल्लेख गरेको पाइन्छ । अमूर्त पात्रको प्रयोग र काल्पनिकतालाई यथार्थमा ढाल्न खोजिएका प्रसङ्ग प्रशस्त पाइन्छ । समग्रमा हेर्दा यस युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा आधुनिक मानिसमा देखिएको दम्भ, अहङ्कार, अमानवीय व्यवहारका साथसाथै विज्ञानले निम्त्याएको असहज परिस्थितिलाई प्रस्तुत गरिएको छ ।

परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ सारांश

साहित्यकार कृष्ण उदासीले समाजमा भए गरेका घटनाक्रमलाई त्रासदीपूर्ण रूपमा नाट्यचेतनमार्फत् प्रस्तुत गरेको पाइन्छ । उनमा समाजमा भए गरेका विकृति र विसङ्गतिलाई आकर्षक ढङ्गले प्रस्तुत गर्न सक्ने कला प्रचुर मात्रमा रहेको छ र त्यसैले उनलाई सफल एकाङ्कीकार मान्न सकिन्छ । उनले प्रस्तुत युद्ध पिरामिड एकाङ्कीका माध्यमबाट समाजमा परिवर्तन ल्याउनु पर्छ भन्ने भावनाको विकास गराएका छन् । आम सचेत नागरिकले समुन्नत समाजको निर्माण गर्नुपर्छ भन्ने भावना पाल्नुपर्छ भनेर मानव हुनुको मानवीयताको पाठ आम पाठकलाई सिकाएका छन् । पछिल्लो समय आधुनिकताको नाममा आफ्नो अस्तित्व नै लोप हुने गरी अपनाइएका संस्कार र संस्कृतिले हामीलाई समृद्ध नभइकन हामी र हाम्रा संस्कार संस्कृतिलाई ध्वस्त पारिरहेको छ भन्ने भाव उनले व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन् ।

प्रस्तुत **युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन** विषयक शोध पत्रलाई पूरा गर्नका लागि पाँच परिच्छेद र विभिन्न उप-शीर्षकमा विभाजन गरी पूर्ण गरिएको छ । शोधको पहिलो परिच्छेदमा विषय परिचय, शोध शीर्षक, शोध प्रयोजन, समस्या कथन, उद्देश्य, पूर्वकार्यको विवरण, शोध कार्यको औचित्य, प्राक्कल्पना, शोधकार्यको सीमाङ्कन,. सामग्री सङ्कलन विधि तथा सैद्धान्तिक ढाँचा र शोधको रूपरेखा विभिन्न उप-शीर्षक राखेर पहिलो परिच्छेद पूर्ण गरिएको छ । शोधको दोस्रो परिच्छेदमा एकाङ्कीकार कृष्ण उदासीको जीवनी र एकाङ्कीकारितालाई चर्चा गरिएको छ । यस परिच्छेदलाई कृष्ण उदासीको परिचय, कृष्ण उदासीको एकाङ्कीकारिताको विश्लेषणसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

शोधको तेस्रो परिच्छेदमा युद्ध पिरामिड एकाङ्कीको कथावस्तुको सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ । जुन परिच्छेदलाई युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको परिचय प्रस्तुत गर्दै युद्ध पिरामिड एकाङ्की सङ्ग्रह भित्रका एकाङ्कीको अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

शोधको चौथो परिच्छेदमा प्रस्तुत युद्ध पिरामिड एकाङ्की सङ्ग्रहको गहन विश्लेषण गरिएको छ । यस परिच्छेदमा कृति भित्रका दश वटै एकाङ्कीलाई एकाङ्कीका आधारभूत तत्त्वलाई मध्यनजर राख्दै विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा प्रत्येक एकाङ्कीको कथावस्तु, चरित्र चित्रण, संवाद, भाषाशैली, द्वन्द्वविधान, वातावरण, रङ्गमञ्चीयता, विचार पक्ष र उद्देश्य जस्ता उप-शीर्षकमा अध्ययन गरिएको छ ।

शोधको अन्तिम परिच्छेदमा उपसंहार तथा निष्कर्षलाई सारांशसहित निष्कर्ष प्रस्तुत गरेर शोधकार्यलाई पूर्ण गरिएको छ । यसरी उदासीका प्रस्तुत एकाङ्कीका कथावस्तु, चरित्र चित्रण, संवाद, भाषाशैली, द्वन्द्वविधान, वातावरण, रङ्गमञ्चीयता, विचार पक्ष र उद्देश्य सबैलाई निगालेर हेर्दा उनी एक सफल एकाङ्कीकार हुन भन्न सकिन्छ । पात्र विधानका हिसाबले कृष्ण उदासीका एकाङ्कीमा मानवेतर, मानव, नारी र पुरुष सबै पात्रलाई समावेश गरिएको पाइन्छ । जहाँ दुवै पात्रले आ–आफ्नो अहम्तालाई त्यागेर खोक्रो आदर्श भन्दा पनि तत्कालीन समयको वास्तविकता र यथार्थतालाई आत्मसात् गर्नका लागि आह्वान गरेका छन् । चाहे पात्र विधान होस् चाहे संवाद, भाषाशैली र रङ्गमञ्चीयता सबै पक्षलाई अध्ययन गर्दा उनका एकाङ्की उत्तिकै बेजोड रहेका छन् ।

### ६.२ निष्कर्ष

एकाङ्कीकार कृष्ण उदासीले प्रस्तुत युद्ध पिरामिड नामक एकाङ्की सङ्ग्रहका माध्यमबाट वर्तमान जनमानसका विभिन्न क्रियाकलापलाई उतारेका छन् । उदासीले एकाङ्कीमा समाजमा देखिएका हुने खाने र हुँदा खाने बीचको विभेद मात्रै देखाएका छैनन् । त्यसले निम्त्याएको बेमेल, अराजकता, अत्याचार जस्ता कुरूप संस्कार र संस्कृतिका कारण हाम्रो समाजमा पर्दै गएको नकारात्मक प्रभावलाई उनले सूक्ष्म ढङ्गले प्रस्तुत गरेका छन् ।

एकातर्फ समाजमा देखिएको विभेद, वर्तमान समयको प्रभावले पारेको प्रभावलाई प्रस्तुत गरेका छन् भने अर्कोतर्फ आम व्यक्तिहरू समयानूकल आफूलाई परिवर्तन गर्न नसक्दा दुःख पाउनु परेका वास्तविकतालाई पनि उनले सहज र यथार्थ रूपमा उतारेका छन् । यस युद्ध पिरामिड एकाङ्की सङ्ग्रहमा विश्वमा नै व्याप्त युद्धद्वारा सताइएका मानव जातिहरूको दयनीय अवस्थाका साथै वर्तमान विज्ञान र प्रविधिले मानव स्वयम्लाई नै पारेको नकरात्मक असरलाई विषय वस्तु बनाएर सरल, सहज र सरस भाषाशैलीमा प्रस्तुत गरिएको छ । यस्तै व्यङ्ग्यात्मक शैलीको प्रयोग पनि उनका एकाङ्कीमा प्रचुर मात्रमा

पाइन्छ । प्रस्तुत युद्ध पिरामिड एकाङ्कीमा वर्तमान युगमा बाँचेका मानिसहरूको यथार्थ जीवन कहानी र विज्ञानले गरेका विभिन्न चमत्कारीलाई समेटिएको छ ।

उनको प्रस्तुत एकाङ्की सङ्ग्रह भित्रका प्रत्येक एकाङ्कीको कथावस्तु जति बेजोड छन् त्यसमा रहेका पात्रको चरित्र चित्रणले पनि न्याय गरेका कारण उनका एकाङ्कीले सबै पाठकको मन जित्न सफल भएका छन् । यस्तै कृतिमा प्रयोग गरिएको एकात्मक मनोवादलगायत दोहोरो संवादले झन रोचक बनाएको देखिन्छ । यस्तै कृतिमा प्रयोग भएको सरल भाषाशैली, आगन्तुक, तत्सम्, तत्भव, झर्रा शब्दको प्रयोगले पनि एकाङ्कीको यात्रालाई अगाडि बढाउनका लागि सहजता प्रदान गरेको पाइन्छ । यस्तै एकाङ्की भित्रको द्वन्द्वविधानले आम पाठकलाई अबको समय कसरी बित्ने हो । अबको कथानक कता कसरी गएर समापन हुने हो भन्ने खालको कुतूहलता पैदा गर्न सफल भएको देखिन्छ भने यहाँ प्रस्तुत गरिएको वातावरण र रङ्गमञ्च पनि उत्तिकै बेजोड देखिन्छ । यसरी यान्त्रिकताले गर्दा मानिसमा देखिएको द्वेष, इर्ष्या, घमण्ड, अहम्ता, द्वन्द्व आदिलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरिएका उनका एकाङ्की मञ्चनीय दृष्टिकोणलाई आत्मसात् गरेर लेखिएकाले सहजताका साथ मञ्चन गर्न सकिने प्रस्तुत सङ्ग्रह नितान्त आधुनिक र समय सापेक्ष रहेको छ ।

## ६.३ सम्भावित शोधका शीर्षक

कृष्ण उदासी सिर्जनशील स्रष्टा हुन् । उनको युद्ध पिरामिड कृतिको अध्ययन गर्दा उनको एकाङ्की यात्रा सफल छ । केही एकाङ्कीमा आत्मश्लागा र आडम्बर मात्र देखिएकाले प्रयाप्त कलात्मकता छैन । सोही कारण उनको एकाङ्कीकारिता बारे थप अध्ययनका लागि निम्न शीर्षकमा अध्ययन गर्न सकिने देखिन्छ ।

कृष्ण उदासीका एकाङ्कीको अध्ययन,

कृष्ण उदासीको युद्ध पिरामिड एकाङ्कीको स्वर र शिल्प पक्षको अध्ययन,

कृष्ण उदासीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन ।

## सन्दर्भ सूची

अधिकारी, रामलाल (सन् १९७७), **नेपाली एकाङ्की यात्रा,** नेपाली साहित्य सञ्चायिका

उपाध्याय, केशव प्रसाद (सम्पा.,२०४८), **नेपाली एकाङ्की भाग १**, काठमाडौं : साझा प्रकाशन ।

.................. (२०४९), नेपाली एकाङ्की भाग २, काठमाडौं : साझा प्रकाशन ।

.................. (२०४५) नेपाली एकाङ्की भाग ३, काठमाडौं : साझा प्रकाशन ।

उदासी, कृष्ण (२०६२), **युद्ध पिरामिड एकाङ्की सङ्ग्रह**, बाग्लुङ : धवलागिरि साहित्य प्रतिष्ठान ।

थापा, मोहन हिमांशु (२०४७), **साहित्य परिचय** ते.सं., काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पोखरेल, भानुभक्त (२०४०), **साहित्य र सिद्धान्त,** विराटनगर : श्याम पुस्तक भण्डार

पोखरेल, रामचन्द्र (२०६२), **नेपाली नाट्य सिद्धान्त र समीक्षा**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (सम्पा., २०५२), **साझा एकाङ्की** (छैटौं सं.), काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, गोविन्द राज (२०४०), **आधुनिक पाश्चात्य साहित्यका मोडहरू**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

यात्री, कृष्ण शाह (२०६८ फागुन), **आधुनिक नेपाली नाटक र नाटककार**, गरिमा, (वर्ष ३० अङ्क ३ पूर्णाङ्क ३५१) पृ. ६६ ।

शर्मा, मोहनराज र अन्य (२०५२), **शोध विधि**, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६२), *युद्ध पिरामिडलाई नियाल्दा,* बाग्लुङ : धवलागिरि साहित्य प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र अन्य (२०४६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौं : साझा प्रकाशन ।

सिवाकोटी, गोपाल र अन्य (२०४०) **अनुसन्धान परिचय,** काठमाडौं : पाठ्यसामग्री पसल ।

सुवेदी, अर्जुन (२०६६), **अन्तिम संहार एकाङ्की सङ्ग्रहको अध्ययन**, पोखरा : त्रि. वि. स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, नेपाली विभाग, पृथ्वी नारायण क्याम्पस ।